# ठुलीभेरी नगरपालिकाको आवधिक नगर शिक्षा योजना
## (२०८१–२०९०)





ठुलीभेरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा, जुफाल डोल्पा

प्रकाशन मिति : २०८१

संरक्षक

श्री श्वबर्ण कुमार बुढा, नगर प्रमुख
श्री छिरिङ टोल्मा महत, नगर उपप्रमुख
श्री सन्तोष बहादुर खड्का, प्रमुख प्रशासकीय अधिकृत

योजना निर्माण कार्यदल
संयोजक : श्री भिम बहादुर रोकाया, सामाजिक विकास समिति संयोजक
सदस्यः श्री शेर बहादुर खत्री , बिषय बिज्ञ
सदस्य : श्री शेर बहादुर रावल, शुभकामना आवि रह
सदस्यः श्री सत्यनारायण सिंह, सरस्वती मावि दुनै
सदस्य : श्री टिकादत्त न्यौपाने, एलइयू संयोजक, प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम
सदस्य : श्री योगेन्द्र बुढा, एसइएसपी संयोजक, समाज जागरण केन्द्र सुर्खेत
सदस्य : श्री कमल बुढा, शिक्षा युवा तथा खेलकुद शाखा
सदस्य सचिव : श्री डिल प्रसाद रोकाया , शिक्षा अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखा

लेखन उप-समिति
समुह (१) संयोजक श्री हरिहर खनाल, सरस्वती मा.वि दुनै ।
समुह (२) संयोजक श्री टेक बहादुर डाँगी , गौरी आ.वी डाँगीबाडा ।
समुह (३) संयोजक श्री तारा कुमारी बुढा, शहिद शुक्रराज आ.वि लाहारा ।
समुह (४) संयोजक श्री हंशकला भाट , प्रा स शिक्षा , युवा तथा खेलकुद शाखा ।
समुह (५) संयोजक श्री जयकृष्ण हमाल, विज्ञ शिक्षक।
समुह (६) संयोजक श्री बिष्णुलाल बुढा, प्रधानाध्यापक, श्री ध्रुवतारा आवि दुनै डोल्पा ।

प्राविधिक सहयोग
यूनिसेफ नेपाल
समाज जागरण केन्द्र (स्याक) नेपाल, वीरेन्द्रनगर सुर्खेत
यूएसएआइडी प्रारम्भिक कक्षा सिकाइ, कार्यक्रम/किर्डाक नेपाल



दुई शब्द

शिक्षा क्षेत्रको विकासले नै समग्र विकासको मार्ग दर्शन गर्ने भएकाले यस नगरपालिकाले शिक्षा क्षेत्रको विकासलाई नगरपालिकाको पहिलो पञ्चवर्षिय आवधिक योजना २०८१।८२-२०८५।८६ मा प्राथमिकता क्रममा शिक्षा पहिलो प्राथिमकतामा रहेको छ ।शिक्षित नागरिकले नै नगरपालिकाको विकास र समृद्धिको बटोलाई सही दिशामा लैजाने भएकाले पनि शिक्षालाई पहिलो प्राथमिकतामा राखिएको छ ।नेपालको संविधान २०७२, ले माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा संविधानतः प्राप्त अधिकारको प्रयोग गरेर नगरबासीलाई गुणस्तरीय शिक्षाको प्रबन्ध गर्नु स्थानीय सरकारको मुख्य दायित्व हुन्छ ।शिक्षालाई समयसापेक्ष, बैज्ञानिक, प्रतिष्पर्धि, व्यवसायिक, सीपमुलक र रोजगारमूलक बनाउदै लैजानु पनि नितात्त आबश्यक छ।संघियता पश्चात स्थानीय तहले शिक्षा क्षेत्रको विकासका लागि प्रयासहरु गरेता पनि विवध कारणहरुले शिक्षामा अझै पनि लक्षित उपलब्धिहरु हाँसिल गर्न नसकिएको अवस्थामा स्पष्ट योजना सहित शैक्षिक कार्यक्रमहरु कार्यान्वियन गर्नु पर्ने आबश्यकता छ । यसै सन्दर्भमा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपालले अन्तराष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धता दिगो विकासको लक्ष्य, नेपालको संविधान, सोहौं योजना, कर्णाली प्रदेशको पञ्चबर्षिय योजनाको आधारपत्र, १० बर्षे विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८, राष्ट्रिय शिक्षा नीति,२०७६, आदिलाई मार्गदर्शकको रुपमा लिई यस नगरपालिकाको आवश्यकता र अवस्थाका आधारमा रहेर नगरपालिकाले शैक्षिक कार्यक्रमहरु सही दिशामा लैजानका लागि १० बर्षे आवधिक नगर शिक्षा योजना निर्माण गरेको छ ।

संविधालने प्रदान गरेको आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्कः तथा माध्यमिक तहको शिक्षा निशुल्कः हुने हकलाई सुनिश्चित गर्न विद्यालय उमेर समूहका सवै बालबालिकाहरुलाई शिक्षामा समतामुलक पहुँच पुऱ्याउन, सक्षमता र सेवाप्रवाहको अवस्थालाई प्रभावकारी बनाई सबै अवसरहरु प्रत्याभूति दिनका लागि तथा सम्पूर्ण बालबालिका, युवा तथा जेष्ठ नागरिकहरु.को समेत मौलिक अधिकारको संरक्षण गर्दै उनीहरुलाई सहज सुलभ, सरल तथा आवश्यकता अनुसार शिक्षा प्रदान गर्नका लागि यो शिक्षा योजना तयार गरिएको छ। विद्यालय तहका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त, निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षा, शिक्षाका अन्तरसम्वन्धित मुद्दाहरुसँगै नगरपालिकाको समग्र शैक्षिक क्षेत्रको सुशासन र व्यवस्थापनको क्षेत्रलाई महत्पुर्ण क्षेत्रका रुपमा समावेश गरेर तयार पारिएको यस शिक्षा योजनाले समतामूलक पँहुच सहितको प्रविधियुक्त, जिवनपयोगी र गुणस्तरीय व्यावहारिक शिक्षा : शिक्षा क्षेत्रको समृद्धि ठुलीभेरी नगरपालिकाको अपेक्षा" भन्ने सपना पुरा गर्न मद्धत गर्नेमा दुईमत छैन ।

नगरपालिकाको शैक्षिक क्षेत्रलाई सहि दिशातर्फ बढाउन शिक्षा योजना निर्माणमा महत्वपूर्ण योगदान पुर्याउने जनप्रतिनिधिज्यूहरु, कर्मचारीहरु, सामाजिक विकास समितिका संयोजकत्वमा गठित योजना निर्माण कार्यदलका सबै सदस्यहरु, शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारीहरु र लेखन उपसमितिका सबै सदस्यज्यूहरुमा विशेष आभार प्रकट गर्न चाहन्छु । यो आवधिक नगर शिक्षा योजना निर्माणमा प्राविधिक सहयोग गर्ने यूनिसेफ नेपाल, समाज जागरण केन्द्र (स्याक) नेपाल, किर्डार्क नेपाल र विभिन्न सरोकारवालाहरुलाई पनि आभार प्रकट गर्दछु । अन्तमा यो आवधिक शिक्षा योजनाले देखेको सपना पुरा गर्नका लागि सम्पूर्ण सरोकारवालाहरु संग समन्वय र सहकार्य गर्दै प्रभावकारी कार्यान्वयनमा लाग्न सबैमा हार्दिक अनुरोध गर्दछु ।धन्यवाद ।

श्री श्वर्ण कुमार बुढा
नगर प्रमुख

## क) भूमिका

नेपालको संविधान, २०७२ ले तीन तहको राज्य संरचना सहित समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भएर प्रत्येक नागरीकलाई आधारभूत शिक्षाको पहुँचको हकको सुनिश्चितता गरी प्रत्येक नागरीकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ । यसै गरी विंधानले नै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरीकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरीकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरीकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यबस्था गरेको छ ।

प्रारम्भिक बालविकास शिक्षा, औपचारिक शिक्षा आधारभूत तथा माध्यामिक तहको शिक्षाको जिम्मेबारी र अधिकार समेतलाई ध्यानमा राखेर स्थानीय तहमा समेत शिक्षालाई कसरी व्यावहारिक, जीवनोपयोगी, वैज्ञानिक तथा रोजगार उन्मुख गुणस्तरीय तथा समयानकुल एवम् स्थानीय तहको कला, संस्कृति, परम्परागत ज्ञान, सीप, स्थानीय प्रविधि लागायतलाई एकिकृत गरी पालिकाको शैक्षिक क्षेत्रको सुधार गर्न र समृद्ध पालिका निर्माणको अभियानमा लाग्न व्यवहारिक ज्ञान सहितको दक्ष जनशक्ति उत्पादनमा जोड दिनका लागि पालिकाले पनि शिक्षा योजना निर्माणा गरी कार्यान्वयन गर्नुपर्ने आबश्यकता रहेको छ। सघिय सरकारले १० बर्षे शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन गरेको अवस्थामा उक्त शिक्षा क्षेत्र योजनालाई प्रदेश तहमा तथा स्थानीय तहमा स्थानीयकरण गरी स्थानीय तहले पनि संघिय शिक्षा क्षेत्र योजना अनुरुपको शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्न आबश्यक छ । यसै सन्दर्भमा ठुलीभेरी नगरपालिका डोल्पाले पनि नगरपालिकाको आवधिक नगर शिक्षा योजना निर्माण गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को परिच्छेद ३ ले स्थानीय तहलाई शिक्षाका २३ वटा अधिकार क्षेत्रहरु दिएको र उक्त अधिकार क्षेत्रहरुको प्रभावकारी कार्यान्वयनले नै शिक्षाका लक्ष्य तथा उदेश्यहरु पुरा हुने तथा उक्त अधिकार क्षेत्र भित्र स्थानिय तहले शिक्षाको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने उल्लेख भए अनुसार स्थानीय अवस्था, श्रोत र आबश्यकताका आधारमा शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्ने जमर्को गरिएको छ । गाउँपालिकाको शैक्षिक सुधारको लागि नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, १० बर्षे शिक्षा क्षेत्र योजना लगायतको मार्गदर्शनका आधारमा संघिय सरकार तथा प्रदेश सरकारले समेत परिकल्पना गरेको शिक्षाका लक्ष्य उदेश्य प्राप्तिमा मद्धत गर्न र पालिकाको शैक्षिक सुधारका लागि मार्गदर्शनको रुपमा सहायता लिन शिक्षा योजना निर्माणको आबश्यकता देखिएको हो । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी कार्यान्वयन गर्न कानून निर्माणको कार्य थालनी गरेको र सोही बमोजिम निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

संघीय स्वरुपको व्यबस्थामा सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट राज्यले परिलक्षित गरेका उदेश्यहरु प्राप्त गर्न सकिने भएकाले सबै तह संविधानले तोकेको अधिकार बमोजिमको जिम्मेबारी

निर्वाह गर्नुपर्ने देखिन्छ । राष्ट्रिय दीर्घकालिन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६–२०८५), १५ बर्षे दिगो विकास लक्ष्य, पन्ध्रौ आवधिक योजना, विद्यालय शिक्षा क्षेत्र योजना (२०७८–२०८७) लगायत शिक्षा क्षेत्रका विभिन्न योजनाहरुका लक्ष्य, उद्देश्य तथा गन्तव्यलाई मध्यनजर गर्दै संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई उपलब्ध भएका अधिकार क्षेत्र भित्र रहेर राष्ट्रिय ध्यय, लक्ष्य, उदेश्य, प्रतिवद्धतालाई आधार मानेर स्थानीय आबश्यक्ता र परिवेश अनुसार शिक्षा क्षेत्रको विकास गर्नु आबश्यक रहेको छ । नेपालको दिर्घकालिन ध्यय अनुसार समृद्ध नेपाल सुखी नेपालीकोको अभिप्राय, सन २०३० सम्मको दीगो विकास लक्ष्य, नगरपालिकाको बार्षिक शिक्षा नीति तथा कार्यक्रमहरु, नगरपालिकाको आवधिक योजना लगायतको आधारमा ठुलीभेरी नगरपालिकाले शिक्षा योजना निमार्ण गरेको छ ।

ठुलीभेरी नगरपालिकाले तयार पारेको शिक्षा योजनालाई प्रभावकारी ढङ्गबाट सबै सरोकारवालाहरुको सहभागीता, सल्लाह सुझाव संकलन तथा भुमिका निर्वाह गर्ने गराउने उदेश्य अनुरुप शिक्षा योजना निर्माणलाई चरणबद्ध रुपमा विभिन्न तह र प्रक्रियाहरु अबलम्बन गरी निर्माण गरिएको छ । यो शिक्षा योजना निर्माणका लागि निम्न प्रक्रियाहरु अबलम्बन गरिएको थियो ।

चरण १. शिक्षा योजना निर्माणको आबश्यक्ता र महत्वको लागि कार्यपालिकामा छलफल अख्तियारी प्राप्त ।

चरण २. शिक्षा योजना निर्माणका शिक्षा, युवा तथा खेलकुद शाखालाई अनुमति र कार्यदिश प्रदान तथा शिक्षा समितिबाट योजना निर्माण कार्यदल गठन र अभिमुखीकरण ।

चरण ३. शिक्षा, यूवा तथा खेलकुद शाखाबाट विभिन्न सरोकारवाला संगको समन्वय, अभिमुखीकरण तथा कार्यान्वयन योजना निर्माणका लागि सुचना तथा सुझाव संकलन ।

चरण ४. प्रारम्भिक खाका निर्माण र छलफल ।

चरण ५. प्रारम्भिक खाकामा सुझाव संकलन र खाकामा सुझावहरु सम्बोधन ।

चरण ६. अन्तिम खाका तयारी र शिक्षा समितिमा छलफल र अन्तिमिकरण ।

चरण ७ अन्तिम खाकामा बाह्य बिज्ञबाट लेखाजोखा तथा थप सल्लाह सुझाव प्रदान ।

चरण ८. शिक्षा योजना प्रमाणिकरण र कार्यान्वयन ।

# परिच्छेद १ : परिचय

## १.१ वर्तमान अवस्था

क) हाल नेपालको संघीय संरचना बमोजिम यस डोल्पा जिल्लामा जम्मा ८ वटा स्थानीय तहमा विभाजित भएको छ । जसमध्ये २ वटा नगरपालिका तथा ६ वटा गाउँपालिका रहेका छन् । जिल्लाका २ वटा नगरपालिका मध्येको एक ठुलीभेरी नगरपालिका हो ।सदरमुकाम सहित साबिकका ४ गा वि स दुनै, रह, जुफाल र माझफाल मिलेर ठुलिभेरी नगरपालीका ११ वटा वडामा विभाजित छ । ठुलीभेरी नगरपालिकाको जम्मा जनसंख्या ९१८६ छ भने क्षेत्रफल ४२१.३४ बर्ग कि मि रहेको छ ।जिल्लाको मध्य भागमा पर्ने ठुलिभेरी नगरपालिकाको उत्तरमा शे फोक्सुण्डो गाउपालिका, दक्षिणमा रुकुम जिल्लाको सिमाना, पूर्वमा काइके गाउपालिका र पश्चिममा त्रिपुरासुन्दरी नगरपालिका पर्दछ । नगरपालिका हुदै ठुलिभेरी नदि बग्ने हुँदा नगरपालिकाको नाम ठुलिभेरी रहन गएको हो । क्षेत्री, ब्राम्हण, ठकुरी, दलित, जनजाति तथा अन्य जातिको बसोबास रहेको ठुलीभेरी नगरपालिकामा आफ्नै किसिमको संस्कृति रहेको छ । सास्कृतिक , धार्मिक , र भौगोलिक विविधता संगै चाडपर्व अनि जात्राहरु पनि आ आफ्नै तरिकाले मनाउने गरीन्छ । मुख्यत यहाका ९० प्रतिशत मानिस कृषि पेशामा निर्भर छन् र विभिन्न जडिबुटीको सम्भावना बोकेको यस नगरपालिकाका अझै ७५ प्रतिशत मानिस गरीबीको रेखामुनी रहेका छन् । स्थानिय तहमा स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी, ,जनचेतना र भौतिक पुर्वाधार विकासमा विभिन्न क्षेत्रमा जिल्ला समन्वय समिति र नगरपालिकाको सहकार्यमा सरकारि गैरसरकारि संस्थाहरुले काम गरीरहेका छन्। छुवाछुत, छाउपडि, धामिझाक्रि र अन्ध विस्वास जस्ता सामाजिक कुरिति कम गर्न विभिन्न अभ्यास भए पनि अझै विधमान छन् । विभिन्न पर्यटकिय स्थल सँगै ऐतिहासिक, साँस्कृतिक र धार्मिक क्षेत्रहरु रहेको पाइन्छ । नेपालको मानचित्रमा ठुलीभेरी नगरपालिकाको फैलावट २८.५६ डिग्रि देखि २८.९९९ डिग्रि उत्तरी अक्षांश र ८२.५४ डिग्रि देखि ८२.९० डिग्रि पूर्वी देशान्तरसम्म रहेको छ । समुद्री सतह बाट १९०० मी. को उचाइ देखि ५००० मी. को उचाइ सम्म यस नगरपालिकाको सतह रहेको छ । यस नगरपालिकाको केन्द्र वडा नं. ७ स्थित साविकको जुफाल गा.वि.स. मा रहेको छ ।

संघीय संरचनाको मर्म अनुरूप यस नगरपालिकामा साविकका ४ वटा गा.वि.स.हरू मिलाएर एउटा स्थानीय तह बनाउने निर्णय पश्चात यसको वडागत सिमाङ्कनका विषयमा सरकारले तोकेको मापदण्ड अनुसार नै वडा विभाजन तथा त्यसको सिमा निर्धारण गरीयो । त्यसपछि ठुलीभेरी नगरपालिकाका वुद्विजिवी, राजनीतिक दल, शिक्षक, समाजसेवी, जेष्ठ नागरीक र यस क्षेत्रका स्थानीयवासीहरूको भेलामा पेश भएका राय सल्लाह र सुझावका अधारमा साविकको दुनै गा.वि.स. कै चर्चित ठाउँ दुनै बजारको बिच भाग बाट बगि रहने हुदाँ यस नगरपालिकाको नाम ठुलीभेरी नगरपालिका भनि नामाकरण गरिएको हो । कृषि, पर्यटन र पशुपालनको उच्च सम्भावना रहेको यस नगरपालिकाको वडा नं ३ स्थित दुनै डोल्पा जिल्ला सदरमुकाम रहेको बजारलाई मुख्य व्यापारिक केन्द्र मानिन्छ । जातिय रूपमा मिश्रित बसोबास रहेको यस नगरपालिकामा विशेष गरी क्षेत्री जातिको बाहुल्यता रहेको पाईन्छ । मुख्य गरी वन जंगल वनपैदावार र कृषि उत्पादनलाई मुख्य अम्दानीको स्रोत मानिने यस नगरपालिकाका मानिसहरू कृषिका अतिरिक्त सरकारी सेवामा तथा केही मानिसहरू ज्याला मजदुरीमा काम गर्नका निमित्त भारत लगाएतका विभिन्न मुलुकहरूमा जाने गरेको पाइन्छ । समृद्ध नगर सुखी

नगरवासी ठुलीभेरी नगरपालिकाको आधार भन्ने मुल नारा बोकेको यस नगरपालिकाले सरकारी निकायका विभिन्न बिषयगत कार्यालयहरू तथा गैरसरकारी संघ संस्थाहरू संग समन्वय र सहकार्य गर्दै कार्यक्रम संचालन गर्ने र अघि बढने नीति लिएको छ ।

**भौगोलिक अवस्थिति**

डोल्पा जिल्लाको मध्य भागमा अवस्थित ठूलिभेरी नगरपालिका भौगोलिक दृष्टिले यस्को धेरैजसो भु भाग पहाडि क्षेत्रमा पर्ने भएकोले भिरालोपन बढि रहेको छ । अधिकांश भाग चट्टान युत्त कंकड खैरो माटो, जंगल, खोला नालाले छोपेको छ । समुन्द्र सतहको १९०० मिटर देखि ५००० मिटरसम्म उचाइमा अवस्थित यस नगरपालिका उत्तर बाट दक्षिण तर्फ फैलिएर रहेको छ । यस नगरपालिकाको कम उचाइको भु भाग खेतियोग्य जमिन र प्रचुर मात्रामा स्याउ, ओखर, आरु, नास्पति, दारिम आदि फलफुलको लागि उपयुत्त छ र सल्लो, धुपि, द्यार, डाले घाँस, बयस, आदि जंगलले ढाकेको छ भने बढि उचाइको भु भाग घाँसे मैदान र यार्सागुम्बा लगायत विभिन्न जडिबुटिको लागि उपयुक्त छ । ठूलिभेरी नगरपालिकाको फैलावट २८.५६डिग्रि देखि २८.९९ डिग्रि उत्तरी अक्षांश र ८२.५४ डिग्रि देखि ८२.९० डिग्रि पूर्वी देशान्तरसम्म रहेको छ । नगरपालिकाकेव पूरवमा काइके गा.पा, पश्चिममा त्रिपुरासुन्दरी नगरपालिका, उत्तरमा शेफोक्सुण्डो गा पा र त्रिपुरसुन्दरी नगरपालिका तथा दक्षिणमा पूर्वी रुकुम रहेको छ ।

क्षेत्रफलका हिसावले नगरपालिकाको वडागत क्षेत्रफल निम्नानुसार रहेको छः

| नगरपालिकामा कायम भएका वडाहरु | साविकका गा.वि.स | साविकका वडाहरु | क्षेत्रफल ( बर्ग कि. मि. |
|---|---|---|---|
| १ | दुनै | ६,७ | २४.२३ |
| २ | दुनै | ८,९ | ९२.४४ |
| ३ | दुनै | १,४,५ | २७.२४ |
| ४ | दुनै | २,३ | ३२.४७ |
| ५ | माझफाल | १ देखि ५ | १६.६८ |
| ६ | माइफाल | ६ देखि ९ | १०४.१ |
| ७ | जुफाल | १ देखि ३ | ८.७१ |
| ८ | जुफाल | ४ देखि ६ | १६.७९ |
| ९ | जुफाल | ७ देखि ९ | ६.३५ |
| १० | रह | १ देखि ४ | ३३.१९ |

| | | | |
|---|---|---|---|
| ११ | रह | ५ देखि ९ | ५९.१९ |

श्रोतः ठुलीभेरी नगरपालिका नगर प्रोफाइल

**ख) जनसाङ्ख्यि संरचना**

यो नगरपालिको जनसंख्या निम्नासनुसार रहेको छ ।

| वडा | घरपरिवारको संख्या | जनसंख्या | | | औसत परिवारको आकार | लिङ्ग अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | ९० | ३७८ | १९४ | १८४ | ४.२० | ०.९४८ |
| २ | १०९ | ४८३ | २४० | २४३ | ४.४३ | १.०१३ |
| ३ | ५२३ | १७५६ | ८९१ | ८६५ | ३.३६ | ०.९७१ |
| ४ | १०७ | ४९४ | २५८ | २३६ | ४.६२ | ०.९१५ |
| ५ | ३०१ | १४०० | ६९७ | ७०३ | ४.६५ | १.००९ |
| ६ | ३३४ | १५७० | ७७० | ८०० | ४.७० | १.०३९ |
| ७ | २७३ | १११२ | ५५२ | ५६० | ४.०७ | १.०१४ |
| ८ | १८७ | ८६४ | ४३० | ४३४ | ४.६२ | १.००९ |
| ९ | १४२ | ६८२ | ३२८ | ३५४ | ४.८० | १.०७९ |
| १० | ९१ | ३९२ | २०१ | १९१ | ४.३१ | ०.९५ |
| ११ | १७० | ७३० | ३८६ | ३४४ | ४.२९ | ०.८९१ |
| | २३२७ | ९८६१ | ४९४७ | ४९१४ | ४.२४ | ०.९९३ |

श्रोतः केन्द्रिय तथ्याङ्क विभाग २०७८

वि.स. २०७८ सालको जनगणना अनुसार यस नगरपालिकाको कुल जनसंख्या ९ हजार ८ सय ६१ रहेको छ । जसमा ४ हजार ९ सय ४७ जना पुरुष र ४ हजार ९ सय १४ जना महिला रहेका छन् । लैङ्गिक समता सुचकका हिसाबमा यो नगरपालिकाको जनसंख्या ०.९९ रहेको छ । साथै यस नगरपालिका भित्र जम्मा २ हजार ३ सय २७ घरधुरी रहेका छन् । यस नगरपालिकाको वडागत घरधुरी संख्या, जनसंख्यालाई निम्नानुसार तालिकामा देखाइएको छ ।

| क.स. | वडा नं. | वडा केन्द्र रहेको स्थान | घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | १ | थाला | ९० | ३७८ |
| २ | २ | लोचा | १०९ | ४८३ |
| ३ | ३ | दुनै | ५२३ | १७५६ |
| ४ | ४ | तिप्ला | १०७ | ४९४ |
| ५ | ५ | माझफाल | ३०१ | १४०० |
| ६ | ६ | स्यारुपाटी ताली | ३३४ | १५७० |
| ७ | ७ | जुफाल | २७३ | ११११२ |
| ८ | ८ | जुफाल | १८७ | ८६४ |
| ९ | ९ | डागीबाडा | १४२ | ६८२ |
| १० | १० | परिला | ९१ | ३९२ |
| ११ | ११ | रह | १७० | ७३० |

श्रोतः केन्द्रिय तथ्याङ्क विभाग २०७८

**ठुलीभेरी नगरपालिकाको उमेरगत जनसंख्या विवरण**

| २०७८ | | | | २०८० | | | २०८१ | | | २०८२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उमेर | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| ० बर्ष | ११७ | ५२ | ६५ | १२१ | ५४ | ६७ | १२२ | ५४ | ६८ | १२४ | ५५ | ६९ |
| १ बर्ष | १२६ | ७४ | ५२ | १३० | ७७ | ५४ | १३२ | ७७ | ५४ | १३३ | ७८ | ५५ |
| २ बर्ष | १९२ | १०४ | ८८ | १९९ | १०८ | ९१ | २०१ | १०९ | ९२ | २०३ | ११० | ९३ |
| ३ बर्ष | १६२ | ८२ | ८० | १६८ | ८५ | ८३ | १६९ | ८६ | ८४ | १७१ | ८७ | ८५ |
| ४ बर्ष | १८२ | ८२ | १०० | १८८ | ८५ | १०३ | १९० | ८६ | १०५ | १९३ | ८७ | १०६ |
| ५ बर्ष | १९४ | ९९ | ९५ | २०१ | १०२ | ९८ | २०३ | १०४ | ९९ | २०५ | १०५ | १०१ |
| ६ बर्ष | २४८ | १२५ | १२३ | २५७ | १२९ | १२७ | २५९ | १३१ | १२९ | २६२ | १३२ | १३० |
| ७ बर्ष | २२३ | ११३ | ११० | २३१ | ११७ | ११४ | २३३ | ११८ | ११५ | २३६ | १२० | ११६ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ बर्ष | २७३ | १२५ | १४८ | २८२ | १२९ | १५३ | २८६ | १३१ | १५५ | २८९ | १३२ | १५७ |
| ९ बर्ष | २२९ | १३८ | ९१ | २३७ | १४३ | ९४ | २४० | १४४ | ९५ | २४२ | १४६ | ९६ |
| १० बर्ष | २४७ | १२५ | १२२ | २५६ | १२९ | १२६ | २५८ | १३१ | १२८ | २६१ | १३२ | १२९ |
| ११ बर्य | १९१ | १०६ | ८५ | १९८ | ११० | ८८ | २०० | १११ | ८९ | २०२ | ११२ | ९० |
| १२ बर्ष | २४६ | १२२ | १२४ | २५४ | १२६ | १२८ | २५७ | १२८ | १३० | २६० | १२९ | १३१ |
| १३ बर्ष | २५४ | १२८ | १२६ | २६३ | १३२ | १३० | २६६ | १३४ | १३२ | २६९ | १३५ | १३३ |
| १४ बर्ष | ३०५ | १४८ | १५७ | ३१६ | १५३ | १६२ | ३१९ | १५५ | १६४ | ३२३ | १५७ | १६६ |
| १५ बर्ष | २०८ | ९६ | ११२ | २१५ | ९९ | ११६ | २१८ | १०० | ११७ | २२० | १०२ | ११९ |
| १६ बर्ष | २४४ | १२५ | ११९ | २५२ | १२९ | १२३ | २५५ | १३१ | १२४ | २५८ | १३२ | १२६ |

जनगणना २०७८ र प्रक्षेपण

**ग) सामाजिक तथा सांस्कृतिक अवस्था**

यस नगरपालिकामा मुख्य हिन्दु हरुको बसोबास रहेको छ । त्यस्तै बौद्ध, ईसाई र अन्य धर्मालम्वी हरुको पनि बसोबास रहेको पाइन्छ। मुख्य चाड पर्वमा दशै तिहार चैति सँगै साउने संक्रान्ति, माघे संक्रान्ति क्रीसमस डे र विभिन्न पूर्णिमा हरु आफ्नै चलन अनुसार मनाउने गरीन्छ। आ आफ्ना कुल देवता पुजा आजा गरी रमाइलो गरी आफन्त भेटघाट गरी संस्कृतिको जगेर्ना भइरहेको छ। विशेष गरी क्षेत्रि, ब्राम्हण, दलित,जनजाति लगायतका अन्य जातजातिहरुको मिश्रीत बसोबास रहेको छ।

घ) आर्थिक अवस्था

ठुलीभेरी नगरपालिकाका जनताको प्रमुख आर्थिक स्रोत कृषि रहेको छ । नगरपालिकाका अधिकांश जनताहरु कृषि पेशामा निर्भर रहेका छन । यद्यपी परम्परागत कृषिका कारण उत्पादनले पुरै बर्ष भने पुग्ने अवस्था छैन । यस नगरपालिका अन्तर्गतका विभिन्न वडाहरूको जनसंख्यालाई आर्थिक रूपले सक्रिय र निष्क्रिय गरी विश्लेषण गर्दा सक्रिय जनसंख्या कुल जनसंख्याको ५.४० प्रतिशत रहेको र अन्य जनसंख्या निष्क्रिय रहेको देखिन्छ । जडिबुटी संकलन र यसमा बिशेष गरी यार्चागुम्बा संकलन तथा अन्य जडिबुटीहरुको संकलन र बजारीकरण पनि यहाँका बासिन्दाहरुको आम्दानीको स्रोत रहेको छ । फलफुल खेती तथा पशुपालन पनि यहाँका बासिन्दाको आम्दानीको स्रोतहरुमा पर्दछन । सरकारी तथा अन्य निकायमा रोजगारमा रहेका संख्या अत्यन्त कम रहेको छ साथै बैदेशिक रोजगारीमा जाने संख्या पनि न्यून रहेको छ ।

ङ) शैक्षिक अवस्था

ठुलीभेरी नगरपालिकामा शैक्षिक सुधारका लागि बालबालिकाहरुको सिकाई सुधार ल्याउन तथा सानै उमेर देखि विद्यालय जाने वानीको विकास गराउनका लागि वालविकास केन्द्र, आधारभूत विद्यालय र माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन् । संस्थागत, धार्मिक तथा सामुदायिक गरेर यस नगरपालिकामा जम्मा २७ वटा विद्यालयहरु रहेका छन ।२७ वटा विद्यालयहरुमा संस्थागत विद्यालय २, धार्मिक विधालय १ र सामुदायिक विद्यालय २४ वटा रहेका छन ।

ठुलीभेरी नगरपालिकाको विद्यालय विवरण

| क्र.सं. | विवरण | संख्या | सामुदायिक | संस्थागत | धार्मिक |
|---|---|---|---|---|---|
| १ | विद्यालय | २७ | २४ | २ | १ |
| २ | प्रारम्भिक बालबिकास केन्द्र | २७ | २४ | २ | १ |
| ३ | कक्षा ३ सम्मका विद्यालय | ५ | ५ | ० | ० |
| ४ | कक्षा ५ सम्मा मात्रका विद्यालय | १६ | १४ | १ | १ |
| ५ | कक्षा ८ सम्मका मात्र विद्यालय | २ | १ | १ | ० |
| ६ | कक्षा १० सम्मका मात्र विद्यालय | २ | २ | ० | ० |
| ७ | कक्षा १२ सम्मका विद्यालय | २ | २ | ० | ० |
| ८ | प्राविधिक धारका विद्यालय (माथि नै विद्यालय संख्यामा गणना भएका) | २ | २ | ० | ० |
| ९ | सामुदायिक सिकाइ केन्द्र | ४ | ४ | ० | |

सामुदायिक विद्यालयमा रहेको दरबन्दी विवरण

दरबन्दिको हिसाबमा पालिकामा आधारभूत तह ५ सम्ममा जम्मा ८५ जना, आधारभूत तह ६ देखि ८ सम्ममा जम्मा १८ जना, मा वि तह ९ र १० मा जम्मा १४ जना र २ जना जिरो दरबन्दी तथा मावि तह ११ र १२ मा जम्मा ८ जना दरबन्दी कायम रहेको र अन्य पालिका अनुदान र शिक्षण सहयोग अनुदानको रुपमा रहेको छ ।

## सामुदायिक विद्यालयमा हाल कार्यरत शिक्षक संख्या

यस पालिकामा बालबिकास केन्द्रमा २६ जना , आधारभूत तह ५ सम्ममा जम्मा ८५ जना, आधारभूत तह ६ देखि ८ सम्ममा जम्मा १९ जना, मावि तह ९ र १० मा जम्मा १८ जना तथा मावि तह ११ र १२ मा जम्मा ८ जना साथै प्राविधिक धारमा १० जना प्रशिक्षक रहेका छन ।

प्रारम्भिक बालविकासमा जम्मा शिक्षक संख्यामा २१ जना महिला, आधारभुत तह कक्षा ५ सम्ममा जम्मा महिला शिक्षक ४२ जना, आधारभुत तह कक्षा ६ देखि ८ सम्म महिला शिक्षक जम्मा ३ जना तथा माध्यमिक तह कक्षा १२ सम्मा महिला शिक्षक जम्मा ३ जना रहेका छन । शिक्षक विवरण

| क्र.सं. | विवरण | जम्मा | शिक्षण सहयोग अनुदान | संघिय अनुदान | पालिका अनुदान | महिला शिक्षक |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालबिकास तह | २६ | ० | ० | ० | २१ |
| २ | आधारभूत तह कक्षा १ – ५ | ८५ | ० | ० | ० | ४२ |
| ३ | आधारभूत तह कक्षा ६ – ८ | १९ | ० | ० | १ | ३ |
| ४ | माध्यामिक तह ९ – १० | १८ | २ | ० | २ | ३ |
| ५ | माध्यामिक तह ११ – १२ | ८ | ० | ० | ० | ० |
| ६ | प्रावधिक धार | १० | ० | ० | ० | ० |
| | जम्मा | १६६ | २ | ० | ३ | |

श्रोतः शिक्षा शाखा

तहगत रुपमा बिद्यार्थी संख्या २०८१ (इमिस २०८१)

| तह | शक्षिक सत्र २०८१ मा जम्मा बिद्यार्थी संख्या | | | संस्थागत र धार्मिकमा बिद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्रारम्भिक बालबिकास तह | २८६ | ३५० | ६३६ | ८३ | १३४ | २१७ |
| आधारभूत तह कक्षा (१ – ५) | ८१५ | ७८६ | १६०१ | १०० | १५४ | २५४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आधारभूत तह कक्षा (६ – ८) | ३१३ | ३३६ | ६४९ | ३६ | २९ | ६५ |
| माध्यामिक तह (९ – १०) | १८१ | २०५ | ३८६ | | | |
| माध्यामिक तह (११ – १२) | १३२ | १७१ | ३०३ | | | |
| प्राविधिक धार | | | ७६ | | | |
| जम्मा | १७२७ | १८४८ | ३६५१ | २१९ | ३१७ | ५३६ |

जातिगत रुपमा बिद्यार्थी संख्या २०८०

| तह | दलित | | | जनजाती | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्रारम्भिक बालबिकास तह | ३३ | ३९ | ७२ | २३ | २८ | ५१ |
| आधारभूत तह कक्षा (१ – ५) | १५८ | १४९ | ३०७ | ६२ | ८१ | १४३ |
| आधारभूत तह कक्षा (६ – ८) | ५७ | ६३ | १२० | २३ | ७ | ३० |
| माध्यामिक तह (९ – १०) | ४६ | ४६ | ९२ | २७ | १६ | ४३ |
| माध्यामिक तह (११ – १२) | १६ | ११ | २७ | २१ | १७ | ३८ |
| प्रावधिक धार | | | | | | |

यसै गरी ठुलीभेरी नगरपालिकामा अपाङ्गता भएका बिद्यार्थीको अवस्था हेर्दा यस नगरपालिकामा जम्मा २१ जना छात्रा र २२ जना छात्र गरेर ४३ जना बालबालिका विद्यालय भर्ना भएको अवस्था छ । नगरपालिकामा अपाङ्गता भएका सबै बालबालिका विद्यालय भर्ना तथा उनीहरुको बर्ग अनुसारको परिचय पत्र बनाउन आबश्यक छ। अपाङ्गता भएका बालबालिकाको लागि सांकेतिक भाषामा सिकाइ सहजिकरण गर्न बालमन्दिर आ.बिमा मात्र विशेष शिक्षकको व्यबस्था गरिएको छ भने अन्य विद्यालयमा सामान्य तालिम समेत प्राप्त भएको छैन ।

बिभन्न सुचक र अवस्था

| तह | शिक्षक बिद्यार्थी अनुपात | लैङ्गिक समता सुचक | कुल भर्ना दर | खुद भर्ना दर |
|---|---|---|---|---|
| प्रारम्भिक बालबिकास तह | १६.११ | ०.८२ | ७५.८ | ५८ |
| आधारभूत तह कक्षा (१ – ५) | १५.८४ | १.०४ | १३४.७ | ९७.५ |

| | | | | |
|---|---|---|---|---|
| आधारभूत तह कक्षा (६ – ८) | ३०.७३ | ०.९३ | ९७.८ | ९२.७ |
| माध्यामिक तह (९ – १०) | २१.४४ | ०.८८ | ८८.६ | ८३ |
| माध्यामिक तह (११ – १२) | ३७.९ | ०.७७ | ६४.६ | ३४.६ |

ठुलीभेरी नगरपालिकामा कक्षा १ मा हुने कुल प्रवेश दर जम्मा १२७ र खुद भर्ना दर ९५.९ प्रतिशत रहेको छ । यसै गरी आधारभूत तहको कुल भर्ना दर १२१.९ प्रतिशत तथा खुद भर्ना दर ९५.८ प्रतिशत रहेको छ । माध्यामिक तहमा कुल भर्ना दर ७७.४ प्रतिशत तथा खुद भर्ना दर ६०.४ प्रतिशत रहेको छ ।समग्रमा ठुलीभेरी नगरपालिकाको शैक्षिक अवस्था हेर्दा सही उमेर समुहका बालबालिकाहरु सही कक्षामा ल्याउन थप मेहनत गर्नु पर्ने देखिन्छ । यसका अलवा माथिल्लो तहमा जादा छात्रको विद्यालयमा भर्ना दर कम हुदैं गएको देखिन्छ र लैङ्गिक समता सुचकमा पनि माथिल्लो कक्षामा क्रमश कम भएको देखिन्छ । माध्यामिक तह ९-१२ को पढाइ पुरा गरेपछि धेरै विद्यार्थीले पढाइ छोड्ने गरेका छन् । १२ कक्षाको अध्ययन गरेपछि उच्च शिक्षा पढ्ने विद्यार्थीहरुको दर न्युन रहेको छ । यस नगरपालिकाको सिकाई उपलब्धी आषतमा ५० देखि ६० बिचमा रहेको छ । तह बढ्दै जाँदा क्रमश सिकाई उपलब्धी घट्दै गएको देखिन्छ यस नगरपालिकाको साक्षरता दर ७३.७ रहेको राष्ट्रिय जनगणना २०७८ को तथ्यांकमा उल्लेख छ ।यसमा महिलाको साक्षरता ६४.६ र पुरुषको साक्षरता ८२.७ रहेको छ । विद्यालय बाहिर रहेका बालबालिका जम्मा ५६ जना मात्र रहेका छन ।( घरधुरी सर्वेक्षण २०८१)

## १.२ मुख्य समस्या तथा चुनौतीहरु

### क) समस्याहरु

शिक्षा विकासको प्रमुख आधार हो भन्ने सर्वमान्य मान्यता अनुसार माथिको वुदाँमा गरिएको शैक्षिक विश्लेषण तथा यस यस नगरपालिकाले अनुभूति गरेका र समग्र शैक्षिक क्षेत्रमा परेका समस्या तथा अवस्थाको भोगाईका हिसाबले शैक्षिक समस्या र चुनौतीहरु निम्नानुसार देखिएका छन । ठुलीभेरी नगरपालिकाले शिक्षा क्षेत्रको विकासलाई नीतिगत रुपमा पहिलो प्राथमिक्तामा राखेको भएता पनि शिक्षाका कार्यक्रमहरु तथा श्रोत व्यबस्थापन सोही बमोजिम गर्न नसकेको आबस्था छ ।नगरपालिकाको शिक्षा समिति, वडा शिक्षा समिति, शिक्षा शाखा लगायतको क्षमता विकास तथा परिचालनमा उल्लेख्य रुपमा कार्य गर्नरपर्ने आबश्यकता देखिएको छ । नगरपालिका भित्र जम्मा २४ वटा सामुदायिक, २ वटा संस्थागत र १ धार्मिक विद्यालय मात्र भएको सम्पुर्ण विद्यालयका शिक्षकलाई पेसागत सहयोग पुर्याउनका आबश्यकता बमोजिमको कार्यहरु हुन नसकेको देखिन्छ । शिक्षा शाखामा १ जना शिक्षा अधिकृत, १ जना प्रा.स. र १ जना अन्य कर्मचारी भएकाले हाल जनशक्तिमा व्यबस्थापन सहज भएको छ र उक्त जनशक्तिको प्रभावकारी परिचालन हुनपर्ने देखिन्छ । यसै गरी विद्यालयहरुमा मापदण्ड बमोजिमको न्यूनतम र सुरक्षित भौतिक संरचनाहरुको बिकास समान तवरले हुन नसक्नु र यसको प्रभावकारी व्यबस्थापन गर्न नसक्नु पनि समस्याको रुपमा देखिन्छ । नगरपालिकाको नगर शिक्षा ऐन र नियमहरु, योजनाहरु, कार्यविधिहरुको निर्माण तथा कार्यान्वयन प्रभावकारी रुपमा हुन नसक्नु तथा शिक्षकहरुको क्षमता विकासका लागि प्रयाप्त तालिम, आवश्यक सिकाइ आदान प्रदान तथा पेसागत सहयोग,

शिक्षक र विद्यार्थीका लागि न्यूनतम रुपमा आबश्यक सिकाइ सहजिकरण तथा शिक्षण सामग्रीहरुको अभाव, सुमदाय परिचालन प्रभावकारी नहुनु पनि समस्याका रुपमा रहेका छन् । यसै गरी विद्यालयमा सुशासनका लागि आबश्यक आर्थिक पारदर्शिता, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, लेखा परीक्षण, बिद्यार्थी अभिभाबक भेला जस्ता कार्यहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु पनि समस्याको रुपमा देखिन्छ । यसका अलवा विद्यालयले निर्माण गर्ने विद्यालय सुधार योजना सहभागितामुलक नहुनु र सोही अनुसार कार्यान्वयन गर्न नसक्नु, विद्यालयमा प्रधानाध्यापक नियुक्तिका लागि स्थानीय तहले कार्यविधी र मापदण्ड स्पष्ट गर्न नसक्नु, प्र.अ. को क्षमता विकास र प्रशासनिक दक्षतामा कार्य गर्न नसक्नु, सुचना प्रविधिको प्रभावकारी उपयोग गर्नपर्ने अवस्थामा पनि समय सुहाउदो सूचना प्रविधिको व्यबस्थापन र प्रयोग गर्ने गराउने वातावरणको सृजना गर्न नसक्नु, विद्यालयमा अतिरिक्त क्रियाकलापहरु जस्तै खेलकुद मनोरञ्जन तथा सृजनात्मक क्रियाकलापका लागि न्यूनतम सामाग्रीहरु उपलब्ध नहुनु र विद्यालयले पनि यस्ता क्रियाकलापहरु प्रभावकारी रुपमा लागु गर्न नसक्नु, विद्यालयमा सुरक्षित घेरावार, शुद्ध पिउने पानी, सफा र वालमैत्री शौचालय, सरसफाइ तथा वातावरणीय अवस्थाहरुमा उल्लेख्य सुधार ल्याउन नसक्नु, व्यबहारीक र सीपमुलक तथा जिवनप्रयन्त शिक्षण सिकाइका अभ्यासहरुमा तिब्रता दिन नसक्नु पनि शिक्षामा समस्याका रुपमा देखिएका छन् । समग्रमा पालिकाको शिक्षा क्षेत्रमा विविध समस्या रहेका छन् ।

**ख.चुनौतीहरु**

सम्पूर्ण विद्यालयहरुमा मुख्य गरी भवन, शौचालय लगायतका पूर्वाधारहरु भएता पनि कक्षा कोठा भित्र आबश्यक पर्ने शैक्षिक सामग्रीहरु समयानुसार विद्यालयमा उपलब्ध गराउन नसक्नु साथै सबै विद्यालयमा विद्यार्थी मैत्री फर्निचर र न्यूनतम मापदण्डहरु पूरा गर्न नसक्नु पनि चुनौतीको रुपमा रहेको छ । बिधालयमा निरन्तर गर्न रुपमा शिक्षक पशागत सहयोग प्रदान गर्न, कक्षाकोठामा सिकाइ सहिजकरणको सहयोग गर्न नसक्नु, सुपरिबेक्षणका क्रियाकलापहरु न्यून र प्रभावकारी रुपमा तथा योजनावद्ध तवरले नहुनु तथा शिक्षकको क्षमता विकास र सक्षमताका लागि तालिम र शिक्षकलाई सिकाइ सहजीकरण सामग्री प्रयाप्त मात्रामा उपलब्ध गराउन नसक्नु पनि चुनौतीको रुपमा देखिएका छन् ।

सामुदायिक विद्यालयमा बिद्यार्थी टिकाउन, विविधतायुक्त समुदाय परिचालन गर्न र समुदाय र परिवार तथा अभिभावकहरुलाई सहकार्य अभिबृद्धि गर्न पनि थप चुनौतीको रुपमा देखिएको छ । विद्यालयको शैक्षिक व्यवस्थापकको रुपमा प्रधानाध्यापकको नियुक्ति नियम अनुसार गराउन नसक्नु, विद्यालय व्यवस्थापन समिति गठनमा अभिभावकको प्रभावकारी सहभागिता गराएर तोकिएको समयमा सम्पन्न गराउनु नसक्नु र सक्षम र योग्य व्यक्ति नेतृत्वमा ल्याउन नसक्नु, सामुदायिक विद्यालयको सिकाइ उपलब्धि स्तरमा लक्षित भार बमोजिम सुधार ल्यांउन नसक्नु, विषयगत शिक्षकको व्यबस्थापन गर्न नसक्नु यसका अलवा विद्यार्थी कम भएका विद्यालयहरुको मर्ज, ग्रेड समायोजन गर्न नसक्नु, शिक्षक र विव्यस पोत्साहनका कार्यक्रममलाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्न पनि चुनौती रहेको छ । पुरानो विद्यालय व्यबस्थापन समिति, शिक्षक अभिभावक संघको संरचना र उनीहरुलाई तीब्र क्षमता विकास गरी परिचालन गर्ने तथा बालबालिकालाई पूर्णरुपमा व्यावहारिक र जीवनोपयोगी शिक्षामा तीब्र रुपमा परिवर्तन ल्याउन पनि चुनौतीको रुपमा देखिन्छ । शिक्षा क्षेत्रमा हाल सम्म न्यून बजेट र श्रोत हुन पनि प्रमुख चुनौती रहेको छ । विविध चुनौतीहरुको सामना गर्दै अघि बढ्न शिक्षा योजनाको निमार्ण र प्रभावकारी कार्यान्वयन आजको आवश्यकता रहेको छ ।

ग) अवसरहरु

ठुलीभेरी नगरपालिकाले शिक्षालाई यहाँको आबधिक योजनामा समेत पहिलो प्राथमिकतामा राखेर कार्य गरेको अवस्था छ । शिक्षा स्वास्थ्य जस्ता अनतरसम्बन्धित बिषयहरु पालिकाको पहिलो र दोस्रो प्राथमिकतामा पर्न शैक्षिक सुधारको मुख्य अबसरको रुपमा देखिन्छ । आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुनु, माध्यमिक तह निःशुल्क हुनु, माध्यमिक तह सम्मको शिक्षा स्थानीय सरकारको एकल अधिकार क्षेत्रको रुपमा रहनु, संघीय सरकारले शिक्षाको नीति नियम वनाउनु, वजेट व्यबस्थापन संघीय सरकारले गर्नु, शिक्षामा सवैको चासो सरोकार बढ्नु, प्रत्येक स्थानीय तहमा माध्यमिक तहको पढाइ हुने कम्तिमा एक विद्यालय स्थापना गर्ने नीति हुनु, प्राविधिक शिक्षालाई महत्वपूर्ण क्षेत्रको रुपमा स्वीकार गर्नु, सामुदायिक विद्यालयहरुमा सूचना प्रविधि, विज्ञान प्रयोगशाला पुस्तकालय स्थापन तीनै तहका सरकारको कार्यक्रममा प्राथमिकतामा पर्नु, शिक्षामा पहुँच बढाउन दिवा खाजा, अपाङ्गता भएकाहरुको लागि अपाङ्गता अनुसारको छात्रवृतिको व्यवस्था हुनु, छात्रवृति, लैगिंक मैत्री शौचालयको व्यवस्था गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन हुनु साथै समग्र शिक्षाको विकास तथा सुधारका लागि विद्यालय तहदेखि विद्यालय सुधार योजना तथा नगर शिक्षा क्षेत्र विकास योजना निर्माण गर्ने कार्यक्रम हुनु जस्ता कार्य शिक्षाको अवसरको रुपमा लिएर जान सकिने यस नगरपालिकामा रहेको अवस्थामा छ ।

## परिच्छेद २ : दूरदृष्टि, उदेश्य, रणनीत तथा लक्ष्य निर्धारण

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माणका आधारहरु

नेपालको संविधान २०७२ को धारा ३१ ले प्रदान गरेको शिक्षाको हक, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेका अधिकार क्षेत्र, राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७, दिगो विकास लक्ष्य,१० बर्षे विद्यालय शिक्षा क्षेत्र योजनाको नगरपालिकाको आबधिक योजना, शिक्षा क्षेत्रका प्राथमिकताहरु, बार्षिक नीतिहरु तथा कार्यक्रमहरुका आधारमा ठुलीभेरी नगरपालिकाले आवधिक नगर शिक्षा योजना निर्माण गरेको छ । शैक्षिक विकास नीति, २०७६ ले दीर्घकालिन शिक्षाको परिकल्पना गरेको छ । वर्तमानको शैक्षिक स्तरलाई आधार मानेर आगामि दिनमा गुणस्तरीय शिक्षाका माध्यमले देश तथा अन्तराष्ट्रिय क्षेत्रमा पहुँच पुग्ने जनशक्ति तयार गर्न बनाइएका योजना नै दीर्घकालिन योजना हो । कर्णाली प्रदेशको डोल्पा जिल्लामा रहेको ठुलीभेरी नगरपालिकाको समग्र पक्षलाई समेटेर नगरपालिकाको शैक्षिक अवस्था पहुँच गुणस्तर तथा उपलब्धीका आधारमा भविष्यमा शैक्षिक उपलब्धि प्राप्त गर्ने गरी शिक्षाका विविध पक्षहरुलाई यो योजनामा समावेश गरिएको छ ।

२.२ दूरदृष्टि

समतामूलक पँहुच सहितको प्रविधियुक्त, जिवनपयोगी र गुणस्तरीय व्यावहारिक शिक्षा : शिक्षा क्षेत्रको समृद्धि ठुलीभेरी नगरपालिकाको अपेक्षा"

२.३ लक्ष्य

शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई पालिकाको आवश्यकता अनुरुपको जनशक्ति निर्माण गर्ने । वर्तमान अवस्थाको आवश्यकतालाई सम्बोधन तथा प्राप्त अवसरलाई उपयोग गर्न सक्ने नेपाली मूल्य मान्यता प्रति सचेत तथा समता र समावेशीतालाई आत्मसात गर्ने आफ्नो नगरपालिकाप्रति भित्रैदेखि गौरव गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने ।

२.४ उदेश्य

ठुलीभेरी नगरपालिकाको शिक्षा क्षेत्र योजनाका उद्देश्य निर्धारण समग्र ठुलीभेरी नगरपालिकाले सामना गरी रहनु परेका शैक्षिक समस्या तथा चुनौतीहरुको सम्बोधन हुने गरी तयार गरिएको छ।ठुलीभेरी नगरपालिकाको शिक्षा क्षेत्रको दीर्घकालिन सोच तथा लक्ष्य हाँसिल गर्न निम्न उद्देश्यहरु लिइएको छ ।

(क) सवै बालबालिकाहरुले गुणस्तरिय प्रारम्भिक बालबिकास शिक्षाको अवसर सुनिश्चित गर्नु,

(ख) अनिवार्य तथा निःशुल्क आधारभूत तहको शिक्षामा सवैको पहुँच सुनिश्चित गरी गुणस्तर अभिवृद्दि गर्नु,

(ग) माध्यमिक तहको शिक्षामा पहुँच विस्तार गरी गुणस्तरमा समान अवसर प्रदान गर्नु

(घ) नगरपालिकाभित्र रहेका प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयको क्षमता विकास र प्रवद्धन गरी व्यवसायिक तालिम कार्यक्रमलाई क्षेत्र विस्तार गरी गुणस्तरमा अभिवृद्दि गर्नु

(ङ) शिक्षक विद्यार्थी तथा अभिभावकलाई प्रविधि मैत्री बनाइ विद्यालयहरुमा प्रविधिको विकास गर्नु,

(च)सवै बालबालिकाहरुमा बालमैत्री वातावरणमा शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरी विद्यालयलाई बालमैत्री विद्यालयमा विकास गर्नु

(छ) माध्यमिक शिक्षामा पहुँच बढाइ हरेक हाल ८ सम्म सञ्चालनमा रहेको विद्यालयलाघ मावि तह र सबै माविलाई कक्षा १२ सम्म अध्यापन हुने विद्यालय स्थापना गर्नु

(ज)राष्ट्रिय पाठ्यक्रमले तोके अनुसार स्थानीय आवश्यकतालाई पुरा गर्ने स्थानीय पाठ्यक्रम बमोजिमको पठन सामाग्री स्थानीय परिवेश अनुसार हुने गरी तयार गर्नु

(झ)विद्यालयहरुमा शैक्षिक सुशासनको व्यवस्था गरी गुणस्तरीय सिकाई प्रति सवै पक्षलाई जिम्मेवार बनाउनु

(ञ)सवै विद्यालयहरुमा समान सुविधा जनशक्ति तथा भौतिक सुधार गरी समान स्तरको गुणस्तरीय शिक्षा प्रदान गर्न आन्तरिक प्रतिस्पर्धात्मक विद्यालय विकास गर्नु

(ट)विद्यालयहरुमा महामारी सङ्कट अवस्थामा समेत सहज तवरले शिक्षा प्राप्त गर्ने, मौलिक तथा नैर्सगिक अधिकारलाई सम्बोधन हुने वातावरण विकास गर्नु,

(ठ)विद्यालयहरुको जोखिम पहिचान गरी दीर्घकालिन विपत व्यवस्थापन योजना विद्यालयस्तरमा निर्मार्ण गर्नु,

(ड)निरन्तर सिकाइलाई जीवनोपयोगी सीप विकासमा रुपान्तर गरी आर्थिक तथा सामाजिक विकासमा सहयोग गर्न अनौपचारिक शिक्षालाई सामुदायिक सिकाइ केन्द्र मार्फत सञ्लन गर्नु

(ढ)विद्यालयहरु शैक्षिक सूचना प्रणालीलाई भरपर्दो र समयमा नै सम्पन्न गर्न संयन्त्र निर्माण गर्ने

(ण)एक वडा एक नमुना विद्यालयको अवधारणा ल्याई कार्यान्वयन गर्नु।

(त)शिक्षकहरुलाई पेशाप्रति जवाफदेहि र उत्तरदायी बनाउन विभिन्न नीति बनाउनु,

(थ)शिक्षहरुको कार्यसम्पादन मुल्यांकन गरी राम्रोलाई पुरस्कृत र नराम्रोलाई दण्डीत गर्नु तथा शिक्षक व्यबस्थापन, परिचालन तथा उत्प्रेरित गर्नु

## २.५ रणनीतिहरु

ठुलीभेरी नगरपालिकाको शिक्षा क्षेत्रको योजना कार्यान्वयनका उल्लेखित उदेश्यहरु हाँसिल गर्न निम्न बमोजिमका रणनीतिहरु तय गरिएको छ ।

(क) प्रारम्भीक बालविकास तथा शैक्षिक कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा लिने र सोही अनुसार नीति कार्यक्रम तय गर्ने ।

(ख) नगरपालिका भित्रका सबै बालवालिकाहरुलाई विद्यालय शिक्षाको मूल प्रवाहमा ल्याउने ।

(ग)नेपालको संविधानको धारा ३१ बमोजिम आफ्नो पालिकामा अनिवार्य निःशुल्क र निशुल्क शिक्षाको व्यवस्था गर्ने ।

(घ)विद्यालयको भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय पक्षको व्यस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर सुधार गर्ने ।

(ङ)ठुलीभेरी नगरपालिका भित्रका विद्यालयहरुको भौतिक पूर्वाधारको विकासका लागि संघ, प्रदेश सरकारसंग पहल एवंम प्रर्यत्न गर्ने ।

(च)सबै माध्यामिक तहमा प्राविधिक तथा व्यावसायीक शिक्षाको संचालन गर्ने ।

(छ) शिक्षालाई व्यावसायीक सिप तथा प्रविधिसंग जोड्न नीति तथा कार्याक्रम बनाई लागू गर्ने ।

(ज)प्रत्येक वडामा एक एक विद्यालय नमुना विदालयको रुपमा विकास गर्ने ।

(झ)विद्यालयमा बालबालिकाको पोषणको अवस्था तथा स्वास्थमा सहयोग पुग्नेगरी दिवा खाजाको प्रवन्ध गर्नुका साथै स्थानीय स्वास्थ तथा अन्य सम्बन्धित सरकारी तथा गै.स.स सहकार्य गर्दै सरसफाई तथा स्वच्छता शिक्षा विदालय मार्फत प्रदान गरिने ।

(ञ)सामुदायिक विद्यालयमा अध्ययनरत उत्कृष्ट बिद्यार्थीहरुलाई प्रोत्साहन तथा सम्मान गर्ने र विपन्नताका आधारमा सहायता प्रदान गर्ने ।

(ट)अपाङ्गता तथा सुविधा विहिन बालबालिकाहरुलाई विदालयमा भर्ना हुन निरन्तरता दिन र सिकाइमा सहभागी गराई उपलब्धी सुधार गर्ने ।

(ठ)विद्यालयमा विषयगत शिक्षकको शुनिश्तिता गर्नुका साथै शिक्षकको पेशागत विकासमा टेवा पुर्याउने ।

(ड)विद्यालयको नेतृत्व प्रणालीमा सुधार गर्दै प्रत्येक विद्यालयमा ईन्टरनेटको पहंच पुयाउने ।

(ढ)शैक्षिक संस्थाको गुणस्तर अभिबृद्धिका लागि प्रभावकारी अनुगमण, निरिक्षण मुल्याकन गरी शिक्षकको पेशागत विकासमा सहयोग गर्ने ।

(ण)कार्यसम्पादनका आधारमा विद्यालयहरुको वर्गीकरण गरी राम्रो अभ्यास गर्ने विद्यालय र शिक्षकलाई प्रोत्साहन र कार्यसम्पादन कमजोर भएका संस्थालाई मुल्यांकन गरी दण्ड र पुरस्कारको नीति अबलम्बन गर्ने ।

(त)नीजि लगानीका शैक्षिक संस्थाहरुलाई नियमन गर्ने र उनिहरुका राम्रा अभ्यासलाई अनुसरण गर्दै स्तरीकरण गर्ने ।

(थ)स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन र पाठ्यसामग्रीको निर्माण तथा विकास गरी प्रभावकारी कार्यान्वयनमा लैजाने ।

(द)शिक्षा क्षेत्रलाई ठुलीभेरी नगरपालिकाले पहिलो प्राथमिकतामा राख्ने तथा शैक्षिक कार्यक्रममा लागी अन्य संस्थाहरुसंग हातेमालो गरी शिक्षा विकासको लागि बहस तथा पैरवी गर्ने ।

(ध)शिक्षा युवा तथा खेलकूद शाखाको सवलीकरण र सुदृढिकरण गरी शिक्षासंग सम्बन्धित संरचनालाई दक्षतापूर्ण प्रभावकारी र नतिजामूलक बनाउने ।

(न) संघ र प्रदेशले बनाएका शिक्षाका नीतिसंग नबाझिने गरी पालिकाले शिक्षा सम्बन्धि आवश्यक नीति तथा कानुन निर्माण तथा परिमार्जन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(ऩ) सबै विद्यालयहरुमा विद्यालयमा नै नियमित र निरन्तर रुपमा स्थानीय स्तरमा उत्पादनहुने रैथाने बालीबाट उत्पादित दिवा खाजा बनाएर खुवाउने कार्यक्रम कार्यान्वियन गर्ने र खाना बनाउने भान्साघर विद्यालयहरुमा बनाउने ,

(प) विद्यालयहरुमा सुशासन प्रवद्र्धन गर्न विद्यालयमा नेतृत्व प्रणालीमा सुधार ल्याउने तथा विधालयमा गुनाशे सुनुवाइ सयन्त्र तथा सुशासन प्रणाली प्रभावकारी बनाउने ।

(फ) खुला विद्यालयबाट प्रदान गरिने शिक्षालाई सुधार ल्याउन जनचेतना सञ्चालन गर्ने ,

(ब) स्टीम शिक्षा प्रविधी, अफलाइन माध्यबाट चल्ने पुस्तकालय तथा सुचना प्रविधिको विस्तार गर्ने र कम्यूटर सिप प्रदान गर्न प्रशिक्षक तथा खेलकुदको प्रवर्द्धन गर्ने ।

## २.६ कार्यनीति

माथि उल्लेखित रणनीतिहरुलाई पुरा गर्न निम्नानुसारका कार्यनीतिहरु अबलम्बन गरिएको छ ।

(क) विद्यालय तहका सबै बालबालिकाहरुको पुहँचमा सुधारको लागि भर्ना अभियान लाई शैक्षिक सत्रको शुरुमा सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा एक समिति तयार गरी भर्ना अभियानलाई घरदैलो अभियान सहित विद्यार्थी विवरण सहितको सशक्त र प्रभावकारी बनाइनुका साथै अभियान कार्यक्रम विद्यालय वडा तथा पालिकास्तरीय सञ्चालन गरिनेछ ।

(ख) विद्यालय जान नसक्ने बालबालिकाहरुको भर्ना अभियानबाट पहिचान गरी जोखिममा परेका बालबालिकाको शैक्षिक सहयोगका लागि बालबालिकासँग गाँउपालिका अध्यक्ष कार्यक्रम लागु गर्ने र बालबालिकाको अभिभावकत्व ग्रहण कार्यक्रम लागु गरिनेछ ।

(ग) हरेक वडा सहित पालिकामा विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) प्रारम्भिक बालविकास शिक्षा केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

(ङ) प्रधानाध्यापकहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ । साथै शिक्षकहरुलाई पनि कार्य सम्पादनको आधारमा विभिन्न तवरले प्रोत्साहन गरिनेछ ।

(च) प्रारम्भिक तहका कक्षाको सिकाइ सुधारको लागि पढ्नका लागि सिक्ने र सिक्नको लागि पढ्ने धारणालाई थप निरन्तरता दिइनेछ ।

(छ) निरन्तर सिकाइको लागि माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई एक कार्यविधि तयार गरी परिचालन गरिनेछ ।

(ज) विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिका तहमा निश्चित कार्यविधि बनाई लागु गरिनेछ ।

(झ) महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरिनेछ ।

(ञ) विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शैक्षिक सामग्री सहितको शिक्षण, शिक्षकको पेशागत विकास र सहयोगमा प्राथमिकता दिदै सिकाइको लागि मुल्यांकनका साथै पालिका स्तरीय स्तरीकृत परीक्षा तथा परीक्षण लागु गरिनेछ ।

(ट) सबै विद्यालयमा प्रविधिमैत्रि शिक्षणको लागि चाहिने न्युनत्तम सामग्रीको सहयोग गर्दै प्रविधिमैत्री शिक्षण लागु गरिनेछ ।

(ठ) शिक्षण सिकाइ सुधारको लागि एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ताको रुपमा तोकि कार्यान्वयनमा ल्याइनेछ ।

(ड) आधारभुत तहमा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

(ढ) विद्यालयको शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालनको लागि न्युनतम सिकाइ वातावरणको सुनिश्चत गर्न प्रस्तावनामा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ ।

(ण) निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुदढीकरण गरी निरन्तर तथा जिवनपर्यन्त सिकाइ कार्यक्रम सामुदायिक सिकाइ केन्द्रबाट गरिनेछ ।

(त) विद्यालय प्रधानाध्यापकको छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विस्वासनीय गर्न निश्चित कार्यविधि तयार गरी नेतृत्व परीक्षण लागु गरिनेछ साथै प्रधानाध्यापकहरुका लागि समयसापेक्ष रुपमा थप भत्ताको व्यवस्था गरिनेछ ।

(थ) विद्यालयको सुशासन, जवाफदेहिता तथा ब्यवस्थापनमा प्रभावकारीता ल्याउन विभिन्न रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछ । त्यस्ता रणनीतिहरुमा विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम, विद्यालय आचारसिंहता निर्माण र कार्यान्वयन, कार्य सम्पादन करार सम्झौता गरी पुरस्कार र दण्डको नीति अबलम्बन गरिनेछ ।

(द) बाह्य परीक्षकबाट हरेक बर्ष विद्यालयको कार्यसम्पादन मुल्यांकन, सामाजिक परीक्षण, लेखापरीक्षण र बार्षिक हुने विद्यालयको कार्यसम्पादन मुल्यांकनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने तथा विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरुको जानकारीको प्रतिवेदन मासिक रुपमा सुचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाइनेछ ।

(ध) संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिका स्तरमा वैकल्पिक सिकाइ सहजीकरणको कार्यक्रम लागि भर्चुअल सिकाइ सहजीकरणको ब्यवस्था मिलाइनेछ । यसका साथै विद्यालयहरुलाई हरित विद्यालय अवधारणा लागु गरिनेछ ।

(न) अभिभावक तथा समुदाय सचेतिकरणको लागि विद्यालय परिवार तथा माध्यमिक तहका विद्यार्थीहरुलाई परिचालन गरिनेछ ।

(ऩ) भौतिक पुर्वाधार (भवन, खेलमैदान, घेराबारा, स्वच्छ पिउने पानी, शौचालय, फर्निचर आदी) विकास गरिनेछ ।

(प) रोष्टर शिक्षक र स्रोत जनशक्तिको व्यबस्थापन र प्रभावकारी परिचालन गरिनेछ ।

(फ) सार्वजनिक पदधारण गरेका पदाधिकारी, सरकारी वेतनधारी कर्मचारी, शिक्षकहरुका सन्ततिहरुलाई सरकारी विद्यालयमा पढाउन प्रेरित गरिनेछ ।

(ब) विद्यालय नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।

(भ) विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(म) विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(य) सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूलाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सृजना गरिनेछ ।

(र) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि प्राविधिक समितिको गठन तथा परिचालन र मध्यावधी र अन्तिम मुलयाङ्क गरिनेछ ।

२.७ अपेक्षित उपलब्धिहरु

शिक्षा योजना कार्यान्वयन पश्चात निम्नानुसारका उपलब्धीहरु हाँसिल गर्ने अपेक्षा गरिएको छ ।

(क) प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत तह तथा माध्यमिक तहको शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

(ख) सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा सक्षमत भै कार्यरत रहेको हुने हुनेछन ।

(ग) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरीक तयार भएको हुनेछ ।

(घ) सिकाइ वातावरण तथा सहजिकरण पद्धतिमा सुधार भै विद्यार्थीको सिकाइमा उपलब्धीमा सुधार भएको हुनेछ ।

(ङ) सबै विद्यालयहरू गुणस्तरी शिक्षा प्रदान गर्न सक्षम भएका हुनेछन ।

(च) विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ ।

(छ) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार भएर सुशासन प्रबर्द्धन भएको हुनेछ ।

(ज) प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुनेछ ।

(झ) आधारभुत तह कक्षा ८, १० र १२ मा बिद्यार्थीको टिकाउ दरमा वृद्धि भएको हुनेछ ।

(ञ) सबै तहका विद्यालयले आधारभूत मापदण्ड पुरा माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्दि भएको हुनेछ ।

(ट) पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुनेछ ।

(ठ) भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुनेछ ।

(ड) विद्यालयहरूमा प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील भएको हुनेछ र सबै विद्यालयहरुमा हरित विद्यालय अवधारणा लागु भएको हुनेछ ।

(ढ) स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्दि भएको हुनेछ ।

(ण) बालबालिकाको पोषण, स्वास्थ्य, सुरक्षित खानेपानी, अतिरिक्त क्रियाकलाप, खेलकुद जस्ता क्षेत्रमा उल्लेख्य रुपमा सुधार भएको हुनेछ ।

## २.८ शिक्षा योजनाका कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | स्थानीय | ७५.८ | ८० | ९० | १०० |
| | | प्रदेश | ८६.८५ | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका | स्थानीय | ८० | ८५ | ९० | ९५ |
| | | प्रदेश | ८१.९१ | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर | स्थानीय | ९५.९ | ९६.५ | ९८ | १०० |
| | | प्रदेश | ९५.९५ | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर | स्थानीय | १२७ | १२० | ११० | १२७ |
| | | प्रदेश | १२०.९९ | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० |
| २.३ | आधारभूत तह प्राथमिक कक्षा १-५ मा कुल भर्ना दर | स्थानीय | १३४.७ | १२५ | १२० | ११० |
| | | प्रदेश | ९७.५ | ९८ | ९८.५ | १०० |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० |
| २.४ | आधारभूत तह प्राथमिक कक्षा १-५ मा खुद भर्ना दर | स्थानीय | ९७.५ | ९८ | ९८.५ | १०० |
| | | प्रदेश | १२६.३९ | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | |
| २.५ | आधारभूत तहको कक्षा १-५ को कक्षा छाड्ने दर | स्थानीय | १.५ | १.३ | १ | ०.५ |
| | | प्रदेश | ४ | | | |
| | | राष्ट्रिय | ३.२४ | | | |
| २.६ | आधारभूत तहको कक्षा १-५ को कक्षा दोहोराउने दर दर | स्थानीय | १०.९ | १२ | ८ | ३ |
| | | प्रदेश | १२.२५ | | | |
| | | राष्ट्रिय | ८.४९ | | | |
| २.७ | आधारभूत तहको कक्षा १-५ को कक्षा उतिर्ण दर | स्थानीय | ७९.६ | ८३.२ | ८५ | ९० |
| | | प्रदेश | ७९.१५ | | | |
| | | राष्ट्रिय | ८३.८३ | | | |
| २.८ | आधारभूत तह प्राथमिक कक्षा ५ पूरा गर्ने दर | स्थानीय | | | | |
| | | प्रदेश | | | | |

| क्र.सं. | सूचक | | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ |
| २.९ | आधारभूत तहमा प्राथमिक कक्षा १-५ मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका | | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० |
| २.१० | आधारभूत तह प्राथमिक कक्षा १-५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | | स्थानीय | १.०४ | १.०३ | १.०२ | १ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | १.०६ | | | १.०१ |
| २.११ | आधारभूत तह कक्षा १-८ मा खुद भर्ना दर | | स्थानीय | ९५.८ | ९७ | ९८ | १०० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० |
| २.१२ | आधारभूत तह कक्षा १-८ मा कूल भर्ना दर | | स्थानीय | १२१.९ | ११५ | ११० | १०५ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर | | स्थानीय | ७७.८ | ८० | ८५ | ९५ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५.० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | | स्थानीय | ७० | ७२ | ७५ | ९० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५.० |
| २.१५ | आधारभूत तह कक्षा १-८ कूल भर्ना दरमा लैङ्गिक समता सूचक | | स्थानीय | १.०० | १.०० | १.०० | १.०० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका कक्षा ३ कोआधारभूत वा तह २ | नेपाली भाषा | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | कार्तिक मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | |
| | | गणित | स्थानीय | कार्तिक मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |

| क.सं. | सूचक | | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|
| | हासिल भएका बालबालिकाको सङ्ख्या | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका कक्षा ५ को आधारभूत तह हासिल भएका बालबालिकाको सङ्ख्या | नेपाली भाषा | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० |
| | | गणित | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० |
| | | अङ्ग्रेजी | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका कक्षा ८ को तह ३ हासिल भएका बालबालिकाको सङ्ख्या | नेपाली भाषा | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ |
| | | गणित | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० |
| | | विज्ञान | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका | जना | स्थानीय | ५६ | ३० | ० | ० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० |
| | | | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १.० | ० |
| २.२० | आधारभूत तह कक्षा १ — ८ अध्यापनरत कूल | | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |

| क.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| | शिक्षक मध्ये महिला शिक्षकको प्रतिशत | राष्ट्रिय | ४३.२६ | ४५.० | ५०.० | ५०.० |
| २.२१ | आधारभूत तह कक्षा ६ — ८ मा कक्षा छोड्ने दर | स्थानीय | १.५ | १.३ | १ | ० |
| | | प्रदेश | ३.०३ | | | |
| | | राष्ट्रिय | २.८ | | | |
| २.२२ | आधारभूत तह कक्षा ६ — ८ मा कक्षा दोहोराउने दर | स्थानीय | ५.५ | ४ | ३ | १ |
| | | प्रदेश | ६.५६ | | | |
| | | राष्ट्रिय | ५.१९ | | | |
| २.२३ | आधारभूत तह कक्षा ६ — ८ मा कक्षा उतिण दर | स्थानीय | ८८.६ | ९० | ९२ | ९६ |
| | | प्रदेश | ८५.८१ | | | |
| | | राष्ट्रिय | ८८.२ | | | |
| ३.१ | माध्यमिक तह कक्षा ९ — १२ मा खुद भर्ना दर | स्थानीय | ६०.४ | ६५ | ७० | ८० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५।० | |
| ३.२ | माध्यमिक तह कक्षा ९ — १२० मा कूल भर्ना दर | स्थानीय | ७७.४ | ८० | ८५ | ९५ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९।० |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक कक्षा ९ —१२ | स्थानीय | ०.८३ | ०.८५ | ०.८७ | ०.९५ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर | स्थानीय | ४६ | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २४.० | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|
| ३.७ | माध्यमिक तह कक्षा ९ — १२ मा कार्यरत महिला शिक्षक प्रतिशत | स्थानीय | | ११.५३ | १३ | १५ | २० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० |
| ३.८ | माध्यमिक तह कक्षा ९ — १२ मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी प्रतिशत | स्थानीय | विज्ञान | | | | |
| | | | प्रा.व्या. | १.४९ | | | |
| | | प्रदेश | विज्ञान | | | | |
| | | | प्रा.व्या. | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | |
| | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलव्धि अङ्कमा | नेपाली भाषा | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | गणित | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | विज्ञान | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| ३.१० | माध्यामिक तह कक्षा ९ — १० मा कक्षा छोड्ने दर | स्थानीय | | १.८ | १.५ | १.३ | ०.५ |
| | | प्रदेश | | २.३५ | | | |
| | | राष्ट्रिय | | १.९४ | | | |
| ३.११ | माध्यामिक तह कक्षा ९ — १० मा कक्षा दोहोराउने दर | स्थानीय | | ० | ० | ० | ० |
| | | प्रदेश | | २.४७ | | | |
| | | राष्ट्रिय | | २.१८ | | | |
| ३.१२ | माध्यामिक तह कक्षा ९ — १० मा कक्षा उतिण दर | स्थानीय | | ९७.८ | ९८ | ९८.५ | ९९ |
| | | प्रदेश | | ९१.५२ | | | |
| | | राष्ट्रिय | | ९३.४२ | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|
| | माध्यामिक तह कक्षा ११—१२ मा कक्षा छोड्ने दर | स्थानीय | | ८.५ | ६.५ | ५ | ३ |
| | | प्रदेश | | १.११ | | | |
| | | राष्ट्रिय | | ०.८९ | | | |
| ३.१३ | माध्यामिक तह कक्षा ११—१२ मा कक्षा दोहोराउने दर | स्थानीय | | ० | ० | ० | ० |
| | | प्रदेश | | २.८ | | | |
| | | राष्ट्रिय | | ०.७८ | | | |
| ३.१४ | माध्यामिक तह कक्षा ११—१२ मा कक्षा उतिण दर | स्थानीय | | ९१.५ | ९२ | ९४ | ९७ |
| | | प्रदेश | | ९१.११ | | | |
| | | राष्ट्रिय | | ९१.२७ | | | |
| ४.१. | साक्षरता दर कुल | स्थानीय | | ७३.७ | ७५ | ८० | ९० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | |
| ४.२ | साक्षरता दरमा लैङ्गिक समता | स्थानीय | | ०.७८ | ०.८० | ०.८५ | ०.९५ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा कक्षा ९ —१२ वा डिप्लोमा वा प्रि.डिप्लोमा वा सो सरह उतिर्ण जनशक्ति वार्षिक सङ्ख्या | स्थानीय | छात्रा | | | | |
| | | | छात्र | | | | |
| | | प्रदेश | छात्रा | | | | |
| | | | छात्र | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | |
| | | | छात्र | | | | |
| ६.१ | आधारभूत तह कक्षा १ —५ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | १६.११:१ | १७ | १८ | २० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ |
| ६.२ | आधारभूत तह कक्षा ६ —८ मा विद्यार्थी:शिक्षक | स्थानीय | | ३०.७३:१ | ३० | ३० | ३० |
| | | प्रदेश | | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| | अनुपात सामुदायिक विद्यालय० | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ |
| ६.३ | आधारभूत तह कक्षा १ — ८ मा विद्यार्थीःशिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | २१.३:१ | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २१.६:१ | २२ | २५ | २७ |
| ६.४ | माध्यमिक तह कक्षा ९ — १ ० मा विद्यार्थीःशिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | २१.४:१ | २२ | २५ | २७ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४:१ | | ३०:१ | ३०:१ |
| ६.५ | माध्यमिक तह कक्षा ९-१२ मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | २६.५:१ | २८ | ३० | ३० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट रू हजारमा | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० |
| ७.२ | आधारभूत तह कक्षा १-८ मा प्रति विद्यार्थी सरकारी खर्च रू हजारमा | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | |
| ७.३ | माध्यमिक तह कक्षा ९-१२ मा प्रति विद्यार्थी सरकारी खर्च रू हजारमा | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | |

## परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्रहरु

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

#### ३.१.१ वर्तमान अवस्था

प्रारम्भिक बालविकास र शिक्षा बालबालिकाहरुलाई सिकाइप्रति प्रेरित गर्न र उनीहरुको सर्वाङ्गीण विकास गर्नको लागि तयार पारिएको शैक्षिक कार्यक्रम हो । प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमले बालबालिकाहरुको शारिरीक, मानसिक, संवेगात्मक, सामाजिक र सांस्कृतिक विकासमा टेवा पुर्याउँछ । प्रारम्भिक बालविकास र शिक्षाले बालबालिकाहरुलाई कक्षा १ मा भर्ना हुनु पूर्व आधारभूत सीप सिकाइका

क्षेत्रहरु र विषयगत सीप सिकाइका क्षेत्रहरुको माध्यमबाट विभिन्न ज्ञान, सीप, धारणा र अभिवृत्ति प्राप्त गर्न सहयोग गर्छ ।यस शिक्षाले बालबालिकाहरुमा आधारभूत व्यवहारिक ज्ञान र संस्कार सिकाउँदै कक्षा १ मा अध्ययनको लागि आधारशीलाको निर्माण गराउँछ ।कक्षा १ मा भर्ना हुने शत प्रतिशत बालबालिकाहरुले प्रारम्भिक बालविकासको शिक्षा हाँसिल गरेको हुनुपर्दछ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले चार वर्षको उमेर पूरा भएका बालबालिका प्रारम्भिक शिक्षाको अनुभव नलिइ कक्षा १ मा प्रवेश गराउदा बालबालिकाले लक्षित गरेको सिकाइ हाँसिल गर्न सक्दैनन् ।

शिक्षा ऐन, २०२८ को आठौं संशोधनले वाल विकास केन्द्रलाई विद्यालय संरचनामा एकीकरण गरेपछि आधारभूत शिक्षाको परिभाषामा प्रारम्भिक बाल विकास शिक्षालाई समेत समावेश गराइएको छ । तत्कालीन शिक्षा विभागबाट विद्यालय क्षेत्र सुधार कार्यक्रम मार्फत प्रारम्भिक बाल विकास सन्चालन दिग्दर्शन, २०६१ र प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (पहिलो संशोधन २०७५) तयार गरिएको छ । बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्नुपर्ने प्राबधान उल्लेख गरेको छ । उक्त प्रारुप अनुसार चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु स्याहार विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सम्लग्न गर्न सकिने कुरा उल्लेख छ । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु रहेको छ । साधारणतय ४ (चार) वर्ष उमेर पूरा भएका बालबालिकाहरु यसमा संलग्न भएका हुन्छन् । नेपालको अनिवार्य तथा निःशूल्क शिक्षा ऐन २०७५, अनिवार्य तथा निःशूल्क शिक्षा नियमावली २०७७, राष्ट्रिय शिक्षा नीति २०७६ र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा व्यवस्था भएअनुसार प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरुको पहुँच सुनिश्चित हुनु पर्दछ । प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरुको पहुँच र गुणस्तर सुनिश्चित गर्नको लागि ठुलिभेरी नगरपालिकाको शिक्षा योजनामा यसलाई समावेश गरिएको छ ।

ठुलीभेरी नगरपालिकामा संस्थागत तथा सामुदायिक र धार्मिक गरेर २६ वटा वालविकास केन्द्रहरु रहेका छन । सामुदायिक विद्यालयमा २३ वटा आधारभुत तह सञ्चालन भएका सबै विद्यालय तथा संस्थागत २ र धार्मिकमा १ वटा वालविकास केन्दहरु रहेका छन ।हाल प्रारम्भिक वालविकासमा सबैको न्युनतम योग्यता पुगेको छ भने आधारभुत तालिम लिने शिक्षक ६० प्रतिशत रहेका छन ।

प्रारम्भिक बालविकास शिक्षामा आधार बर्ष २०८० को तथ्याङ्क हेर्दा कुल भर्नादर ७५.८ र खुद भर्नादर ५८ प्रतिशत मात्र रहेको छ । शिक्षक बिद्यार्थी अनुपात १६.११ रहेको छ भने लैङ्गिक समता सुचक ०.८२ रहेको छ । कुनैपनि प्रारम्भिक बालबिकास र शिक्षा केन्द्रहरुले न्यूनतम मापदण्ड पुरा गरेको देखिदैन ।प्रारम्भिक बालविकासर शिक्षा तहमा महिला शिक्षक ८०.७६ प्रतिशत रहेको छ प्रारम्भिक बालबिकास र शिक्षा केन्द्रहरुले पाठ्यक्रमको प्रयोग, सन्दर्भ सामग्रीहरुको प्रयोग गरेको देखिदैन । प्रारम्भिक बालबिकास र शिक्षा केन्द्रहरुमा भने चार वर्ष उमेर नपुगेका र चार वर्ष बढी उमेरका बालबालिकाहरु भर्ना भएको पाईन्छ ।यसले खूद भर्नादर र कूल भर्ना दरलाई प्रत्यक्ष असर पारिरहेको छ । अझैं पनि कतिपय स्थानहरुमा प्रारम्भिक बालविकासको लागि भवन, कक्षा कोठा, सिकाइ सामाग्रीहरु, अपाङ्गमैत्री भौतिक संरचना, पहुँचमार्ग, पोषणयूक्त दिवा खाजाको प्रयाप्त समस्या परिरहेको देखिन्छ प्रारम्भिक बालबिकास र शिक्षामा कार्यरत

सहजकर्ताहरुको समयसापेक्ष पारिश्रमिक र पेसागत सीप विकासका अवसरहरुमा कमी देखिन्छ ।यसलाई समयसापेक्ष स्रोतहरु जुटाएर सुधार गर्नु पर्ने देखिन्छ ।यी समस्याहरुले गर्दा प्रारम्भिक बालविकासमा अध्ययनरत बालबालिकाहरुको सिकाइमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभाव परिरहेको छ । यी समस्याहरुलाई समाधान गर्न संघ, प्रदेश, स्थानिय सरकार लगायत सबै सरोकारवालाहरुको सहयोग अपरिहार्य देखिन्छ ।
भौतिक संरचनाको हिसाबमा बालबालिकाको संख्या अनुसार कोठाहरु प्रयाप्त रहेका छन् । केही विद्यालयमा भौतिक पूर्वाधारको अभाव र अवस्था जिर्ण रहेको छ । वालमैत्री वातावरण निर्माण र सुधार गर्न अत्यावश्यक रहेको छ । बालबालिकालाई सहज रुपमा कक्षाकोठा भित्र बस्ने वातावरण प्रभावकारी रहेको छ । कक्षाकोठामा छापामय अवस्था, मैत्रीपूर्ण बसाइ, सहज रुपमा पिउनेपानीको उपलब्धता लगायतका सुविधाहरु राम्रो भएका विद्यालयका बालबालिकालाई पढाइ प्रतिको रुचि जागरण गर्न सहज भएको छ । बालविकास केन्द्रको समग्र अवस्थालाई थप सुधार गर्नु पर्ने देखिन्छ । बालविकास सहजकर्ताले सम्बन्धित विद्यालयमा अन्य कक्षाहरु पनि अध्यापन गर्नुपर्ने बाध्यता रहेको छ । समुदाय स्तरमा पनि बालविकास केन्द्रमा सहि उमेर समुहका बालबालिकालाई मात्र बालविकास केन्द्रमा पठाउन सहजिकरण गर्ने र यसका लागि अभिभावक सचेतना तथा शिक्षक र सरोकारवालाबाट विभिन्न अभियानहरु सञ्चालन गर्नु पर्ने देखिन्छ । बालविकास केन्द्रमा विभिन्न उमेर समुहका विद्यार्थी उपस्थित हुँदा समग्र रुपमा लिईएको उदेश्य हासिल गर्न कठिनाइ भएको देखिन्छ । प्रयाप्त खेल सामग्री बालबालिकालाई रमाउने र सिक्ने वातावरणमा थप सेवा प्रवाह गरी सहजकर्तालाई पनि निरन्तर तालिम र उत्प्रेरणाको आबश्यक पर्ने देखिन्छ । समुदायमा बालबालिकालाई प्रारम्भिक बालविकासको सेवा प्रवाहमा मद्धत पुर्याउन अभिभावकको सचेतनाका कार्यक्रम गर्न आबश्यक देखिन्छ । अभिभावकहरुको बालबालिकाको विभिन्न पक्षको विकास र गुणस्तरमा सुधार ल्याउने विषयमा थप ज्ञान प्रदान गर्न विभिन्न समुदाय परिचालनका कार्यक्रम गर्नुपर्ने देखिन्छ ।

### ३.१.२ उद्देश्य

सबै बालबालिकाहरुलाई गुणस्तरिय प्रारम्भिक बालबिकास र शिक्षाको अवसर सुनिश्चित गर्न निम्नलिखित उद्देश्यहरु किटान गरिएको छ ।

क) प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरुको समतामूलक र सहभागितामूलक पहुँच सुनिश्चित गर्नु।

ख) सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु ।

ग) प्रारम्भिक बालविकास सहजकर्ताको क्षमता विकास र प्रोत्साहनमा प्रेरित गर्नु ।

घ) सबै बालविकास केन्द्रहरुमा न्यूनतम मापदण्ड पुरा गरी बालबालिकाको लागि सिकाइको लागि सुरक्षित वातावरण निर्माण गर्नु ।

ङ) प्रारम्भिक बालविकास र शिक्षाका लागि आबश्यक नीति, नियम तथा मापदण्ड र कार्यविधीहरु निर्माण गर्ने तथा कार्यान्वयन गर्नु ।

३.१.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु पूरा गर्नको लागि तपशिलका रणनीतिहरु अवलम्बन गरिने छ ।

क) प्रारम्भिक बालविकास शिक्षामा सबै बालबालिकाहरुको समतामूलक र सहभागितामूलक पहुँच सुनिश्चित गर्नको लागि निर्धारित न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सन्चालन गर्ने ।

ख) भौगोलिक जटिलता र लक्षित समुदायका बालबालिकाहरुका लागि नमूना समुदायमा आधारित तथा कलस्टर वा घुम्ति वालविकास केन्द्र विकास गरी सिकाइ सुनिश्चित गर्ने ।

ग) वालविकासको शैक्षिक गुणस्तर सुनिश्चित गर्न र सिकाइको सुद्धृढिकरणका लागि शिक्षकको क्षमता विकास, पाठ्यक्रम प्रवोधिकरण, अभिभावक सचेतिकरण जस्ता कार्यक्रमहरु सन्चालन तथा कार्यान्वयन गर्ने ।

घ) बालविकास शिक्षकहरुको पेशागत दक्षता अभिवृद्धि गर्नुका साथै समय सापेक्ष पारिश्रमिक बढाउन सम्भव भए सम्म स्रोतको व्यवस्थापन गर्ने।

ङ) बालबालिकाहरुको सिकाइलाई सुनिश्चित गर्न अभिभावक शिक्षामा जोड दिने ।

च) संघीय सरकारले अवलम्बन गरेका मापदण्ड र ढाँचा अनुसार अनुदानका आधारमा बालविकास तथा शिक्षाको सन्चालन तथा व्यवस्थापन गर्ने ।

छ) प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिएर आएकाब बालबालिकालाई मात्र कक्षा १ मा भर्ना गर्ने नीति अवलम्बन गर्ने ।

ज) आवश्यकता अनुसार नयाँ प्रारम्भिक बालबिकासर र शिक्षा केन्द्र थप गर्ने, घटाउने वा समायोजन गर्ने ।

झ) राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने ।

ञ) प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारीता वृद्धिको लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालय बीच सहकार्य गर्ने ।

ट) बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री र बालउद्यानको व्यवस्थापन गर्ने ।

ठ) अपाङ्गता भएका बालबालिकाको शैक्षिक वातावरण र पुहँच सुनिश्चितताका लागि आबश्यकता अनुसारको शैक्षिक सामग्री तथा आवास एवम् सहजिकरणका लागि तालिम प्राप्त शिक्षकको प्रवन्ध मिलाउने ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

क) ४ बर्ष उमेर पुगेका सबै बालबालिकालाई गुणस्तरिय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

ख) प्रारम्भिक बालविकास र शिक्षाबाट बन्चित बालबालिकाहरुलाई समावेश गराई उनीहरुको सिकाइ सुनिश्चित भएको हुने ।

ग) सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्युनतम मापदण्ड पुरा गरेको हुनुपर्नेछ । साथै सबै शिक्षकहरुले आधारभुत तालिम लिएको हुनेछन र ।

घ) सम्भव भए सम्म कक्षा १ मा भर्ना हुने शत प्रतिशत बालबालिकाहरुले प्रारम्भिक बालबिकासको अनुभव हाँसिल गरेका हुनेछन ।

ङ) प्रारम्भिक बालविकास र शिक्षाका लागि आबश्यक नीति नियम र मापदण्डहरु निर्माण भएको र कार्यान्वयन भएको हुनेछ ।

**नतिजा तथा परिमाणत्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कूल भर्ना संख्या | ६३६ | ६३६ | ६५० | ६७० | ६९० | ७०० | ७१० | ७२० |
| २ | न्युनतम् मापदण्ड पूरा गरेका बालविकास केन्द्रको संख्या | ० | २ | ५ | १० | १५ | २० | २३ | |
| ३ | प्रारम्भिक बालविकासमा खुद भर्नादर | ७५.८ | ७५.८ | ७७ | ८० | ८५ | ९० | ९५ | १०० |
| ४ | प्रारम्भिक बालविकासमा खुद भर्नादर | ५८ | ६० | ६५ | ६७ | ७० | ७५ | ८० | ९५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | शिक्षक विद्यार्थी अनुपात | १६.११ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ |
| ६ | लैङ्गिक समता सुचक | ०.८२ | ०.८५ | ०.८७ | ०.९० | ०.९१ | ०.९२ | ०.९३ | ०.९७ |

३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य :

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको पाठ्यक्रम प्रबोधिकरण | जना | | २३ | | | २३ | प्रति वर्ष | पालिका |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा बालबालिकाको अभिलेखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| ३ | प्रारम्भिक वाल विकास सहजकर्ताहरुलाई प्रोत्साहन अनुदान | जना | २३ | २३ | २३ | २३ | २३ | २३ | विद्यालय |
| ४ | प्रारम्भिक वाल विकास सहजकर्ताहरुलाई प्रोत्साहनका लागि पुरस्कृत गर्ने | जना | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ५ | पोषणयुक्त दिवाखाजाको व्यवस्था | केन्द्र | २३ | २३ | २३ | २३ | २३ | २३ | पालिका विद्यालयमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | शैक्षणिक सामाग्री तथा खेल सामाग्री (भित्री तथा बाहिरी) | केन्द्र | ३ | ५ | ५ | ५ | ५ | निरन्तर | पालिका |
| ७ | वालविकास सहजकर्ताको क्षमता विकास र पेसागत सहयोग | पटक | १ | | | १ | | ३ | पालिका |
| ८ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा अन्य स्वास्थ्य सुविधा प्रदान | पटक | २ | २ | २ | २ | २ | १० | पालिका |
| ९० | अभिभावक शिक्षा | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| १० | वालवालिका र अभिभावकका लागि मनोपरामर्श | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| ११ | स्थानीय शैक्षणिक सामग्रिको निर्माण | केन्द्र | २३ | २३ | २३ | २३ | २३ | २३ | पालिका |
| १२ | वि.व्य.स. शि.अ.स, अभिभावक अन्तरक्रिया | पटक | | १ | १ | १ | १ | ५ | पुनवितरण गर्ने |
| १३ | कक्षा कोठाको व्यबस्थापन कार्पेटिङ तथा भित्ता लेखन आदी तथा अपाङ्गता भएका बालबालिको लागि शैक्षिक सामग्रीहरु समेत | केन्द्र | ३ | ५ | ५ | ५ | ५ | निरन्तर | पालिका |
| १४ | नमुना बालविकास केन्द्रको स्थापना | केन्द्र | | १ | १ | १ | १ | ५ | पालिका |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

बालबालिकाको चैतर्फी विकासमा प्रत्यक्ष प्रभाव पार्ने शिक्षा आधारभूत तहको शिक्षाले हो । बालविकासको तीव्र विकासका कारणले यस शिक्षाले जीवनमा सामाजिक कारण तथा गुणस्तरीय जीवनयापनमा सहयोग पुग्ने तह हो । जीवनपर्यन्त सिकाई मार्ग प्रशस्त गरी राष्ट्रको सामाजिक साँस्कृतिक तथा आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । नेपालको संबिधान, २०७२ ले आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क हुने भनेर मौलिक हकमा सुनिश्चित गरेको छ । आधारभूत तहको शिक्षालाई आधार शिक्षाको रुपमा विष्लेशण भएको छ अर्थात राज्यमा न्यूनतम शैक्षिक योग्यताको मानक तह नै आधारभूत तह हो । यस तहको शिक्षामा समता र गुणस्तर सुनिश्चित गर्ने दायित्व सरकारको हो । नेपालको संबिधान, २०७२ ले प्रत्येक नागरीकलाई आधारभूत शिक्षामा पहुँच हुने, अनिवार्य र निःशुल्क शिक्षा पाउने हक हुनेछ भनेर किटान छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले यस तहको शिक्षा प्रदान गर्ने दायित्व संघ, प्रदेश र स्थानीय सरकारको हुने र आधारभूत तहको सबै बालबालिकालाई विद्यालय पठाउनु अभिभावक एवं नागरीकको कर्तव्य हुनेछ । आधारभूत तह शिक्षा स्थानीय तहको सरकारको एकल अधिकारभित्र रहेको भएपनि प्रदेश तथा संघीष सरकारको दायित्व भित्र पनि रहेको छ । कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच गुणस्तरको तथा समता एवं व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरु पहिचान गरी आगामी ५ वर्षका लागि र थप अवधीका लागि समेत यस तहको शिक्षा विकासका उद्देश्य रणनीति, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्यहरु उल्लेख गरिएको छ ।

ठुलीभेरी नगरपालिकामा २७ वटै विद्यालयमा आधारभुत तह सञ्चालनमा रहेका छन् । जसमा २ वटा संस्थागत र १ वटा धार्मिक विद्यालय रहेका छन भने बाँकि सबै सामुदायिक विद्यालय रहेका छन ।आधारभुत तहमा सामुदायिक र संस्थागतमा गरी जम्मा २२५० जना बिद्यार्थी रहेका छन भने जसमा ११२८ जना छात्रा रहेका छन । लैङ्गिक समता सुचक १.०४ रहेको छ । आधारभुत तहमा कक्षा १ मा कुल प्रवेश दर १२०.९९ र खुद प्रबेश दर ९५.९ रहेको छ । त्यसैगरी कक्षा १ देखि ८ सम्मको कुल भर्ना दर १२१.९ र खुद भर्नादर ९५.८ रहेको छ । कक्षा (१-५) को कुल भर्ना दर र खुद भर्ना दर क्रमश १३४.५ र ९७.५ तथा कक्षा (६-८) को कुल भर्ना दर र खुद भर्ना दर क्रमश ९७.८ र ९२.७ रहेको छ । कक्षा ८ को खुद टिकाउ दर ७७.८ रहेको छ । कक्षा (१-५) र कक्षा (६-८) को कक्षा उत्तीर्णदर क्रमशः ७९.१५ प्रतिशत र ८८.६ प्रतिशत रहेको छ । कक्षा (१-५) र कक्षा (६-८) को विद्यालय छोड्ने दर क्रमशः ४ प्रतिशत र १.५ प्रतिशत रहेको छ । यस नगरपालिकामा आधारभूत तहको शिक्षक बिद्यार्थी अनुपात १२१.३ रहेको छ ।आधारभुत तहमा विद्यार्थी संख्या कम देखिएको भएता पनि भौगोलिक अवस्था, विद्यालय संख्याका आधारमा कक्षागत शिक्षक अभावले वालवालिकाको सिकाइ प्रभावकारी हुन सकेको छैन । बहुकक्षा शिक्षण हुने तर बहुकक्षा शिक्षणको तालिम र श्रोत व्यबस्थापन नहुदा समस्याहरु देखिएका छन् । कक्षा कोठाको व्यवस्थापन, प्रयाप्त सन्दर्भ सामग्रीको अभाव, शैक्षिक सामग्रीको अप्रयाप्तता तथा कक्षाकोठा व्यबस्थापनको प्रभावकारी कार्यान्वयन नहुनु जस्ता समस्या र चुनौती विद्यालयहरुमा रहेका छन् । बालबालिकाहरु जिविकोपार्जनका सवालमा घरायसी कामकाजमा रुमलिनु पर्ने जस्ता कारणले बालबालिकाहरु विद्यालय छाडेर अन्य काममा गएको अवस्था छ । शिक्षकलाई नियमित तालिम नहुनु,

प्रतिस्पर्धात्मक वातावरण यस तहमा अपेक्षा अनुसार कम भएको अवस्था छ । कक्षाकोठाको अनुगमन तथा पेशागत सुधार सहयोग, शिक्षक विद्यार्थी अनुपात सुधार, शिक्षकलाई नियमित तालिम, अभिभावक शिक्षा तथा वैकल्पिक रुपमा आर्थिक वृद्धिकालागि अवसर हुने वातावरण वनाउन सकिएमा यस उमेरका बालबालिकाहरुले कक्षा छाड्ने छैनन् । विपन्न तथा कमजोर परिवारका बालबालिकालाई छात्रवृत्ति तथा अन्य स्टेशनरीको व्यवस्थापन गर्दै विधालयमा बालमैत्री वातावरण तथा खेलकुदका सामान व्यवस्थापन हुन सकेमा यस तहमा हुने गरेको शैक्षिक क्षति कम गराउदै कक्षा छाड्ने दरमा सुधार ल्याउन सकिनेछ साथै वालवालिकाको शैक्षिक गुणस्तरमा सुधार ल्याउन तथा सिकाइ उपलब्धिमा सुधार ल्याउन सकिन्छ ।

### ३.२.२ उद्येश्य

आधारभूत तहको शिक्षामा सवैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर सुधार गर्नका लागि निम्न लिखित उद्येश्यहरु किटान गरिएको छ ।

(क) आधारभूत तहको विद्यालय उमेरका सवै बालवालिकाहरुलाई आधारभूत तहको शिक्षा पूरा गर्ने व्यवस्था सुनिश्चित गर्नु ।

(ख) अनिवार्य तथा निःशुल्क आधारभूत तहको शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सवैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

(ग) आधारभूत तहको शिक्षा पूरा गरेका सवै बालवालिकाहरुलाई न्युनतम सिकाइ उपलब्धि हाँसिल हुने अवस्था सुनिश्चित गर्नु ।

(घ) आधारभूत तहको विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, समावेशी, समतामूलक र सुरक्षित बनाउनु ।

(ङ) आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयवस्तुलाई एकिकृत गरी सिकाइ क्रियाकलापहरु सञ्चालन गर्नु ।

(च) सिकाइ उपलब्धिमा सुधार ल्याउन शिक्षकको पेसागत विकास, सिकाइ सहजीकरण र प्रोत्साहन व्यवस्थापनमा जोड दिनु ।

(छ) विद्यार्थी मूल्याङ्कन प्रणाली र सूचना सञ्चार प्रविधिलाई सिकाइको अभिन्न अंगको रुपमा विकास गर्नु ।

(ज) विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारी र जलवायु परिवर्तन लगाएतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्नु ।

झ) आधारभुत तहका बालबालिकालाई आधारभुत स्वास्थ्य, खोप तथा खानेपानी सरसफाइको पहुँच अभिबृदि गर्नु ।

### ३.२.३ रणनीति

ठुलीभेरी नगरपालिकाको आधारभूत तहकोअ शिक्षाका उदेश्यहरु पूरा गर्न निम्न अनुसारका रणनीतिहरु अवलम्बन गरिनेछ ।

(क) अनिवार्य तथा निःशुल्क आधारभूत तहको शिक्षाको कार्यान्वयन गर्न स्थानिय तहले थप आवश्यक कानून तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाउने छ ।

(ख) आधारभूत तहमा न्युनतम सिकाइ उपलब्धि हाँसिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्र.अ र प्र.अलाई स्थानिय तह प्रति जवाफदेही हुने प्रणालीको विकास गरिनेछ ।

(ग) आधारभूत तहको विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण समावेशी, बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित बनाउन प्रदेश तथा संघीय सरकारसंग समन्वय र साझेदारी गरी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

(घ) आधारभूत तहका बालबालिकाहरुको शैक्षिक उपलब्धि सुधार गर्न शिक्षकका पेसागत तालिमहरु सञ्चालन गरी कार्यान्वयन गरिने छ ।

(ङ) विद्यार्थी मूल्याङ्कन प्रणाली र सूचना प्रविधि प्रणालीलाई सिकाइको अभिन्न अंगसँग जोड्दै विद्यार्थीका दैनिक क्रियाकलापसंग अन्तरसम्बन्धित गराई व्यवस्थित गरिनेछ।

(च) आफ्नो विद्यालय क्षेत्र भन्दा बाहिर रहेका सबै बालवालिकाहरुको यथार्थ विवरण संकलन गरी उनीहरुको पहँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

(छ) शिक्षक, कर्मचारी र प्र.अको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन तथा सूचना सञ्चार प्रविधिसंग परिचित गराई शैक्षिक गुणस्तर अभिवृद्धि गरिने छ ।

(ज) वि.व्य.स, शि.अ.स र अभिभावकहरुको क्षमता विकास गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

(झ) महामारी, प्रकोप तथा अन्य संकटहरुबाट बालवालिकाहरुको शिक्षण सिकाइमा प्रभाव पर्न गएमा त्यसको क्षतिपूर्तिको लागि नयाँ शिक्षण योजना बनाई लागु गरिनेछ ।

(ञ) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानिय स्वास्थ्य ईकाई तथा संघसंस्थाहरुको सहकार्यमा स्थानिय तहले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।

(ट) विद्यार्थीहरुलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श कार्य उपलब्ध गराईनेछ ।

(ठ) दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित र गुणस्तरिय बनाईनेछ र यसमा पोषणयुक्त दिवा खाजाको प्रवन्ध मिलाइने र खाजा मेनु तयार गरिनेछ ।

(ड) राष्ट्रिय पाठ्यक्रम प्रारुप -२०७६ अनुसार निर्माण भएको आधारभुत तह (कक्षा १-८) को स्थानिय पाठ्यक्रम हाम्रो ठुलीभेरी राम्रो ठुलीभेरीको बारेमा सवै शिक्षकहरुलाई तालिम प्रदान गरिनेछ साथै पाठ्यपुस्तकको निर्माण र प्रयोग गरिनेछ ।

(ढ) विद्यालय नक्साङ्कन, पूनर्वितरण तथा समायोजन गर्ने ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

(क) आधारभूत तहमा अध्ययनरत सबै बालवालिकाहरुको सिकाइ उपलब्धिमा अपेक्षित सुधार भएको हुनेछ ।

(ख) अनिवार्य तथा निःशुल्क आधारभूत तहको शिक्षामा सबै बालवालिकाहरुको पहुँच र सहभागिता सुनिश्चित भएको र गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

(ग) सबै विद्यालयहरुमा तोकिएको न्यूनतम मापदण्ड पुरा भएको हुनेछ ।

ङ) सम्पुर्ण विद्यालयहरु विभिन्न हिसाबमा जस्तै अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री र सुरक्षित वातावरण निर्माण भएको हुनेछ ।

च) भौतिक तथा शैक्षिक सामाग्रीको उपल्ब्धता भई समावेशी वातावरणमा विद्यार्थी सक्रिय सिकाइ प्रणालीमा सिकाइ हुनेछ ।

छ) दिवा खाजा निर्देशिका २०७६ को मर्म अनुसार विद्यालयमा नै तयार गरेर स्थानीय पौष्टिक तत्व भएको खाजा तोकिएको अवधिसम्म नियमित पाएको हुनेछन ।

ज) आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने र खुद भर्ना दर कुल भर्ना दर बिचको अन्तर कम हुने तथा सही उमेर समुहका बालबालिकाहरु सही कक्षामा रहेको हुनेछन।

झ) शिक्षक, वि.व्य.स. वाल क्लव, किशोरी क्लव, स्टीम क्लव लगायत सबैको क्षमता विकास भै सक्रियतापूर्वक कार्य गरेको हुनेछन ।

नतिजा तथा परिमाणात्मक लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह कक्षा (१–५) मा शिक्षक र विद्यार्थी अनुपात | १:१५.८४ | १:१७ | १:१८ | १:१९ | १:२० | १:२१ | १:२२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तह कक्षा (१-५) मा कूल भर्नादर | १३४.४७ प्रतिशत | १३० | १२८ | १२५ | १२० | ११५ | १०५ |
| ३ | आधारभूत तह कक्षा (१-८)मा कूल भर्नादर | १२१.९ प्रतिशत | १२० | ११८ | ११७ | ११५ | ११० | १०५ |
| ४ | आधारभूत तह कक्षा (१-५)मा खूद भर्नादर | ९७.५ प्रतिशत | ९८ | ९८.२ | ९८.८ | ९९ | ९९.२ | १०० |
| ५ | आधारभूत तह कक्षा (१-८) को खूद भर्ना दर | ९५.८ प्रतिशत | ९६ | ९६.५ | ९७ | ९७.५ | ९८ | १०० |
| ६ | आधारभूत तह कक्षा (१-५) को कक्षा छोड्ने दर | १.५ प्रतिशत | १.५ | १.५ | १ | १ | ०.५ | ०.५ |
| ७ | कक्षा (६-८) को कक्षा छोड्ने दर | १.५ प्रतिशत | १.५ | १.५ | १ | १ | ०.५ | ०.५ |
| ८ | कक्षा (१-५) को कक्षा दोहर्याउने दर | १२ प्रतिशत | ११ | ११ | १० | ८ | ७ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | कक्षा (६–८) को कक्षा दोहोर्याउने दर | ५.५ प्रतिशत | ५ | ५ | ४.५ | ३.५ | ७ | ५ |
| १० | कक्षा (१–५) को उत्तीर्ण प्रतिशत | ८३.२ प्रतिशत | ८३ | ८५ | ८७ | ८९ | ९० | ९३ |
| ११ | कक्षा (६–८) को उत्तीर्ण प्रतिशत | ८८.६ प्रतिशत | ८९ | ९० | ९१ | ९२ | ९३ | ९५ |

### ३.२.५ प्रमख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | कसले |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भित्र ल्याउन सरोकारवालाहरुको अभिमुखीकरण (वडागत) | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| २ | छात्रबृत्ति | जना | १२०० | १२५० | १३०० | १३५० | १४०० | ७२०० | पालिका |
| ३ | अपाङ्गता भएको विद्यार्थीका लागि शैक्षिक सामग्रि वितरण | पटक | | १ | १ | १ | १ | ५ | पालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | शिक्षक तथा विद्यालय कर्मचारी प्रोत्साहन एंव पुरस्कृत कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका , |
| ५ | शिक्षण सिकाइ सामग्री व्यवस्था | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| ६ | शिक्षकको क्षमता विकास एंव पेसागत सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ७ | स्थानीय पाठ्यक्रमको प्रबोधिकरण | पटक | | १ | | | | २ | पालिका |
| ८ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण र वितरण | पटक | | १ | १ | | १ | १ | पालिका |
| ९ | विद्यालय विपद जोखिम व्यवस्थापन योजना | पटक | १ | | | | | परिमार्जन | पालिका |
| १० | सूचना तथा सञ्चार प्रविधिको प्रयोग, कम्प्यूटर ल्याव, इ हाजिरी, सि.सि.टिभि आदि) | विद्यालय | ११ | | ४ | ४ | ५ | निरन्तर सहयोग | विद्यालय |
| ११ | स्टीम ल्याब स्थापना र प्रयोग | विद्यालय | ४ | ५ | ५ | ५ | ५ | निरन्तर | पालिका |
| १२ | कक्षा कोठा ब्यबस्थापन र छापामय कक्षाकोठा | विद्यालय | ४ | ५ | ५ | ५ | ५ | निरन्तर | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | निर्माण | | | | | | | | |
| १३ | विषयगत तथा विद्यार्थी संख्याको आधारमा शिक्षक व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| १४ | कक्षा ५ र ८ को स्तरीकृत परिक्षा व्यबस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका वडा |
| १५ | विद्यालयमा दौतरी शिक्षा तथा वाल कलवको क्षमता विकास | विद्यालय | २४ | २४ | २४ | २४ | २४ | २४ | पालिका |
| १६ | आधारभूत तहको विद्यार्थी सिकाइ उपलब्धी परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| १७ | अभिभावक शिक्षा | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| १८ | शिक्षक पेशागत सहयोग संरचना निर्माण र कार्यान्वयन, विज्ञ समुह, विषय विज्ञहरुलाई अभिमुखीकरण तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| १९ | अन्तर विद्यालय भ्रमण र सिकाइ आदान प्रदान | पटक | | १ | | १ | | २ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २० | विद्यालय स्तरमा पढाइ उत्सब तथा प्रतियोगिताका कार्यक्रमहरु | पटक | | १ | १ | १ | १ | ५ | पालिका |

### ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

नेपालमा शिक्षाको संरचना अनुसार कक्षा ९-१२ लाई माध्यमिक तह अन्तर्गत राखिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले समेत माध्यमिक तहलाई कक्षा १२ सम्म भनेको छ । सिकाइको आधारमा यस तहदेखि शिक्षा कामका लागि भन्ने स्तरमा रहेको छ यस अर्थमा बालबालिकाले यस तहबाट सिकेका बिषयहरुलाई व्यवबहारीक रुपमा कार्यान्वयन गर्दछन । यो तह भनेको उच्च शिक्षा प्रवेशको पूर्व तयारी गर्ने समयको हिसाबमा महत्वपूर्ण रुपमा रहेको छ । माध्यमिक तहसम्मलाई निःशुल्क रुपमा पाउने व्यवस्था गरिएको छ । स्थानीय तहको जिम्मेवारी हुने गरी माध्यमिक तहको शिक्षा व्यवस्थापन नेपालको संविधान २०७२ ले स्पष्ट रुपमा स्थानीय तहको हुने भनेको छ । माध्यमिक शिक्षामा वर्तमान अवस्थामा व्यवस्था भए अनुसार माध्यमिक तहमा साधारण र प्राविधिक गरी २ धारहरुमा शिक्षालाई व्यवस्थापन गरेको छ । कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम लागू गरिएको छ । प्राविधिक धारका विद्यालयहरुमा कक्षा ९ देखि नै अलग धारका रुपमा सञ्चालन हुने व्यवस्था गरेको छ । माध्यमिक तहको शिक्षा पनि स्थानीय तहको एकल अधिकार क्षेत्रको रुपमा अङ्गिकार गरेकोले सो कार्यान्वयन सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय तहहरुले नीति नियम कार्यक्रमहरु तयार गरी योजनामा समावेश गर्ने गरिएको छ । ठुलीभेरी नगरपालिकामा ४ वटा सामुदायिक विद्यालयहरुमा माध्यमिक तहको पढाइ हुने गरेको छ । उक्त ४ वटा विद्यालयहरु मध्य २ वटा विद्यालयमा कक्षा १० सम्मको मात्र पढाइ हुने गरेको छ भने २ वटा विद्यालयमा कक्षा १२ सम्म नै पढाइ हुने गरेको छ । २०८१ को इमिस अनुसार माध्यमिक तहमा जम्मा छात्रा ३१३ र छात्र ३७६ जना गरेर जम्मा ६८९ जना बिद्यार्थी रहेका छन । माध्यमिक तहमा जम्मा २६ जना शिक्षकहरु रहेका छन । माध्यमिक तहमा महिला शिक्षक जम्मा ३ जना मात्र रहेका छन । माध्यामिक तहमा शिक्षक बिद्यार्थी अनुपात १:२६.१९ रहेको छ । त्यसै गरी माध्यमिक तहको कुल भर्नादर ७७.४ र खुद भर्नादर ६०.४ प्रतिशत रहेकोछ । लैङ्गिक समता सुचक माध्यमिक तहमा ०.८३ रहेको छ । कक्षा (९ -१०) को उत्तीर्ण दर ९७.८ प्रतिशत रहेको छ । साथै, कक्षा (११ - १२) को उत्तीर्णदर ९१.५ प्रतिशत रहेको छ ।कक्षा (९- १०) को कक्षा छोड्ने दर १.८ प्रतिशत रहेको छ । कक्षा (११ -१२) को कक्षा छोड्ने दर ८.५ प्रतिशत रहेको छ । माध्यमिक तहमा अध्यापन गराउने सम्पूर्ण शिक्षकहरु न्यूनतम योग्यताको रहेको र ७० प्रतिशत माध्यमिक तहका शिक्षकहरुले आधारभूत तहको तालिम लिएको अवस्था छ । विषयगत शिक्षकको आपूर्ति प्रक्रियाको सन्दर्भमा स्थायी शिक्षक न्युक्ति शिक्षक सेवा आयोगको सिफारिस अनुसार हुने गरेको छ भने अस्थायी/करार शिक्षकको नियुक्ति पालिकाद्वारा छनौट प्रक्रिया पूरा गरी गरीन्छ । माध्यमिक तहमा

बालबालिकाको लागि प्रयोगात्मक सिकाइहरु अत्यन्त न्यून हुने गरेका छन । माध्यमिक तहमा बिषयगत शिक्षकको अभाव, शिक्षक क्षमता विकासको अभाव, अपाङ्ग तथा अन्य हिसाबमा मैत्रिपूर्ण भौतिक संरचनाको अभाव, प्रयास शैक्षिक तथा सन्दर्भ सामग्रीको अभाव, सुचना तथा सञ्चार प्रविधिको पुँहच तथा प्रयोगमा समस्या, विद्यालय अनुगमन तथा निरिक्षण लगायतका क्षेत्रमा समस्याहरु र चुनौतीहरु रहेका छन् ।

### ३.३.२ उद्देश्यहरु

माध्यमिक तहको गुणस्तरीय शैक्षिक सुधार तथा माध्यमिक तहमा समतामूलक र प्रविधिमैत्री तथा समयानुकुल शैक्षिक सुधारका लागि निम्नानुसारका उदेश्यहरु किटान गरिएको छ ।

(क) माध्यमिक तहका विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

(ख) माध्यमिक तहको विषयगत तथा समग्र सिकाई उपलब्धिमा वृद्वि गर्नु तथा माध्यमिक तहमा कक्षा छोड्ने दरमा कमी ल्याउनु एवम लैङ्गिक समतामा बराबरी अवस्थामा पुर्याउनु।

(ग) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु र क्षमता विकास तथा संस्थागत विकास गर्नु।

(घ) माध्यमिक विद्यालयमा सुचना प्रविधको उच्चतम प्रयोग गरी बिधार्थीको पहुँच अभिबृद्धि गर्नु ।

(ङ) माध्यमिक तहमा आपतकालिन अवस्थामा समेत शिक्षण सिकाई क्रियाकलापलाई निरन्तरता दिन सकिने अवस्था निर्माण गर्नु र यसका लागि सबैको पहुँच सुनिश्चिता गर्नु।

(च) शिक्षण सिकाई क्रियाकलाप समय सापेक्ष बनाउँदै सिकाइलाई दैनिक जीवनसंग सम्बन्धित गर्नु र प्रयोगातम्म शैक्षिक किरयाकलापहरु सञ्चालन गर्नु ।

(छ) विद्यालय प्रशासन र व्यवस्थापनलाई सुधार गरी जवाफदेही बनाउनु र माध्यमिक तहका विद्यालयहरुलाई उच्च शिक्षाको लागि प्रभाबकारी आधार तय गर्नु ।

(ज) माध्यमिक तहमा सबै बालवालिकाहरुको समतामूलक पहुँच सुनिश्चित गर्नु तथा माध्यमिक तहमा विद्यालय छोड्ने दर न्यून गर्नु ।

ञ) शैक्षिक विकास साथ साथै मानवीय वौद्धिक पक्षका विकासमा सक्रिय बनाउने र अतिरिक्त क्रियाकलापहरु जस्तै व्यवसायीक शिक्षा र सिप अभिबृद्धिका कार्यमा जोड दिनु ।

### ३.३.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु पूरा गर्नको लागि देहायका रणनीतिहरु अवलम्बन गरिने छ ।

(क) संघीय र प्रादेशिक सरकारसंग सहयोग, समन्वय र सहकार्य गरी माध्यमिक विद्यालयको क्षमता विकास गरिने छ ।

(ख) सबै बालवालिकाहरुलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चित गरिने छ र ।

(ग) माध्यमिक विद्यालयहरुमा सूचना प्रविधिको विकास गरी शिक्षण सिकाईलाई प्रवर्द्धन गरिने छ ।

(घ) संघीय र प्रादेशिक सरकारसंग सहयोग, समन्वय र सहकार्य गरी शिक्षकहरुलाई पेशागत क्षमता विकास तथा पुनर्ताजकी तालिमको व्यवस्था गरिने छ ।

(ङ) विद्यालयहरुको वास्तविक अवस्था र नक्साङ्कन गरी सवै बालवालिकाहरुको पहुँच सुनिश्चित गर्न आबश्यकता अनुसारको माध्यमिक तह थप गर्ने । हाल एक वटा आधारभुत तहको विद्यालयलाई माध्यमिक तहमा तह अभिबृद्धि गर्ने ।

(च) विद्यार्थी मूल्याङ्कन प्रणालीलाई जीवनउपयोगी सिकाइसंग जोडेर सञ्चालन गरिने छ ।

(छ) सिकाई उपलब्धि कम भएका विषय र विद्यार्थी पहिचान गरी सुधार गर्न कार्ययोजना बनाई लागु गरिने छ ।

(ज) अति विपन्न बालवालिकाहरुलाई समावेशीताको आधारमा समयानुकूल छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

(झ) विद्यालय बाहिर रहेका बालवालिकाहरुका लागि बैकल्पिक माध्यमका शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ यसका लागि दुर शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।

(ञ) विद्यालय प्रशासन र व्यवस्थापनलाई चुस्त र प्रभावकारीरुपमा सञ्चालन गर्न दक्षता विकास कार्यक्रहरु सञ्चालन गरिनेछ ।

(ट) विद्यालय प्र.अ, कर्मचारी, वि.व्य.स र शि.अ.संको क्षमता विकास सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(ठ) आवधिक रुपमा सिकाईको मूल्याङ्कन गरी विद्यार्थीको सिकाई प्रति जवाफदेही हुने प्रणाली विकास गरिनेछ ।

(ठ) शिक्षक विव्यस तथा बिधार्थीहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ र उनीहरुलाइ विभिन्न तवरमा आङफःनो जिम्मेबारी प्रति उत्तरदायी बनाइनेछ ।

(ढ) शिक्षकको पेशागत तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ र सिकाइ आदान प्रदानको वातावरण निर्माण गरिनेछ ।

(ण) सबै माध्यमिक तहका विद्यालयहरुमा न्यूनतम मापदण्डहरु पुरा गरी सुरक्षित सिकाई वातावरण सुनिश्चित गरिनेछ ।

(त) विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न् प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चान गरिनेछ ।

(थ) समयसापेक्ष र आवश्यकता अनुसार प्राविधिक धारका माध्यमिक विद्यालयहरु स्थापना र सञ्चालन गर्न संघीय र प्रदेश सरकारसंग समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

(क) यो शिक्षा योजना लागु भए पश्चात माध्यमिक शिक्षामा सवैको समतामूलक पहुँच भई माध्यमिक तहको शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ ।

(ख) माध्यमिक तहको शिक्षाको सान्दर्भिकता र गुणस्तरियतामा प्रवर्द्धन भई समता, समावेशिता र व्यवहारिकतामा रुपान्तरण भएको हुनेछ ।

ग) माध्यमिक तहमा कक्षा दोहोराउने र कक्षा छोड्ने दरमा न्यूनिकरण गर्नु तथा माध्यमिक तहमा सुचना तथा सञ्चार प्रविधिको र प्रयोगात्मक अभ्यासहरुको उच्चतम प्रयोग मार्फत बालबालिकाको पहुँच बढेको हुने ।

घ) शिक्षकको क्षमता विकास, सबै विद्यालयहरु न्यूनतम मापदण्ड सहितको सुरक्षित, मैत्रीपूर्ण तथा शैक्षिक वातावरणमा सुधार भएको हुनेछ ।

| क.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह कक्षा ९ -१० मा भर्ना | ३८६ | ४०० | ४१० | ४१५ | ४२० | ४२५ | ४३० | ४३५ |
| २ | माध्यमिक तह कक्षा ११-१२ मा भर्ना | ३०३ | ३१० | ३१५ | ३२० | ३२५ | ३३० | ३३५ | ३४० |
| ३ | कक्षा ९- १२ मा शिक्षक विद्यार्थी अनुपात | १:२५.७ | १:२६ | १:२७ | १:२८ | १:२८ | १:२८ | १:२८ | १:२८ |
| ४ | कक्षा ९- १० को कूल भर्नादर | ८८.६ | ८९ | ९० | ९१ | ९२ | ९३ | ९५ | १०० |
| ५ | कक्षा ९-१०को खूद भर्नादर | ८३ | ८५ | ८६ | ८७ | ८८ | ८९ | ९५ | १०० |
| ६ | कक्षा ११-१२ को कूल भर्नादर | ६४.६ | ६५ | ६८ | ७२ | ७५ | ७८ | ८५ | ९० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | कक्षा ११-१२ को खूद भर्नादर | ३४.६ | ३९ | ४२ | ४५ | ४७ | ५० | ६० | ८० |

३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क.स | प्रमुख क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ वटा माध्यमिक विद्यालय ग्रेड अभिबृद्धिका लागि पूर्वाधार निर्माण | वटा | | | | | १ | | पालिका |
| २ | कक्षा १२ पढ्ने बालबालिकाको लागि इन्टर्नसिपको व्यबस्था | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | पालिका |
| ३ | मापदण्डअनुसार शिक्षक व्यवस्थापन र परिचालन स्थानिय तहबाट थप | जना | २ | २ | २ | २ | २ | १० | पालिका |
| ४ | विज्ञान, गणित लगायतका विषयका लागि प्रयोगशाला स्थापना तथा सुधार | विद्यालय | ४ | ४ | ४ | ४ | ५ | ५ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | आवश्यकता अनुसार खुला तथा दूर शिक्षामा भर्ना र पहुँच अभिबृद्धि | जना | ५० | ४० | ३० | २० | १० | ० | पालिका विद्यालय |
| ६ | शैक्षिक भ्रमण तथा सिकाइ आदान प्रदान कार्यक्रम | पटक | | १ | | १ | | २ | पालिका |
| ७ | शिक्षक क्षमता विकास तालिम, पेशागत सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय पालिका |
| ८ | अपाङ्गता भएका , विपन्न, गरीब विद्यार्थीलाई सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय पालिका |
| ९ | विद्यालयमा स्टीम ल्याब स्थापना र प्रयोग | विद्यालय | | ४ | ४ | ४ | ४ | ५ | पालिका |
| १० | विद्यालयमा इको क्लबको स्थापना क्षमता विकास र परिचालन | विद्यालय | | ४ | ४ | ४ | ५ | ५ | पालिका |
| ११ | विद्यालय नर्सको व्यबस्था | विद्यालय | | ४ | ४ | ४ | ५ | ५ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षमता विकास र विद्यालयमा विभिन्न स्वास्थ्य सामग्री थप गर्ने | | | | | | | | |
| १२ | एकिकृत शैक्षिक सुचना व्यबस्थापन तालिम तथा क्षमता अभिबृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| १३ | संकट तथा माहामारीमा परिस्थतिमा आकश्मिक शैक्षिक कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| १४ | परिवर्तित पाठ्यक्रम प्रवोधिकरण र पुनताजकी | पटक | | १ | | १ | | १ | पालिका |
| १५ | एस इ इ परीक्षाको तयारफ | पटक | | १ | १ | १ | १ | ५ | विद्यालय र पालिका |
| १६ | विपन्न लक्षित विद्यार्थीका लागि पढ्दै कमाउदै का लागि अनुदान | विद्यार्थी | | १० | १० | १० | १० | ५० | पालिका |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ वर्तमान अवस्था

शिक्षा केवल किताबि ज्ञानको लागि मात्र भन्दा समय अनुसारको व्यवहारिक र सिपमुलक ज्ञान आर्जन गरी समय सामपेक्ष हुन सिकाउने आधार हो । यसका लागि प्रयोगात्मक र व्यवसायी तथा सिपमुलक शिक्षा पनि संगै लैजानु पर्ने आबश्यकता रहेको छ । एकेडेमिक शिक्षा हाँसिलको अन्त्य सम्म बिदार्थीहरु परिपक्क हुनु र आफै विभिन्न कला, सिप र क्षमताका माध्यमबाट परिपक्क हुदै जिवनयापन गर्न सकुन भन्ने हुन्छ । समग्र देशको निमार्ण तथा सुधारका लागि दक्ष प्राविधिक धारको शिक्षाको आवश्यकता रहेको नै छ । काम गरेर आर्थिक वृद्धिका साथ साथै दिगो विकासमा समेत सहयोग दिने भनेको प्राविधिक जनशक्तिको महत्वपूर्ण भुमिका हुन्छ । सरकारले समेत एक स्थानीय तह एक प्राविधिक शिक्षालय स्थापनको नीति लिएको छ । प्राविधिक ज्ञान विनाको शिक्षा संख्यात्मक मात्र हुने छ । जीवनलाई बदलेर रोजगारमा लैजाने भनेको प्राविधिक शिक्षाले मात्र सम्भव भएकोले १९९९ सालमा स्थापना भएको प्राविधिक तथा तालिम परिषद हालको इन्जीनीयरिङ कलेजको रुपमा विकास भएको छ । प्राविधिक तथा व्यवसायिक तालिम परिषद् र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले नेतृत्व गरीरहेको छ । मानव जीवनलाई शिक्षाले सीपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारिकरण पुर्याउन सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिएन भने राज्यलाई शैक्षिक वेरोजगार थेग्न कठिन हुने जनशक्ति मात्र तयार गर्ने अवस्था हुन सक्ने सम्भावना छ । नेपालको कला कौशलको विकास परापूर्वकाल देखि नै भएर लिच्छिबिकाल तथा मल्लकालमा उच्च विकास भएको दृश्टान्त पाईन्छ । कलाकार बलबाहुको तिब्बत यात्रा समेत यसैको ज्वलन्त उदाहरण हो । १५ औं शिक्षा योजनाले ३० प्रतिशत बालबालिकाले प्राविधिक धारको शिक्षा पाउने कुरा समावेश गरेकोले देश तथा विदेशमा समेत प्राविधिक शिक्षाको महत्व बढेको छ ।

हाल एक स्थानीय तह एक प्राविधिक शिक्षालयको नीति अनुसार यस नगरपालिकामा पनि २ वटा प्राविधिक धारका शिक्षालयहरु रहेका छन् । ठुलीभेरी नगरपालिकाको आर्दश मा.वि. जुफालमा कृषि जे.टि र कृषि जेटिए बिषयको प्राविधिक शिक्षा सञ्चालनमा रहेको छ । जसमा बार्षिक ४० जनाको कोटा रहेको छ भने सरस्वती मा.वि. दुनैमा डिप्लोमा इन सिभिल इन्जिनियरिङ बिषयको शिक्षण हुने गरेको छ । हाल प्राविधिक बिषयहरु अध्ययन गर्ने बिद्यार्थीको जम्मा ७६ जना मात्र रहेको र यो संख्या विगतमा बर्षहरुमा भन्दा घटेको छ । दुवै विद्यालयमा गरेर प्रशिक्षार्थीहरु १० जना रहेको भएता पनि नियमित नहुने र प्रशिक्षक बाह्य जिल्लाबाट ल्याउदा लामो समय नबस्ने हुँदा बिधार्थीहरु पनि क्रमश घटेको अवस्था छ । यसै गरी प्राविधिक तथा व्यवसायीक शिक्षामा विभिन्न प्रयोगात्मक ल्याब लगायतका उपकरण र प्रयोगात्मक अभ्यासको कमीका कारण पनि बिधार्थीहरु कम हुँदै गएका छन यसर्थ यस्ता विषयहरुमा बिशेष ध्यान पुर्याउन आबश्य रहेको छ ।नगरपालिकाले प्राविधिक शिक्षा अध्ययन गर्ने बिद्यार्थीहरुका लागि प्रेत्साहन तथा सहयोग गर्न नसक्नुले पनि बिद्यार्थिहरु न्यून भएका छन । यसका साथै सक्षम र क्षमतावान दक्षा प्रशिक्षक जिल्लामा र पालिकामा कमि हुनु र टिकाउ दर कम हुनु तथा प्रयाप्त पुर्वाधारको अभाव हुनु साथै स्थानीय तहले पनि सहकार्य र सहयोग कम गर्नु र उत्पादित प्राविधिक जनशक्तिलाई विभिन्न कार्य, इन्टर्नसिप लगायतका क्षेत्रमा परिचालन गर्न नसक्नु पनि केही चुनौतीका रुपमा रहेका छन ।

### ३.४.२ उद्देश्य

सीपमूलक शिक्षा र तालिम उपलब्ध गराई बिद्यार्थीहरुमा सीप हाँसिल मार्फत आर्थिक स्तरमा सुधार ल्याउने र स्थानीय तहमा भएका प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षालयलाई थप व्यबस्थित र गुणस्तरीय बनाउनु ।

(क) हाल रहेका प्राविधिक शिक्षालयहरुको अवस्था लेखाजोखा गरी समतामूलक पहुँच अभिबृद्धि मार्फत बार्थी फिकाउने र टिकाउने कार्य गर्नु ।

ख) बहु प्राविधिक शिक्षालयमा सहकार्य गरी बिद्यार्थीको आकर्षण अभिबृद्धि गर्नु,

ग) प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासमा पहुँच अभिवृद्दि गर्ने,

घ) स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्नु,

ङ) प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु

च) नगरपालिकामा भएका प्राविधिक शिक्षा प्रदान गर्ने बिधालयको क्षमता विकास र व्यबस्थापन गर्नु।

३.४.३ रणनीतिहरु

(क) नगरपालिकाको प्राविधिक धारको पढाइ हुने विद्यालय सञ्चालन व्यवस्थापन योजना बनाउने,

(ख) स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको अवसर सृजना गर्ने ,

(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने ,

(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने

(ङ) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपमा आधारित व्यापार तथा उद्योग क्षेत्रमा सहभागिता बढाउन प्रोत्साहन गर्ने ,

(च) आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने ,

(छ) पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिबासी र जनजाती दलित, अपाङ्गता भएका नागरीक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,

(ज) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने

(झ) विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,

(ञ) स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने,

(ट) प्राविधिक शिक्षालयमा बालबालिका टिकाउनका लागि वडा तहले र नगरपालिकाले सहकार्य गर्ने ।

**३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**प्रमुख उपलबिध तथा नतिजा**

(क) उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरूमा प्रयाप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व–रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने,

(ख) बिद्यार्थीको आकर्ष प्राविधिक शिक्षा अभिबृद्धि हुने, तथा कमजोर आर्थिक अवस्था भएका बिद्यार्थीले सहायत प्राप्त गरेको हुने ।

(ग) प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयहरुको क्षमता अभिबृद्धि हुने,

(घ) स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक सीपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने,

(ङ) स्थानीय तहमा बहुप्राविधिक शिक्षालय र प्राविधिक शिक्षा सञ्चालन गर्ने माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने,

(च) स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यकमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्दि हुने,

(छ) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिने,

(ज) स्थानीय स्तरमा रहेका परम्परागत सीपहरूको पहिचान, प्रमाणिकरण तथा प्रबर्द्धन हुने,

(झ) खोज, नव प्रबद्र्धन तथा उद्यमशीलतामा अभिवृद्दि भएको हुने, यसका लागि बिद्यार्थीले इन्टर्नसिप प्राप्त गरेका हुनेछन ।

(ञ) उत्पादनशील, रोजगारी, स्वरोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने,

(ट) प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीपका क्षेत्रमा सार्वजनिक, नीजि तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्दि हुने,

नतिजा सूचकहरु

| क्र.स | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यबसायीक तालिम प्रदान गर्ने बिधालय | २ | | २ | | | | ३ |
| २ | प्राविधिक शिक्षा तथा व्यबसायीक तालिममा सहभागि बिद्यार्थी | ७६ | ७६ | ९० | १०० | १२० | १४० | १८० |

## ३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स | मुख्य क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक तथा व्यावसायिक धारको विद्यालय को क्षमता विकास | विद्यालय | | २ | २ | २ | २ | ३ | पालिका, सिटिईभिटी |
| २ | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकासमा सहायता साथै शैक्षिक सामग्रीको सहयोग | विद्यालय | | २ | २ | २ | २ | ३ | पालिका, सिटिईभिटी |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | प्राविधिक विद्यालयमा विपन्न छात्रवृति | जना | | ५ | ५ | ५ | ५ | २५ | पालिका, सिटिईभिटी |
| ४ | प्राविधिक शिक्षाका प्रशिक्षकको क्षमता विकास र पेशागत सहयोग | पटक | | १ | १ | १ | १ | ५ | पालिका सिटिईभिटी |
| ५ | प्राविधिक शिक्षा लिएका बिद्यार्थीका लागि इन्टरनसिप | जना | | ९० | १०० | १२० | १४० | १८० | कृषि र भौतिक लगायतका कार्यालयहरु |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ वर्तमान अवस्था

नियमित रुपमा विद्यालय शिक्षाको पहुँचमा विभिन्न कारणले विद्यालय छाडेर बाहिर रहेका तथा उमेर समूहका कारणले विगतमा विद्यालयमा सहज पहुँच नभएका १५ देखि ५९ उमेर समूहका मानिसहरुलाई अनौपचारिक शिक्षाका माध्यमबाट वर्तमान परिवेशको न्यूनतम साक्षरताको जानकारी गराए सरकारी तथा दैनिक जीवनमा आइपर्ने व्यवहारिक ज्ञान सिप र क्षमताको अनुभव आदान प्रदान गर्नका लागि अनौपचारिक शिक्षाका माध्यमले शैक्षिक वातावरण सृजना गरिएको छ । सिकारुको परिवेश, चाहना अनुसार अनुभवमा आधारित शिक्षा दिने माध्यम भनेको अनौपचारिक शिक्षा पद्धति हो । जीवनमा भोगेका विभिन्न भोगाईलाई शैक्षिक वातावरण दिएर गुणस्तरीय जीवनयापन, सभ्य समाज निर्माण गरेर आम्दानीका अवसर प्रदान गर्नु यस शिक्षाको लक्ष्य रहेको छ । दिगो विकास लक्ष्य २०३० सम्ममा पूर्ण साक्षर नेपाल वनाउन समेत यस अनौपचारिक शिक्षाले ठूलो सहयोग पुग्ने अपेक्षा गरिएको छ । समुदायमा निरन्तर सिकाईमा संलग्न समाज एवं सिकाइ संस्कृतिको प्रवर्द्धन गर्ने तर्फ अवका कार्यहरु लैजानु पर्दछ । यस खण्डमा स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषणका आधारमा समस्या एवम् चुनौतीहरुको पहिचान गर्दै चुनौतीहरुको सामना गर्न यसको उद्देश्य र नीति कार्यक्रम सञ्चालनबाट उपलब्धी हुने प्रमुख नतिजा र मुख्य क्रियाकलाप तथा लक्ष्यहरु यसमा समावेश गरिएको छ । ठुलीभेरी नगरपालिका साक्षर नगरपालिका घोषण भै सकेको छ । साक्षर नगरपालिका घोषणा गर्न विभिन्न चरणमा सर्वेक्षण गरेर निरक्षर रहेका व्यक्तिहको विवरणका आधारमा निरन्तर शिक्षा तथा साक्षरोतर शिक्षाका कक्षाहरु सञ्चालन गरेर साक्षर बनाइएको हो ।

निरन्तर सिकाइका लागि हाल यस नगरपालिकामा मा ४ वटा सामुदायिक सिकाइ केन्द्रहरु सञ्चालनमा रहेका छन् । सामुदायिक सिकाइ केन्द्रहरुले विगतमा साक्षरता कक्षा सञ्चालन गरेको र हाल पनि सिकाइका अन्य क्रियाकलापहरु सञ्चालन गरीरहेको छ । ठुलीभेरी नगरपालिकाकाले निरन्तर शिक्षा, खुला शिक्षा, अनौपचारिक शिक्षा तथा जिवनपर्यन्त शिक्षाका विभिन्न क्रियाकलापहरु गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले समेत निरन्तर शिक्षाको विकास सम्वद्र्धन तथा व्यवस्थापन स्थानीय तहको कार्य क्षेत्रमा सामावेश गरिएकोले नगरपालिकाले पनि निरन्तर रुपमा अनौपचारिक शिक्षा, निरन्तर सिकाइका क्रियाकलाप र जिवनपर्यन्त शिक्षाका क्रियकलापहरुको लागि बजेट तथा कार्यक्रमहरु राख्नुपर्दछ । यस नगरपालिकाले साक्षर नगरपालिका भए पश्चातनिरन्तर शिक्षाका लागि कार्यक्रम समावेश नहुनु , सामुदायिक सिकाइ केन्द्रको कार्यक्रम सञ्चालनमा स्थानीय तहले अपनत्व लिन नसक्नु र प्रभावकारी परिचालन गर्न नसक्नु, सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समिति र सहजकर्ताको क्षमता विकास नहुनु , जिवन पर्यन्त शिक्षाका लागि विभिन्न सिपमुलक कार्यक्रमहरु र क्षमता विकासका लागि कार्यक्रम तथा वजेट विनियोजन हुन नसक्नु , खुला विद्यालयको प्रावधान भएता पनि यसको प्रभावकारी व्यबस्थापन हुनु नसक्नु, जस्ता चुनैतीहरु अनौपचारीक तथा जीवनप्रयन्त सिकाइमा रहेका छन । यस नगरपालिकामा जनगणना २०७८ अनुसार साक्षरता दर ७६.५ प्रतिशत रहेको छ जसमा पुरुषको साक्षरता ८२.७ प्रतिशत र महिलाको साक्षरता ६४.६ प्रतिशत रहेको छ । बिधद्यालय बाहिर अझैपनि केही बालबालिका रहेका कारण उनीहरुलाई पनि अनौपचारीक तथा जिवनपर्यन्त सिकाइमा आवद्ध गर्न सकिने देखिन्छ ।

### ३.५.२ उद्देश्य

औपचारिक शिक्षाको पहुँच भन्दा बाहिर रहेका बालबालिकालाई शैक्षिक मुलधारमा ल्याउन तथा जिवनपर्यन्त सिकाइ अवसरहरु प्रदान गर्न निम्नानुसारका उदेश्यह किटान गरिएको छ ।

(क) सबै नागरीकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाईका अवसर सुनिश्चित गर्नु ।

(ख) सामुदायिक सिकाइ केन्द्रको कार्यक्रमलाइ सहजिकरण गर्ने र सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता अभिबृद्धि तथा प्रभावकारी परिचालन गर्नु।

(ग) औपचारिक शिक्षाको पहुँच बाहिर रहेका वर्गलाई शैक्षिक मुलधारमा ल्याउनु ।

(घ) अनौपचारिक शिक्षा तथा निरन्तर एवं जीवन पर्यन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता अभिवृद्दि गर्न डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु

### ३.५.३ रणनीति

यस नगरपालिकाले आगामी दिनमा अनौपचारिक तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न निम्न किसिमका रणनितिहरु लिइने छ ।

(क) सामुदाकयिक सिकाइ केन्द्र मार्फत विभिन्न सीपविकास र आयआर्जन तथा सीप मूलक कार्यक्रम सञ्चालन गर्ने ।

(ख) थप सामुदायिक सिकाई केन्दको स्थापना र स्तरोन्नतीको लागि स्थानिय सरकार, प्रदेश सरकार र संघीय सरकारसंग समन्वय र सहकार्य गरी अघि बढ्ने ।

(ग) सरोकारवालाहरुसंगको समन्वय, सहकार्य र साझेदारमि अनौपचारकि तथा खुला सिकाई कार्यक्रमलाई प्रवद्र्वन गर्ने ।

(घ) सामुदायिक सिकाई केन्द्, विद्यालय, स्थानिय संघसंस्था, नागरीक समाज , सञ्चार माध्यम र अभिभावक परिचालन गरी अनौपचारीक शिक्षा तथा आजीवन सिकाई कार्यक्रमलाई समतामूलक र पहुँच योग्य बनाई नागरीकका दैनिक समस्याहरु हल गर्ने वातावरण सुनिश्चित गर्ने ।

(ङ) अनौपचारी शिक्षा, साक्षरता कार्यक्रम, निरन्तर शिक्षा जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

(क) सबै नागरीकका लागि साक्षरता शिक्षा, निरन्तर शिक्षा र आजीवन सिकाईका अवसरहरु प्राप्त भएको हुनेछ ।

(ख) सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास भै समुदायस्तरमा सिप विकास, आजिवन सिकाइका क्रियाकलापहरु तथा अभिभावकहरुको क्षमता विकास र सिकाइ अभिबृद्धि भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाई केन्द्रको संख्या | ४ | | | | | | ५ |
| २ | साक्षरता | ७३.७ | ७८ | ८० | ८२ | ८४ | ८६ | ९५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | समुदायस्तरमा पुस्तकालय | ० | | १ | | | | ५ |

३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलापहरु | इकाई | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | निरक्षरहरुको तथ्याङ्क संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र सिकाइ केन्द्र |
| २ | साक्षरता कार्यक्रम सञ्चान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र सिकाइ केन्द्र |
| ३ | सामुदायिक सिकाई केन्द्रको अनुगमन, निरीक्षण र सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र सिकाइ केन्द्र |
| ४ | सामुदायिक सिकाई केन्द्रको सुदृढीकरण र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र सिकाइ केन्द्र |
| ५ | नयाँ सामुदायिक सिकाई केन्द्रको स्थापना र सञ्चालन | वटा | | | | | | २ | पालिका र सिकाइ केन्द्र |
| ६ | पुस्तकालयको स्थापना | वटा | | | १ | | | १ | पालिका र सिकाइ केन्द्र |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | वडागत रुपमा सामुदायिक सिकाइ केन्द्र मार्फत जिविकोपार्जनका क्षमता विकास छोटा अवधीका तालिम सञ्चालन गर्ने | पटक | | १ | १ | १ | १ | ५ | पालिका र सिकाइ केन्द्र |

## परिच्छेद ४ : अन्तरसम्बन्धित बिषय तथा क्षेत्र

### ४.१. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मुल्याङकन

#### ४.१.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । विभिन्न राजनैतिक परिवर्तन, राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा हुने परिवर्तन तथा बदलिदो परिवेश अनुकूल हुने गरी पाठ्यक्रमहरु निर्माण हुने र १०/१० वर्षमा परिमार्जन हुने गर्दछ । विद्यालय उमेरका बालबालिकाको उमेर, रुची चाहना अनुसारको ज्ञान, सीप, धारणा विकास गराउन पाठ्यक्रमले ठूलो मान्यता दिनुपर्ने हुन्छ । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुदैन । यो देशकाल र परिस्थिति अनुसार विद्यार्थीमा के कस्ता क्षमताको विकास गराउने हो भन्नेसँग पनि सम्बन्धित छ । के पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हाँसिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मुल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार समेत पाठ्यक्रम हो । बालबालिकाको सर्वाङ्गिण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन् । पाठ्यक्रमलाई कार्यान्वयन गर्न महत्वपूर्ण भुमिका पाठ्यपुस्तकले खेल्ने गर्दछ । स्वीकृत पाठ्यक्र बमोजिम नै पाठ्यपुस्तकहरु तयार हुन्छन र सोही अनुसारको शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालन गरीन्छ । हाल नेपालमा सामुदायिक विद्यालय (१- १०) मा अध्ययनरत सम्पूर्ण बिद्यार्थीहरुको लागि निःशुल्क पाठ्यपुस्तकको प्रवन्ध गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ मा तयार भएको विद्यालय तहको शिक्षाको मार्गदर्शन गरेको पाइन्छ । हाल विद्यालय शिक्षाको पाठ्यक्रम प्रारुप २०७६ अनुसारको ढाचाँमा सञ्चालनमा रहेको पाठ्यक्रम २०८० साल सम्ममा विद्यालय शिक्षाको तह १ देखि १२ सम्म पुरा लागू भएको हुनेछ । यस प्रारुपले कक्षा १–३, कक्षा ४–५, कक्षा ६–८, कक्षा ९ र १० र कक्षा ११ र १२ को रुपमा तयार भै कार्यान्वयनमा रहेको छ । कक्षा ९–१२ सम्म अलग्गै प्राविधिक धारको विषय समावेश हुने गरी पाठ्यक्रम तयार भएको छ । कक्षा १–३ को पाठ्यक्रममा अन्तरसम्बन्धित विषयवस्तुको समावेश गरिएको छ र एकिकृत पाठ्यक्रम कार्यान्वयनमा आएको छ । व्यवहार कुशल सीप, जीवनोपयोगी सीप विकासका लागि सिकाई क्रियाकलापहरु पाठ्यक्रममा समावेश गरिएको छ । विद्यालय शिक्षाको पाठ्यक्रम प्रारुप २०७६ ले आधारभुत तह कक्षा ८ सम्म स्थानीय परिवेश अनुसारको स्थानीय पाठ्यक्रम निर्माण तथा सोही अनुसारको पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन गर्ने मार्गदर्शन पनि गरेको छ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरुको उपलब्धता तथा व्यवस्थापन हुन आबश्यक हुन्छ । शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरुको उच्चतम प्रयोगले नै सिकाइ प्रभावकारी हुने भएकाले यस क्षेत्रमा विशेष ध्यान पुर्याउन आबश्यक छ ।

ठुलीभेरी नगरपालिकाले पनि नगरपालिका भित्र विभिन्न किसिमका विद्यालयहरुमा पाठ्यक्रम विकास केन्द्रले निर्माण गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु नै प्रयोग गरेर शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालन गरीरहेको छन् । पाठ्यक्रम तथा सोही बमोजिमका अभ्यास पुस्तिकाहरु हरेक विद्यार्थीले सहज र निःशुल्क

रुपमा प्राप्त गरेका छन् र पालिकाले सहज र सरल रुपमा वितरण प्रक्रियाहरु अबलम्बन गरेको छ । नगरपालिकाको भौगोलिक कठिनाई तथा अन्य विविध कारणले पाठ्यपुस्तक समयमा नपुग्ने, अपुग हने जस्ता समस्या रहेका छन । सबै बिधालयहरुमा सबै तहको पाठ्यक्रमहरु पनि पुगेको छैन । शिक्षकहरुले पनि पाठ्यक्रमको प्रभावकारी प्रयोग गर्न नसकेको अवस्था छ । नियमित रुपमा भएको पाठ्यक्रमको परिमार्जन अनुसार तथा हालको एकिकृत पाठ्यक्रम तथा परिमार्जित पाठ्यक्रमको शिक्षकहरुलाई नियमित रुपमा अभिमूखिकरण तथा क्षमता विकासको कार्यक्रम भने प्रभावकारी रुपमा गर्न सकिएको छैन । हरेक विद्यालयमा शिक्षकलाई पुग्ने गरी पाठ्यक्रम, शिक्षक निर्देशिकाहरु पुर्याउन सकिएको छैन । विद्यालय तहमा निरन्तर रुपमा पाठ्यक्रको उपलब्धता, शिक्षक निर्देशिकाको उपलब्धता तथा कार्यान्वयनका लागि अभिमुखीकरण र क्षमता अभिबृद्धिका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नपर्ने आबश्यक्ता रहेको छ । यसका अलवा बालबालिकाको सिकाइ सहजताका लागि पाठ्यक्रम संग समबन्धित शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरु पनि अत्यन्त न्यून रुपमा रहेको र न्यून प्रयोग भएको देखिन्छ । बिद्यार्थी मुल्याङ्कमा कक्षा ८ के स्तरीकृत परीक्षा तथा अन्यमा बार्षिक परीक्षा सञ्चालन भएको छ । अन्य बाह्य मुल्याङ्कनहरु भएको छैन । पाठ्यक्रम प्रारुपमा २०७६ ले स्थानीय पाठ्यक्रमको अवधारणा ल्याएको र सोही बमोजिम यस पालिकाकाले स्थानीय पाठ्यक्रम कक्षा १—८ निर्माण सम्पन्न गरेको र कक्षा १—३ को कार्यान्वयनमा ल्याएको छ भने कक्षा ४—८ को अबको शैक्षिक सत्रबाट कार्यान्वयनमा ल्याउने गरी योजना बनाएको छ । विभिन्न पाठ्यक्रम तथा परिमार्जित पाठ्यक्रम, एकिकृत पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रम लगाएतका क्षेत्रमा स्पष्ट रुपमा अभिमुखीकरण तथा क्षमता अभिबृद्धि नभएका कारण यसको सहज र प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।यसका साथै बिधालयहरुमा शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीको अभाव र न्यून प्रयोगले सिकाइ सहजिकरण प्रभावकारी भएको देखिदैन । स्थानीय शिक्षा शाखाको विभिन्न अनलाईन तथा अन्य सहजिकरणका माध्यमबाट केही हदसम्म प्रयासहरु भएता पनि विद्यालयले यसलाई सही कार्यान्वयन गर्न थप सहयोग खोजी गर्न सकिरहेको छैन । यसर्थ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका निमित्त अभिमुखीकरण तथा सामग्री को पहुँच पुर्याउने कार्यलाई तिब्रताका साथ कार्यान्वयन गरिनेछ ।

### ४.१.२ उद्देश्य

पाठ्यक्रम तथा पाठ्यपुस्तक तथा सिकाइ सामग्री र मुल्याङ्कनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि र यस बिषयमा सबैको पुहँच सुनिश्चित गर्नका लागि निम्नानुसारका उदेश्यहरु अबलम्बन गरिएको छ ।

क) पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयन गर्न शिक्षकहरुलाई अभिमुखीकरण, सामग्री वितरण, तथा पहुँच अभिबृद्धि गर्ने ।

ख) स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि  पाठ्यसामग्री निर्माण, अभिमुखीकरण, वितरण र कार्यान्वयन गर्ने ।

ग) समयमा नै विद्यालयमा पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्रीहरु तथा शिक्षण सिकाइ सामग्री र सन्दर्भ सामग्री वितरण तथा उपलब्धता सुनिश्चित गर्ने ।

घ) सन्दर्भ सामग्रीहरुको व्यबस्थापन, मुल्याङकनलाई प्रभावकारी गर्नु साथै मुल्याङ्कन प्रणालीलाई व्यवस्थित र समयानुकुल बनाउनु ।

४.१.३ रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने र प्रभावकारी कार्यान्वयनका लागि विद्यालयहरुलाई परिचालन गरिने ।

ख) पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गरिने र विभिन्न समयमा कार्यान्वयनको अवस्थाको अनुगमन र मुल्याङ्कन गर्ने ।

ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्दि गरिने र सिकाइ समुहहरु निर्माण र परिचालन गरिने ।

घ) शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने ।

ङ) स्थानीय पाठ्यक्रम निर्देशिका अनुसारको स्थानीय पाठ्यक्रमककफ प्रभावकारी कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेको पाठ्यपुस्तकको निर्माण र वितरण गरी कार्यान्वयन गरिने तथा र स्तरीकृत बिद्यार्थी मुल्याङकन प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

४.१.४ प्रमुख उपलब्धिहरु तथा नतिजाहरु

उल्लेखित रणनीतिहरुको कार्यान्वयन पश्चान निम्न उपलब्धिहरु हाँसिल हुनेछन ।

(क) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार हुन ।

(ख) शत प्रतिशत विद्यालयहरुमा पाठ्यक्रम, शिक्षक निदेर्शिका तथा पाठ्यपुस्तकहरु र शिक्षण सिकाइ सामग्रीहरु समयमा र सहज पहुँच पुगेको हुनेछ ।

(ग)शत प्रतिशत शिक्षकहरुलाई पाठ्यक्रमको अभिमुखीकरण तथा पुनः ताजकी भएको हुनेछ ।

(घ)निर्माण भएको कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक निर्माण र कार्यान्वयन भएको हुनेछ ।

(ङ)सबै विद्यालयहरुमा शिक्षण सिकाइ सामग्री , सन्दर्भ सामग्री तथा शैक्षिक सामग्रीको उपलब्धता भएको हुनेछ ।

(च)बिद्यार्थी मुल्याङ्कन प्रभावकारी र स्तरीकृत भएको हुनेछ ।

नतिजा सुचकहरु

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | २३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | स्थानिय पाठ्यक्रम निर्माण | कक्षा ३ सम्म | कक्षा ८ सम्म | | | | | परिमार्जन |
| ३ | स्थानिय पाठ्यपुस्तक निर्माण | ० | | | कक्षा १ देखि ३ सम्म | कक्षा ४ दिख ८ सम्म | | |

## ४.१.५ **प्रमुख क्रिक्रियाकलापहरु**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि निम्न अनुसारको क्रियाकलापहरु गरिनेछ ।

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यपुस्तक वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| २ | एकिकृत पाठ्यक्रम र अन्य पाठ्यक्रमहरु को | पटक | १ | १ | १ | १ | १ | पुनताजकी | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अभिमुखीकरण (आधारभुत १–३, ४–८ र ९– १२) | | | | | | | | |
| ३ | स्थानीय पाठ्यक्रमको कार्यान्वयनको लागि अभिमुखीकरण | पटक | | १ | | | | १ | स्थानीय तह |
| ४ | सन्दर्भ सामग्री तथा शिक्षण सिकाइ सामग्रीको वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ५ | स्थानीय पाठ्यपुस्तक निर्माण का लागि अध्ययन तथा निर्माण | पटक | | | १ | १ | | | स्थानीय तह |
| ६ | फरक क्षमता भएका बालबालिका को लागि पाठ्यसामग्री वितरण | संख्या | | २० | २० | २० | २० | १०० | स्थानीय तह |
| ७ | कक्षा ५ र ८ को स्तरीकृत परीक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र विधालय |
| ८ | स्थानीय स्तरमा विभिन्न किसिमका शैक्षिक | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सामग्रीको निर्माण | | | | | | | | |
| ९ | शिक्षक सहायता सामग्रीको व्यवस्थापन | पटक | | १ | १ | १ | १ | ५ | पालिका |

४.२. शिक्षक व्यवस्थापन र विकास

४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य र व्यावसायिक रुपमा दक्षका साथै पेशाप्रति उत्प्रेरित र प्रतिवद्ध एवम् विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक हुन्छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनवाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

हाल प्रारम्भिक बालविकास र शिक्षा तहमा कम्तिमा २० जना वालवालिका बराबर १ जना वालविकास सहजकर्ता शिक्षक, आधारभुत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ । शिक्षक विद्यार्थी अनुपात पनि सोही अनुसार प्रभावकारी हुन आबश्यक छ । नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षा कोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेशागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न भएका छन् । शिक्षक तालिम, कार्यशाला , सेमिनार कनफरेन्स , कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ । शिक्षकको पेसागत विकास बिना बालबालिकाको सिकाइ प्रभावकारी हुन सम्बभव छैन । यस योजनामा कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउन शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने र विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कायलाई प्राथमिकता दिइएको छ ।

शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र शिक्षकको क्षमता अभिवृद्दिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् । स्थानीय तहबाट शिक्षकको क्षमता विकास र

सिकाइ आदानप्रदानका कार्यहरु अत्यन्त न्यून रहेका छन् । शिक्षकको क्षमता विकासलाई प्रभावकारी नबनाएर सिकाइ पद्धति प्रभावकारी नहुने भएकाले यो बिषयमा पालिका गम्भिर भएर लाग्न आबश्यक रहेको छ ।

ठुलीभेरी नगरपालिकामा सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास र शिक्षामा २६, आधारमुत तह कक्षा १-५ सम्म जम्मा ८५ , कक्षा ६-८ सम्म जम्मा १९ जना, कक्षा ९-१० सम्म जम्मा १८ जना र कक्षा ११- १२ मा ८ जना शिक्षकहरु रहेका छन् । उक्त शिक्षकहरुमा संस्थागत विद्यालयको हकमा भने शिक्षक संख्या कक्षागत रुपमा नै पुर्ण रुपमा रहेका छन् । शिक्षक बिद्यार्थी अनुपात औषतमा राम्रो देखिएता पनि कक्षा अनुसार शिक्षक संख्या भने पुगेको छैन । तालिमको हकमा अधिकांश आधारभुत तह कक्षा ५ सम्मका शिक्षकले १५० घण्टाको आधारभुत तालिम तथा टि.पि.डि प्राप्त गरेका छन् भने आधारभुत तह कक्षा ६-८ र माध्यमकि तहमा तालिम अत्यन्त न्यून देखिन्छ । बालबिकास सहजकर्ता शिक्षकलाई पनि प्रयाप्त तालिमको व्यबस्था हुन सकेको छैन् । हाल माध्यमिक तहमा २ जना , आधारभुत तहमा १ जना तथा बालिविकासमा २ जना शिक्षक पालिका अनुदानको रुपमा कार्यरत रहेकाछन भने अन्य दरबन्दीबाट नै कार्यरत रहेका छन । नगरपालिकाले शिक्षक दरबन्दी मिलान कार्यविधी निर्माण गरेर आधारभुत तह कक्षा ५ सम्मको दरबन्दी मिलान प्रभावकारी बनाएको छ । यसका अलवा पनि बिधार्थी संख्याका आधारमा शिक्षक दरबन्दि मिलान गर्दा कुनै विद्यालयमा १ जना मात्र शिक्षक हुने भएकाले कम्तिमा २ जना शिक्षक हुने गरी व्यवस्थापन गर्नपर्ने आबश्यक छ । हाल पालिकाले बालविकास केनद्रमा २ जना, आधारभुत तहमा १ जना र माध्यमिक तहमा २ जना शिक्षक पालिका अनुदान बाट व्यवस्था भएको छ ।नगरपालिकाले बालविकास शिक्षकका लागि पालिकाबाट थप प्रोत्साहनकफ व्यवस्था पनि गरेको छ । शिक्षक प्रोत्साहन तथा सहायत, शिक्षकको पेशागत सहयोग, शिक्षकको सुरक्षा, शिक्षकलाई विभिन्न हिसाबमा सक्षम र क्षमतावान बनाउने कुरामा भने अतयन्त न्यून रुपमा कार्य भएका छन् । बालविकासका शिक्षकहरुको तलबमान संघीय सरकारले पुरा नदिने गर्नु शिक्षाको चुनौतीका रुपमा रहेको छ ।

४.२.२ उद्देश्य

शिक्षक व्यवस्थापनलाई प्रभावकारी बनाइ सिकाइ शिक्षकको दक्षता तथा जिम्मेबारीमा प्रभावकारीता ल्याउन र प्रभावकारी शिक्षक व्यवस्थापन मार्फत सिकाइ सहजिकरण गुणस्तरीय बनाउन निम्न उदेश्य किटान गरिएको छ ।

(क) शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु साथै शिक्षक व्यवस्थापन र परिचालन प्रभावकारी बनाउनु।

(ख) सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

(ग)शिक्षकको निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ।

(घ)शिक्षक उतप्रेरणा अभिबृद्धिका लागि प्रोत्साहन सम्मानका कार्यक्रम सुद्धृढ गर्नु ।

(ङ)शिक्षकको क्षमता विकासका लागि समय सापेक्ष क्षमता विकास तालिम तथा कार्यशाला र अन्तरक्रिया संचालन गर्नु ।

४.२.३ रणनीतिहरू

उल्लेखित उदेश्य हाँसिल गर्नका लागि निम्न बमोजिमका रणनीतिहरु अबलम्बन गरिएको छ ।

(क) शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण गरिने ।

(ख) रिक्त शिक्षक दरबन्दीको विवरण प्राप्त भएको आधारमा नियमानुसार तत्काल करार शिक्षक पदपुर्ति गर्ने ।

(ग) शिक्षकको पेसागत विकास तथा सेवाकालीन तालिम व्यबस्थापन गरिने ।

(घ) नगरपालिकामा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने ।

(ङ) विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।

(च) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,

(छ) शिक्षकको प्रेरणा र प्रोत्साहनका लागि सम्मान कार्यक्रम संचालन गरिने यसका लागि तहगत रुपमा प्रअ भत्ता रु २०००, २५०० ,३००० का दरले अभिबृद्धि गर्ने ।

(ज) प्रधानाध्यापकको प्रशासनिक क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्ने तथा प्रधानाध्यापकलाई विभन्न विधालयमा अनुभव आदानप्रदानका लागि कार्यक्रमहरु राख्ने र सिकाइ आदान प्रदान गर्ने ।

(झ) विधालयहरुमा महिला र पुरुष शिक्षकको वितरण र व्यवस्थापनमा ध्यान पुर्याउने ।

४.२.४ प्रमुख उपलब्धी तथा नतिजा

शिक्षक व्यवस्थापन अन्तर्गत माथि उल्लेखित रणनीतिहरुको प्रभावकारी कार्यान्वयन पश्चात निम्नानुसारका उपलब्धीहरु हाँसिल भएको हुनेछन ।

(क) विद्यालयमा बिद्यार्थी संख्या अनुसारको प्रभावकारी शिक्षक व्यबस्थापन र परिचालन भएको हुनेछन् ।

(ख) शिक्षक क्षमता विकास, दक्षता र पेसागत सहयोग अभिबृद्धि भएको हुनेछ ।

(ग) शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त भएको हुनेछ ।

(घ) शिक्षकको वृत्ति विकासका लागि पारदर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित भएको हुनेछ ।

(ङ) शिक्षकहरुको सिकाइ सञ्जाल निर्माण भएको हुनेछ भने बैठक, सिकाइ आदान प्रदान जस्ता क्रियाकलापहरु नियमित रुपमा सञ्चालन भएका हुनेछन् ।

४.२.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक तलब | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भत्ता | | | | | | | | |
| २ | असल अभ्यासको विद्यालयमा अवलोकन भ्रमण (तह तहको छुट्टा छुट्टै) १–५, ६–८ र माध्यमिक | पटक | | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ३ | शिक्षण पद्धति सुधारका लागि शिक्षकहरुलाई क्षमता विकास तालिम १–५, ६–८ र माध्यमिक | पटक | | १ | १ | १ | १ | पुनताजकी | स्थानीय तह |
| ४ | शिक्षकहरुको बार्षिक कार्य सम्पादन संझौता र मुल्याङ्कन | पटक | | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ५ | शैक्षिक सुधारका लागि तहगत रुपमा शिक्षक भेला र बैठक, अभिमुखीकरण | पटक | | १ | १ | १ | १ | ५ | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | (बर्षमा १ पटक) | | | | | | | | |
| ६ | प्रधानाध्यापकको भत्ता अभिबृद्धि | पटक | | १ | १ | १ | १ | ५ | स्थानीय तह सघ |
| ७ | शिक्षण सिकाइ मापदण्ड निर्माण | पटक | | १ | | | | परिमार्जन | पालिका |
| ८ | शिक्षकहरुको सन्दर्भ सामग्री तथा शिक्षण सामग्रीका लागि शिक्षक कुनाको व्यबस्थापन गर्ने | विद्यालय | | २४ | २४ | २४ | २४ | २४ | स्थानीय तह |
| ९ | प्रधानाध्यापकको प्रशासनिक क्षमता अभबृद्धि तालिम र सिकाइ आदान प्रदान | पटक | | १ | १ | १ | १ | ५ | पालिका |

## ४.३. शैक्षिक समता र समावेशिकरण

### ४.३.१ वर्तमान अवस्था

समाजमा विविध किसमका नागरीकहरु हुने हुन्छन । सवैको सहज पहुँचमा शिक्षाका अवसर पाउन अपाङ्गता, भूगोल, आर्थिक तथा सामाजिक रुपमा पछाडि पारिएका व्यक्ति समूहको समान समतापूर्ण सहभागिता सुनिश्चित गर्नु नेपालको सम्बिधानले परिकल्पना गरेको शिक्षामा पहुँच र सहभागिता मौलिक हकको रुपमा रहेको कुराको सम्मान हुनेछ । समानता र समता तथा सहभागिता स्थान विशेषमा फरक फरक हुने भएकोले यसलाई सहि तवरले कार्यान्वयन गर्नु चुनौतीपूर्ण भएको भएपनि स्थानीय तहको सरकारबाट हुनु पर्नेछ ।

विभिन्न कारणले अझै पनि दलित अल्पसंख्यक विपन्न तथा अपाङ्गता भएका र दुर्गम भूगोलमा वसोवास गर्ने वालवालिकाहरुका लागि शैक्षिक पहुँच समान अवसरको रुपमा पुगेको देखिदैन । शिक्षाको पहुँच गुणस्तरमा समता भावले काम गरेर सवैको सहभागिता सुनिश्चित गर्नु पर्ने देखिन्छ । शिक्षा आफैंमा एक सामाजिक कार्य भएकोले शिक्षामा सवैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने अति छ ।

ठुलीभेरी नगरपालिकामा रहेका २४ वटा सामुदायिक विद्यालयहरुमा जम्मा जनजाती ३०५ जना र दलिद २८६ जना बिद्यार्थीहरु रहेका छन । जम्मा बिद्यार्थीमा छात्रा जम्मा १७२७ जना रहेका छन ।यसका साथै ४३ जना अपाङ्गता भएका बालबालिकाहरु अध्ययनरत रहेका छन । विभिन्न किसिमले सामाजिक र आर्थिक रुपमा पछाडी परेका बालबालिकाहरुको लागि विभिन्न किसिमका सहयोगहरु प्रदान गरिएको छ । विभिन्न कारणहरु जस्तै आर्थिक अवस्था, सामाजिक अवस्था तथा अन्य लैंगिक अवस्थाका कारण विद्यालयको सेवा र पहुँच भन्दा बाहिर रहेका बालबालिकाको लागि विद्यालय तथा शिक्षाको पहुँचमा ल्याउनको लागि छात्रवृति, शैक्षिक सेवा तथा परामर्शहरु र संघिय सरकारबाट प्राप्त दिवा खाजा र छात्रबृति आवश्यकता अनुसारको अन्य शैक्षिक सामग्री प्रदान गर्ने कार्य गरिएको छ । विद्यालय सेवा क्षेत्र भित्र रहेका हरेकलाई विद्यालयको सेवाको पहुँचमा ल्याउनका लागि यस नगरपालिकाले हर प्रयास गरेको छ । नगरपालिकाले अपाङ्गता भएका बालबालिकाको एकिन तथ्याङ्क संकलन तथा अद्यावधिक गरी वर्ग अनुसारको परिचय पत्रको प्रभावकारी व्यबस्था, अपाङ्तामैत्री भौतिक संरचना शौचालय खानेपानी फर्निचर लगायतका पूर्वाधारको अभाव, तथा अपाङ्गता भएका बालबालिकाको लागि सहजिकरण गर्न शिक्षक तालिम तथा शैक्षिक सामग्रीहरुको अभाव जस्ता चुनौतीहरु रहेका छन ।

### ४.३.२ उद्देश्य

लक्षित वर्ग र समुदायका सबै बालबालिकाहरुको समतामूलक र समावेशी पहुँच सुनिश्चित गर्नका लागि निम्नानुसारका उदेश्यहरु अबलम्बन गरिएको छ ।

(क) महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्याउनु,

(ख) लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने,

(ग) विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्नु,

(घ) शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउनु,

(ङ) पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्दि गरी विद्यालयलाई बालमैत्री बनाउनु,

(च) विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुव्र्यवहार, हेपाई नहुने सुनिश्चितता गर्नु,

(छ) अपाङ्गतामैत्री, बालमैत्री, लैङ्गिकमैत्री तथा वातावरणिय तवरमा पनि मैत्रीपुर्ण भौतिक संरचनाहरु निर्माण गर्नु।

४.३.३ रणनीतिहरूः

(क) घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने,

सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने,

(ख) आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिने,

(ग) स्थानीय पाठ्यक्रम माफत तथा अन्य तवरले शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सीप समावेश गरिने,

(घ) सहयोगको आबश्यकता भएका बालबालिकाको लागि आवश्यकता अनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रबृत्ति उपलब्ध गराइने,

(ङ) सिकाई क्रियाकलापलाई सहभागितामूलक बनाइ विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने,

(च) विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुव्र्यवहार, हेपाइ नहुने वातावरणको सृजना गरिने,

४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

माथि उल्लेख गरीएका रणनीतिहरुको कार्यान्वयन पश्चात निम्नानुसारका उपलब्धिहरु हाँसिल भएको हुनेछ ।

उपलब्धिः

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने

प्रमुख नतिजाः

(क) महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्धन्द प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने,

(ख) लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार हुने,

(ग) विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार हुने,

(घ) सबै विद्यालयहरू विभिन्न तबरमा मैत्रीपुर्ण हुने,

४.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सामाजिक आर्थिक रुपले पछाडी परेका बालबालिकालाई विद्यालयको पुहँच र सेवा प्रवाहका लागि अभिभावकलाई चेतनामुलक कार्यक्रम | वडा | | ११ | ११ | ११ | ११ | ११ | स्थानीय तह |
| २ | छात्रबृत्ति (अपाङ्गता , द्धन्द पिडित तथा आर्थिक रुपमा पछाडि परेका वालवालिकाको लागि) | जना | | ५० | ५५ | ६० | ६५ | १५० | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | समावेशी शिक्षाका लागि शैक्षिक सामाग्री व्यबस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ४ | विद्यालयमा रहेका लैङ्गिक अपाङ्गता तथा अन्य फोकल पर्सनहरुलाई तालिम | पटक | | १ | | १ | | २ | स्थानीय तह |
| ५ | अपाङ्गता भएका वालवालिकाको शिक्षण सहयोगका लागि शिक्षकलाई तालिम तथा अभिमुखीकरण | पटक | | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ६ | छात्रा र दलिद छात्रवृति | जना | १८०० | १८५० | १८८० | १९०० | १९५० | ११०० ० | स्थानीय तह |

### ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

#### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । सरसफाइ तथा स्वच्छता सम्बन्धि अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धि सरसफाइ तथा स्वच्छता सम्बन्धि सहयोग तथा शिक्षा पनि उत्तीकै आवश्यक छ । विद्यालयमा आधारित स्वास्थ्य तथा

पोषण सम्बन्धि यस्ता कार्यक्रमहरुले विद्यार्थीको भर्ना तथा टिकाउदर बढाउन र अनुपस्थित हुने तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।विद्यालयमा हुने दिवा खाजा, स्वच्छ खानेपानी, महिनावारी स्वच्छता व्यवस्थापन तथा बालबालिकाको स्वास्थ्य जाँच, खोप लगायतका कार्यक्रमहरु यस अन्तरगत पर्दछन । सरसफाइ अन्तरगत विद्यालयमा शौचालयको व्यवस्थापन गुणस्तरीय शिक्षाका लागि आवश्यक पर्ने पाँच वटा प्राथमिकताप्राप्त सक्षमता अवस्था मध्येको एक हो। कक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका तथा निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई तथा केही विद्यालयहरुमा इन्सिनिरेटरको व्यबस्थापन र प्रयोगले सरसफाइमा सहायता गर्दै आएको छ ।
सरसफाइ तथा स्वच्छता गुरुयोजना २०११, विद्यालय स्वास्थ्य र पोषण रणनीति २००६, विद्यलय क्षेत्र विकास कार्यक्रम सन २०१६ देखि २०२३, बालमैत्री विद्यालय फ्रेमवर्क लगायतका नीति, पूर्ण सरसफाइ निर्देशिका लगायतले स्पष्ठ रुपमा विद्यालयको खानेपानी तथा सरसफाइ तथा पोषणको बारेमा दिशानिर्देशन गरेका छन् । विद्यालयमा छात्र र छात्राका लागि युरिनल सहितका फरक फरक शौचालय, शौचालयमा नियमित पानी, नियमित सरसफाइ, सहज हात धुने व्यबस्था, स्वच्छ खानेपानी र सरसफाइका न्यूनतम रुपमा हुनुपर्ने र सोही बमोजिम विद्यालयलमा कार्यान्वयन हुनैपर्ने व्यबस्थाको उल्लेख गरेको छ । विद्यालयमा पानी, शौचालय, वातावरणीय सरसफाइ, सफा र हरियाली वातावरण, स्वच्छता सुविधा, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यबस्थापन सुविधा, लगायतको व्यवस्थापनले विद्यालयको पोषण तथा सरसफाइमा मद्धत पुर्याएको छ ।

स्थानीय तहमा रहेका हरेक विद्यालयहरुमा हाल शौचालयको व्यबस्था, छात्र छात्रा शौचालय, खानेपानी, स्यानीटरी प्याडको व्यवस्था, विद्यालय तथा विद्यालय वातावरणमा सरसफाइको व्यवस्था भएता पनि अधिकांश विद्यालयमा न्यूनतम मापदण्ड पुरा गर्न नकसेको अवस्था छ । शौचालयको उपयूक्त सरसफाई, नियमित पानी उपलव्धता नहुनु, स्वच्छ खानेपानीको अभाव, विद्यालय सरसफाइमा कमी आदि अवस्था अधिकांश विधालयमा देखिएका छन् । विधालयको खानेपानी तथा सरसफाइ र वातावरणीय सरसफाइमा उल्लेख्य सुधार ल्याउन आबश्यक रहेको छ । विद्यालयमा बालबालिकाको व्यबहारीक सीप विकासका लागि पनि यस्ता क्रियाकलापहरुमा अपनत्व सहितको संलग्नता गराउन र हामे विद्यालय सफा र स्वच्छ विधालय भनेर चिनाउन विद्यार्थी, शिक्षक, कर्मचारी सबैको व्यक्तिगत सरसफाइ तथा विधालय सरसफाइमा न्यूनतम मापदण्डहरु पुरा गर्न आबश्यक रहेको छ । आधारभुत तह कक्षा ६-८ र माध्यमिक तहमा विषयबस्तु संग मेल खाने क्षेत्रमा सरसफाइ तथा पोषणका क्षेत्रको व्यवाहारीक कार्य गराउन सकिन्छ । विद्यालयमा बाल क्लवहरुलाई इको क्लवको रुपमा परिचालन गरी हरित विद्यालयको रुपमा विकास गरी नमुना विद्यालयको रुपमा निर्माण गर्न सकिन्छ । विद्यालयमा प्रदान गरिएको दिवा खाजालाई अर्गानीक तथा स्थानीय पोषणयुक्त खानेकुराहरुको व्यबस्थापन गर्नु आबश्यक छ । यसमा ठुलीभेरी नगरपालिकाका विद्यालयहरुले प्रारम्भिक बालबिकास देखि कक्षा ५ सम्मको खाजा व्यबस्थापनमा मेनु तयार गरी बालबालिकालाई खुवाउने व्यबस्था गरेका छन । विद्यालयको सरसफाइ बालबालिका तथा शिक्षकहरुको संयुक्त प्रयासमा हुने गरेको छ । विधालयहरुमा स्यानीटरी प्याडको व्यबस्था तथा फोहरमैला व्यवस्थापनका लागि डस्टविन तथा केही स्थानहरुमा डम्पिङ पिटको पनि व्यवस्था भएको छ । विधालयमा बालबालिको स्वास्थ्यका कार्यक्रममा

स्वास्थ्य शाखा संगको समन्वयमा हुन् गरेको छ भने नियमित चेकजाँच, भिटामिन तथा जुकको औषधी खुवाउने तथा प्राथमिक उपचारका किटको व्यवस्था गर्ने जस्ता कार्य प्रभावकारी रुपमा गर्न आबश्यक देखिन्छ । यसको साथै विद्यालयमा स्थानीय स्तरमा उत्पादित वस्तुबाट तयार भएको पौष्टक खाजाको अनिवार्यता तथा नियमित मेनु निर्माण गरी कार्यान्वयन गर्न आबश्यक छ ।

४.४.२ उदेश्य

बालबालिकाहरुको पोषण र स्वास्थ्य अवस्थामा सुधार ल्याउन तथा विद्यालयको समग्र वातावरण स्वच्छ बनाउनका लागि निम्नानुसारका उदेश्यहरु अबलम्बन गरिएको छ ।

(क) विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक स्थानीय खाजा प्राप्तिको सुनिश्चतता गर्नु ।

(ख) विद्यालयमा बालबालिकाको स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु ।

(ग) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सकारात्मक व्यवहारलाई प्रोत्साहन गर्नु र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

(घ) बालबालिकाको स्वस्थ्य, व्याक्तिगत सरसफाइ सुधारका लागि स्वयम् बालबालिका, अभिभावक, शिक्षक र सरोकारवाला निकायको जवाफदेहितामा सुधार गर्नु

**४.४.३ रणनीति**

माथि उल्लेखित उदेश्यहरु पुरा गर्नका निमित्त निम्नानुसारको रणनीतिहरु अबलम्बन गरिएको छ ।

(क) बालबालिकाको लागि विद्यालयमा नै स्थानीय उत्पादनमा आधारित पोषिलो र ताजा खाजा तयार गर्नका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाँडावर्तन र अन्य सामग्रीहरू तथा समूहमा हात धुने लगायतका सुविधा विस्तार गरिने छ यसमा अभिभावकको संलग्नतामा पनि जोड दिइनेछ ।

(ख) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रवन्ध र घेराबारको व्यवस्था गरिनेछ ।

(ग) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइनुका साथै विद्यालयमा स्यानिटरी प्याड डिस्पोजेबल इन्सीनेटरको व्यवस्था गरिने छ।

(घ)विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने छ।

(ङ)दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने छ।

(च)सम्पूर्ण सामुदायिक विद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम लागु गरिने छ।

४.४.४ **प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि :** विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएर सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुनेछ ।

प्रमुख नतिजाहरू

(क) विद्यालय खाजालाई विद्यार्थीको अधिकारका रूपमा स्थापित गर्ने कानुनी प्रबन्ध हुने,

(ख) दिवा खाजालगायत स्वास्थ्य तथा पोषण तीनै तह र अन्य क्षेत्रसमेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुने,

(ग) प्रारम्भिक बालविकास शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुने र जंक फुडलाई पूर्णरुपमा निरुत्साहित गरिने,

(घ) सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरूलाइ अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुने,

(ङ) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुने,

(च) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि, आईरन चक्की तथा किशोरीहरूको मासिक महिनावारीमा स्यानिटरी प्याड वितरण र डिस्पोजेबल इन्सिनरेटरको व्यवस्था भएको हुने,

(छ) विद्यालयमा विद्यर्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुने,

(ज) विद्यार्थी र विद्यालयको अगुवाइमा स्मार्ट विद्यालय कार्यक्रम लागु गरी पूर्ण सरसफाईका सूचकहरु पूरा हुने।

(झ) सबै बालबालिकाहरुले पूर्ण रुपमा खोप प्राप्त गरेका हुनेछन र सबै बालबालिकाको न्यूनतम स्वास्थ्य चेक जाँच भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालवालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | स्वस्थकर दिवा खाजा प्राप्त गर्ने वालवालिका | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ |
| ३ | वार्षिकरुपमा विद्यार्थीको नियमित स्वास्थ्य नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ० | ४ | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ४ | खानेपानी, शौचालय | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ५ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका | ११ | १५ | २० | २४ | २४ | २४ | २४ | २४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय सङ्ख्या | | | | | | | | |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ० | ४ | ४ | ४ | ४ | ५ | | |

४.४.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य

| क.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास कक्षा १ मा भर्ना भएका बालवालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका | विद्यालय | २४ | २४ | २४ | २४ | २४ | २४ | स्थानीय तह स्वास्थ्य शाखा |
| २ | स्वस्थकर दिवा खाजा प्राप्त गर्ने बालवालिका | संख्या | १७६६ | १८०० | १८५० | १९०० | १९५० | ११००० | स्थानीय तह विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | वार्षिकरुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण | बिधालय | ० | ४ | ५ | २४ | २४ | २४ | विद्यालय स्वास्थ्य शाखा |
| ४ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुर्याउने | विद्यालय | ४ | ५ | २४ | २४ | २४ | २४ | पालिका र स्वास्थ्य शाखा |
| ५ | विद्यालय नर्सको व्यवस्था | विद्यालय | ४ | ४ | ४ | ४ | ५ | ५ | विद्यालय स्वास्थ्य शाखा |
| ६ | फोहोरमैला व्यबस्थापन का लागि डम्पिङ पिट निर्माण | विद्यालय | ४ | ५ | ५ | ५ | ५ | निरन्तर प्रयोग | विद्यालय |
| ७ | स्यानीटरी प्याट वितरण तथा व्यबस्थापन | विद्यालय | ५ | ५ | ५ | ५ | ६ | ६ | शिक्षा शाखा |
| ८ | खानेपानी तथा सरसफाइमा उत्कृष्ठ कार्य गर्ने विद्यालयलाई पुरस्कृत गरिने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ९ | आधारभूत स्वास्थ्य सामग्री | विद्यालय | ५ | ५ | ५ | ५ | ४ | निरन्तर | पालिका र स्वास्थ्य |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यबस्थापन | | | | | | | | शाखा |

## ४.५ विद्यालय सुरक्षा विपत् तथा उत्थानशीलता

### ४.५.१. वर्तमान अवस्था

द्वन्द महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरीन्छ । यसको मुल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालिन अवस्थामा बालबालिका लगायत हिंसासँग सम्बद्ध व्यक्तिहरूको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्वस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रुपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । आपतलिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बालअधिकारको रुपमा स्वीकार गरिएको छ । यसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी, युद्ध, द्वन्द व्यवस्थापन आदि  कुराहरू समावेश गरीन्छ ।

बिश्वभरि पछिल्लो समयमा कोभिड १९ का कारणले बालबालिकाहरुको निरन्तर सिकाइमा प्रत्यक्ष रुपमा असर परेको देखिन्छ । विद्यालयमा हुने स-साना विपतका घटनाहरु जस्तै पहिरो, बाढी, हावाहुरी, महामारी जन्य रोगहरु जस्तै हैजा, झाडापखाला, रुघाखोकीका कारणले पनि बालबालिकाको पढाइ क्षती भएको हुन्छ । यस्तो अवस्था आउन नदिन तथा आएको अवस्थामा पनि कसरि सिकाइ सहजिकरण गर्न सकिन्छ भनेर पूर्व तयारी गर्नुपर्ने देखिन्छ । राष्ट्रिय स्तरमा विद्यालय विपत व्यबस्थापनका लागि विभिन्न किसिमका नीति तथा कर्याक्रमहरु जस्तै विपद तथा जोखिम पूर्ण अवस्थामा शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई कार्यान्वयन गर्न वृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८, वृहत विद्यालय सुरक्षा गुरुयोजना २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८, सिकाइ पूर्वाधार विपत जोखिम व्यवस्थापन, विद्यालय विपत जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपत जोखिम न्यूनिकरण तथा उत्थानशीलताको लागि शिक्षाका न्यूनतम मापदण्ड आदि जस्ता कार्यान्वयन भएका छन् । स्थानीय तहले पनि यी विषयहरुलाइृ गहन रुपमा लिएर विपद व्यबस्थापनका लागि नीति निर्माण तथा कार्यान्वयन गर्नुपर्दछ ।

ठुलीभेरी नगरपालिकामा विशेष गरी हावाहुरी, बाढी तथा पहिरोको जोखिम र विभिन्न समयमा अन्य भाइरल लगायतका रोगहरुले वालवालिकाको पठनपाठनमा समस्या निम्ताएको हुन्छ । यस्तो अवस्थामा वालवालिकाको पढाइलाई निरन्तरताका लागि विद्यालय सुधार योजना मार्फत विभिन्न किसिमका रेस्पोन्सका कार्यहरु राखिएका छन् । विपतको समयमा विद्यालयमा हुने भौतिक तथा शैक्षिक क्षती न्यूनिकरणका लागि पालिकाले आपतकालिन सहयोगको योजनाहरु बनाएको र सोही अनुसार कार्य गर्ने गरी योजना निर्माण गरेको छ । विपतको समयमा शिक्षाका लागि ठुलीभेरी नगरपालिकाले विपत शिक्षा योजना निर्माण गरेको छ र यसको कार्यान्वयन गर्न प्रतिवद्ध छ । भौगोलिक विकट्ता, सुचना प्रविधिको कमजोर पहुँच तथा तयारी यस क्षेत्रको चुनौतीका रुपमा रहेका छन ।

४.५.२. उद्देश्य

विपत् बाट शैक्षिक गतिविधिहरुमा हुने क्षती न्यूनिकरण गरी बालबालिको सिकाइको अबसरलाई नियमित गर्नका लागि निम्नानुसारका उदेश्यहरु अबलम्बन गरिएको छ ।

(क) औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु।

(ख) सम्भावित विपत् व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु ।

(ग) विपत व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने र पूर्व तयारीका लागि आधार तय गर्ने र वपत् बाट बालबालिकामा पर्ने असर न्यूनिकरण गर्नु।

४.५.३. रणनीति

माथिका उदेश्यहरु हाँसिल गर्नका लागि निम्नानुसारका रणनीतिहरु अबलम्बन गरिएको छ ।

(क) विपत् समयमा शिक्षण सिकाइका गतिविधिहरुलाई निरन्तरता दिन पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पूर्नस्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरी कार्यान्वयन गरिने ।

(ख) सम्भावित प्रकोप तथा विपत् सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गरिने ।

(ग) विपत् का समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन बैकल्पिक सहजिकरणका उपायहरूको खोजी र प्रायोग गरिने ।

(घ) सम्पूण विदालयहरुको विपत जोखिमको अवस्था मुल्याङ्कन गर्ने र प्राथमिकिकरण गर्ने ।

(ङ) विद्यालयले विदालय सुधार योजनामा विपत विषयमा तयार पारेको योजनाको प्रभावकारी रुपमा सहकार्य र समन्वय गरेर कार्यान्वयन गरिने ।

(च) विपतको प्रतिकार्यका लागि आबश्यक सीप, ज्ञान र स्रोत तयारी तथा परिचालन गरिने ।

(छ) विपत् प्रतिकार्यका लागि क्षमता विकास गर्ने तथा शिक्षा समुहको निर्माण र परिचालन गर्ने ।

४.५.४. प्रमुख उपलब्धी तथा नतिजा

माथि उल्लेखित रणनीतिहरुको कार्यान्वयन पश्चात निम्नानुसारका उपलब्धिहरु हाँसिल हुनेछन ।

(क) विद्यालय र शिक्षा प्रणालीमा विपत तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुन:स्थापना तथा पूर्नउत्थान योजना तथा क्षमता विकास हुने ।

(ख) विपत तथा संकटपूर्ण अवस्थामा शैक्षिक क्रियकलापहरू निरन्तररुपमा संचालन हुने ।

(ग) विपत जोखिम न्यूनिकरणका लागि योजना निर्माण हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानिय तहमा संकटासन्नता मूल्यांकनका आधारमा योजना निर्माण | ० | १ | १ | १ | १ | १ | १ |
| २ | हरित विद्यालय सङ्ख्या | ० | ४ | ८ | १४ | २० | २४ | २४ |
| ३ | विद्यालयमा विपत सुरक्षा योजना | ० | ० | ४ | २४ | | | |

**४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.स | मुख्य क्रियाकलाप हरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | | १ | | | | परिमार्जन | स्थानीय तह स्वास्थ्य शाखा |
| २ | विपत् तथा प्रकोप स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | | १ | १ | १ | १ | ५ | स्थानीय तह विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | शिक्षाका सवै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा संकटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाउने | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | विद्यालय |
| ४ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापन तथा उत्थानशीलताका लागि सचेतना शिक्षक तथा वि.व्य.स तालिम | तालिम | | १ | १ | १ | १ | ५ | पालिका |
| ५ | हरित विधालय प्रवर्द्धन कार्यक्रम | वटा | ४ | ५ | ५ | ५ | ५ | २४ | विद्यालय |
| ६ | शिक्षा समुह गठन र परिचालन क्षमता विकास | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| ७ | विपत् प्रतिकार्यका लागि वैकल्पिक सिकाइका सामग्री तयारी | पटक | | १ | | १ | | २ | पालिका |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१. वर्तमान अवस्था

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपत् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा कार्यक्रम प्रस्ताव गरिएको छ।

विद्यालयका प्राथमिकता प्राप्त सक्षमताभित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत हालसम्म पूर्ण हुन सकेको छैन भने शैक्षिक सत्रको सुरुवातसँगै बालबालिकाको हातमा पाठ्यपुस्तक उपलब्ध गराउन सकिएको छैन । आधारभूत तहमा लागु भइरहेको स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक कक्षा १ देखि ३ सम्म मात्र निर्माण गरी विद्यार्थीलाई उपलब्ध गराइएको छ। आधारभूत तहमा पढाइ कुना निर्माण गर्ने कार्यले खासै प्राथमिकता पाउन सकेको छैन । विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरीएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन । चार कोठाको भवन बनाउँदा सङ्घीय सरकारबाट प्राप्त हुने बजेटले नगरपालिकाको सबै विद्यालयमा समान नाप र गुणस्तरको भवन निर्माण गर्ने कार्य सोचनीय छ। प्रदेश सरकारबाट प्राप्त भौतिक पूर्वाधारसम्बन्धी कार्यक्रमहरु मागमा आधारित नहुँदा झनै समस्या भएको छ। विद्यालयमा भवन निर्माण गर्ने सिलसिलामा भवन आचार संहिताको पूर्ण रुपमा पालना नभएका कारण धेरैजसो विद्यालयहरू अपाङ्ग मैत्री र विपत्प्रतिरोधी बन्न सकेका छैनन् । समग्रमा विद्यालयको पूर्वाधार विकासमा तीन तहका सरकार र विकास साझेदार निकायहरुबिचको समन्वय र सहकार्य अपेक्षित रुपमा प्रभावकारी र नतिजामूलक बन्न सकिरहेको छैन।

शिक्षाको गुणस्तर वृद्धि गर्न तथा सबैका लागि शिक्षा, शिक्षामा समान पहुँच र सहभागिता वृद्धि गर्ने, शिक्षामा समानता विरुद्ध समता जस्ता नाराहरुलाई मूर्तरुप दिन कुनै पनि स्थानीय तहले विद्यालयहरुमा भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धी मापदण्ड २०८० अनुसार गर्नुपर्ने देखिन्छ ।

यस नगरपालिकामा संचालित २४ वटा सामुदायिक विद्यालयहरु २ वटा संस्थागत र १ वटा धार्मीक विद्यालय गरी जम्मा २७ वटा विद्यालयहरु रहेका छन् । आदर्श मा.बि जुफालको १ वटा पक्की भवन बाहेक अन्य सबै विद्यालयमा कच्ची भवन र अर्ध पक्की भवनहरु रहेका छन । यस नगरपालिकामा रहेका २७ वटा विद्यालयहरुमा ५ वटा पक्की र अन्य विद्यालयहरुमा अर्ध पक्की र कच्ची शौचालयहरु रहेके देखिन्छ । सम्पूर्ण

विद्यालयहरु मध्ये २ वटा विद्यालयमा पुस्तकालय कोठा, २ वटा विद्यालयहरुमा विज्ञान प्रयोगशाला कोठा, ४ वटा विद्यालयहरुमा कम्प्युटर कक्ष ा र धेरै जसो विद्यालयहरुमा कार्यालय कोठा भएता पनि केहि विद्यालयहरुमा कक्षा कोठा र कार्यालय कोठा एकै ठाउँमा सञ्चालन भइरहेका छन् । अधिकांश विद्यालयहरुमा छात्र र छात्राको लागि छुट्टाछुटै शौचालयको व्यवस्था गरिएको छ ।स्वच्छ पिउने पानीको अभावपनि छदैछ । यस नगरपालिकामा विषेश गरी आधारभूत तहका विद्यालयहरुमा कच्ची भौतिक संरचनाहरु हुँदा तिनीहरुलाई विस्थापन गरी पक्की, भुकम्प प्रतिरोधात्मक, अपाङ्ग मैत्री भौतिक संरचनाहरु निर्माण गर्नुपर्ने देखिन्छ। माथि उल्लेखित् भौतिक संरचनाहरु निर्माण गर्दा पालिकाको एकल प्रयासले मात्र सम्भव नभएकोले प्रदेश सरकार, संघीय सरकार, समुदाय विभिन्न संघ संस्थाहरुको समेत सहयोग लिन सकेमा शिक्षण सिकाइमा प्रभावकारी भूमिका निर्वाह गर्न सकिन्छ ।अधिकास विद्यालयहरुमा घेरावार नहुदा पठनपाठनमा अबरोध उत्पन्न भै रहेको छ । तसर्थ प्रत्येक विद्यालयमा अनिवार्य रुपमा घेराबार निमार्ण गर्नु पर्ने देखिन्छ ।

### ४.६.२ उद्देश्य

विधालयको भौतिक पुर्वाधार विकास गरी सिकाइ वातावरण सुरक्षित र प्रभावकारी बनाउनका लागि निम्नानुसारका उदेश्यहरु किटान गरिएको छ ।

(क) सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु, ।

(ख) विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड सहितको गुरुयोजनाको विकास र कार्यान्वयन गर्नु ।

(ग) गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु ।

### ४.६.३ रणनीति

माथि उल्लेखित उदेश्यहरु हासिँल गर्न निम्नानुसारका रणनीतिहरु अबलम्बन गरिएको छ ।

(क) विद्यालयको तह, विद्यार्थी सङ्ख्या र लागतका आधारमा विद्यालयमा आवश्यक पर्ने पूर्वाधार विकासको मापदण्ड र गुरुयोजना निर्माण गरिने छ ।

(ख) विद्यालयको समग्र पक्षमा सुधार ल्याउनका लागि नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिने छ।

(ग) नगरपालिकामा सञ्चालन भएका विद्यालयहरुमा पूर्वाधार विकासका लागि सङ्घ र प्रदेश सरकार, विकास साझेदार एवम् गाउँपालिकाका लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरिने छ,

(ग) एक माध्यमिक विद्यालय एक पुस्तकालय, एक विज्ञान प्रयोगशाला, एक गणित प्रयोगशाला र सूचना प्रविधि प्रयोगशाला तथा एक आधारभूत विद्यालय एक पढाइ कुना निर्माण गरिने कार्यलाई प्राथमिकता दिइने छ,

(घ) विद्यालय पूर्वाधार विकासका लागि सङ्घ र प्रदेश सरकार तथा विकास साझेदार तथा विभिन्न संघसंस्थ एवम् निकायहरूसँग लागत साझेदारी गरिने छ,

(ङ) विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय (विद्यार्थी सङ्ख्याको अनुमान तथा उमेरलाई विचार गरेर), भान्सा वा खाजा घरलगायत सबैको योजना

समावेश गरी डिजाइन गरिने छ भने निर्माण भइसकेका विद्यालयहरूमा थप संरचनाको योजना एकै पटक गरिने छ।

(छ) पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्दि गरिने छ,

(ज) जस्तापाता भएका विद्यालयका छाना विस्थापित गरी छात्रामैत्री र अपाङ्गमैत्री पूर्वाधार विकास गरिने कार्यलाई प्राथमिकता दिइने छ,

(झ) विद्यालयको भौतिक पक्षमा सुधार गर्नका लागि स्थानीय समुदाय र लगानीकर्ताहरुलाई प्रोत्सहान एवम् परिचालन गर्ने कार्यमा आवश्यक सहजीकरण र समन्वय गरिने छ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

(क) सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।

**ख) नतिजा**

(क) विद्यालय शिक्षा अन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक मापदण्ड तथा गुरुयोजना निर्माण भएको हुने,

(ख) पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीमा लागत साझेदारीको मोडालिटी अवलम्बन भएको हुने,

(ग) नगरपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार भएको हुने,

(घ) विद्यालयहरूमा अपाङ्गता एवम् छात्रामैत्री तथा वालमैत्री संरचनाहरुको व्यवस्था भएको हुने,

(ङ) सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय र प्रयोशालाहरु तथा आधारभूत विद्यालयहरुमा पढाइ कुना भएको हुने,

(च) विद्यालयहरूमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भारका लागि नियमित पद्धति विकास भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाल मैत्री, अपांग मैत्री तथा भुकम्प प्रतिरोधी विद्यालय | ० | ६ | १२ | १६ | २० | २४ | |
| २ | ब्यबस्थित खेल | ४ | ८ | १२ | १६ | २० | २४ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मैदान व्यावस्थापन तथा खेलकुद सामाग्री व्यवस्थापन | | | | | | | |
| ३ | भुकम्प प्रतिरोधि नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ० | २४ | ४८ | ६४ | ८० | ९६ | |
| ४ | नयाँ निर्माण गर्नुपर्ने पक्की शौचालय सङ्ख्या | ४ | ८ | १२ | १६ | २० | २४ | |
| ६ | बढी पहिरो लगायतका प्रकोप न्युनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | ३ | आबश्यकता अनुसार | आबश्यकता अनुसार | आबश्यकता अनुसार | आबश्यकता अनुसार | आबश्यकता अनुसार | |
| ७ | प्रयास पिउने पानी व्यवस्थापन गर्नू पर्ने विद्यालय संख्या | १२ | १४ | १६ | १८ | २० | २४ | |

### ४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क.स | मुख्य क्रियाकलाप हरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाल, अपांग मैत्री विद्यालय भवन निर्माण | वटा | २ | २ | २ | २ | २ | १४ | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालयमा बनेका संरचनाको सम्बर्द्धन तथ मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय सङ्ख्या | आबश्यकता अनुसार | आबश्यकता अनुसार | आबश्यकता अनुसार | आबश्यकता अनुसार | आबश्यकता अनुसार | नियमित | स्थानीय तह विद्यालय |
| ४ | छात्रा र छात्रलाई अलग्गै पक्की शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | नियमित | विद्यालय |
| ५ | सुरक्षित पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | २ | ५ | ५ | ५ | ५ | २ | पालिका |
| ६ | अपाङ्गता मैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | | ६ | ४ | ४ | ४ | ६ | विद्यालय |
| ७ | खेल मैदान तथा खेल समाग्री सहयोग | विद्यालय सङ्ख्या | १ | ४ | ४ | ४ | ५ | ७ | पालिका |
| ८ | पुर्वाधार निर्माणका लागि मापदण्ड निर्माण | पटक | | १ | | | | परिमार्जन | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | पुर्वाधार निर्माणका लागि अभिमुखीकरण | पटक | | १ | | | १ | २ | पालिका |

४.७. विद्यालयमा सुचना तथा सञ्चार प्रविधि

४.७.१ वर्तमान अवस्था

हालको शिक्षा प्रणाली सूचना र प्रविधिको संग प्रत्यक्ष रुपमा जोडिएको छ । विज्ञान तथा सूचना प्रविधिमा भएको निरन्तर परिवर्तनले शिक्षाका क्षेत्रमा रहेको परम्परागत संस्कृतिलाई चूनौति दिदै नविनतम संस्कार प्रविधिको उपयोगमा चाप वढेको हो । शिक्षाको हरेक क्षेत्रहरु जस्तै पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङकनमा समेत प्रविधिको प्रयोग भएको छ । हाल शिक्षाको विकास तथा प्रयोगका लागि सूचना प्रविधिको स्थान उच्च रहेको छ । वर्तमान परिवेशमा त शिक्षक विद्यार्थी तथा सम्पूर्ण शिक्षाकर्मी एवं अभिभावक समेत सूचना प्रविधिको प्रयोगलाई अलग राख्न सक्ने अवस्था छैन् । सूचना प्रविधिले शिक्षामा मात्र हैन समग्र पक्षमा यसको क्षेत्र विस्तार भएको छ । वातावरण पर्यटन संरक्षण आर्थिक विकास वितिय कारोवार लगायतका सवैक्षेत्रमा आधुनिक सूचना र प्रविधिको विकास भएको छ । विश्व वजारमा सूचना र प्रविधिमा ज्ञान नभएको जनशक्ति विक्न नसक्ने भएकोले नेपालका विश्व विद्यालयहरुमा आज सूचना प्रविधिको अलग्गै विषयको रुपमा अध्यापन हुने गरेको छ । प्रविधिको उपयोग गर्नु आर्थिक रुपले खर्चिलो भएपनि समय र श्रमका हिसाबले सहज हुने भएकोले आजको समय अत्यन्त महपूर्ण पक्ष भएकोले आजको परिवेशमा शिक्षामा सूचना प्रविधिको उपयोगमा जतिसुकै चुनौती पूर्ण रहेपनि सो अनुसार नगइ नहुने अवस्था रहेको छ । यसै परिवेशको आवश्यकतालाई महसुश गरेर नै विद्यालयहरुमा सूचना प्रविधिको विकासका लागि आइसिटि विकास, माध्यमिक विद्यालयहरुसम्म इन्टरनेट खर्च अनुदान, शिक्षण सामाग्री तथा पाठ्यक्रम र पठन विधि समेत सवैको पहुँचमा लैजान आ.व.७५/७६ देखि नै कार्यक्रमहरु सञ्चालनमा रहेका छन साथै विद्यालयहरुको स्वमूल्याङ्कनमा पनि सूचना प्रवधिको प्रयोग गर्दै लगिएको छ । सुचना प्रविधिको पहुँच पुर्याउने भरपर्दो माध्यम इन्टरनेट रहेको हुदा यो पालिकाको अधिकांश विद्यालयहरुमा प्रभावकारी इन्टरनेट अझै पुर्याउन सकिएको छैन ।सूचना तथा प्रविधिको प्रयोगले शिक्षकलाई कार्यवोझ कम हुने नविनतम प्रविधिको उपयोग हुने तथा शिक्षक र विद्यार्थीलाइ सक्रिय बनाइ राख्न सहयोग पुग्दछ । सुचना प्रविधिलाई सिकाइ सहजिकरण संग प्रत्यक्ष रुपमा जोड्दै लैजान सकिएन भने शिक्षामा गरिएको लक्ष्य हाँसिल गर्न सकिने सम्भावना छैन । यद्यपी समायानुकल सुचना प्रविधि संग शिक्षक तथा कर्मचारीहरुलाई अनुकुल गराउदै लौजानपर्ने आबश्यक्ता देखिन्छ । पालिका भित्र रहेका सबै विद्यालयहरुमा प्रभावकारी इन्टरनेट, सुचना प्रविधिका सामग्रिहरु तथा सञ्चार प्रविधीहरु नहुँदा साथै विद्यालयमा शिक्षक कर्मचारहिरु सुचना प्रविधिमा अनुकुलित हुन नसक्दा चुनौतीहरु भएता पनि समयानुसार वालवालिका तथा शिक्षककहरुले प्रयोग गर्दै गएकाले सुचना प्रविधिको प्रभावकारी व्यबस्थापन हुदाँ अपेक्षित उपलब्धिहरु प्रभावकारी रुपमा हासिँल गर्न सकिने देखिन्छ ।

सुचना प्रविधिको हिसाबमा यो पालिका केही कमजोर पनि देखिएको छ । माध्यामिक तहका सबै विद्यालय र आधारभुत तहका ५ वटा विद्यालयमा कम्प्यूटर ल्याबहरु रहेका छन् । यद्यपी माध्यमिक तहमा मात्र कम्यूटर ल्यावको प्रयोग भएको छ । सुचना प्रविधि अन्तरगत ४ वटा विद्यालयहरुमा इन्टरनेट जडान भएको छ भने अन्य विद्यालयहरुमा इन्टरनेटको सुविधा छैन । नगरपालिका भित्रका सबै विद्यालयहरुमा इ पुस्तकालय अन्तर्गत सर्भर र १।१ वटा ल्यापटप पुगेको छ भने ५ वटा विद्यालयमा १०।१० वटा कमप्यूटर सहितको इ लाइब्रेररी सञ्चालनमा रहेको छ । सुचना प्रविधिको हिसाबमा पालिकाका शिक्षकहरुको पुहँच तथा क्षमता अत्यन्त कमजोर रहेको छ । शिक्षक र बिद्यार्थीलाई सुचना प्रविधिको पहुँच अभिबृद्धिका लागि क्षमता विकास गर्न दक्ष प्रशिक्षकको व्यवस्थापन र परिचालन गर्न आबश्यक देखिन्छ ।

४.७.२. उद्देश्य

बालबालिकाहरुलाई समयानुकुल सुचना र प्रविधिको पहुँच अभिबृद्धि गरी सिकाइ सहजिकरण प्रभावकारी र गुणस्तरीय बनाउनका लागि निम्नानुसारका उदेश्यहरु रहेका छन ।

क) सिकाइलाई प्रभावकारी, गुणस्तरीय र समय सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु ।

ख) शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु ।

ग) सुचना प्रविधिमा सबै प्रयोगकर्तालाई सहज र प्रभावकारी पहुँच अभिबृद्धि गरी क्षमता विकास गर्नु।

घ) सुचना व्यबस्थापन प्रणलीमा सुधार ल्याउन र प्रभावकारी बनाउनु ।

४.७.३ रणनीतिहरू

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने ।

ख)सूचना प्रविधिमा सबै शिक्षकहरूको क्षमता विकास गरिने र यसका लागि दक्ष प्रशिक्षकको ब्यवस्थापन र परिचालन गरिने।

ग) विभिन्न कक्षा र विषयका लागि तयार पारिएका शिक्षण सिकाइ क्रियाकलापहरुमा डिजिटल सामग्रीको प्रयोग बढाइने ।

घ)शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिने ।

ङ)शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने ।

च)शिक्षक तथा प्र.अ. लाई सूचना प्रविधिको प्रयोगमा जिम्मेवार बनाउने ।

छ)एकिकृत शैक्षिक सुचना व्यबस्थापन प्रभावकारी रुपमा कार्यान्वयन गर्ने

४.७.४ प्रमुख उपलब्धी र नतिजा

(क) सबै बिधालयहरुमा सुचना प्रविधिको पहुँच भएको हुनेछ ।
(ख) सुचना प्रविधि प्रयोग तथा व्यबस्थापनका लागि शिक्षक र कर्मचारीहरु क्षमतावान भएको हुनेछन् ।
(ग) सबै विद्यालयहरु सुचना प्रविधिमैत्री हुनेछन् ।
(घ) शत प्रतिशत विद्यालयमा आधारभूत कम्प्युटर प्रयोगशाला हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ४ | ४ | ६ | १० | १५ | २० | २४ | २४ |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्यूटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या | ९ | १० | १५ | २४ | २४ | २४ | २४ | २४ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १० | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ४ | इमिस अध्यावधी गर्ने विद्यालय | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ |

४.७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा इन्टरनेट जडान | विद्यालय | | २ | ४ | ५ | ५ | ४ | पालिका |
| २ | सुचना प्रविधि तालिम र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ३ | कम्प्यूटर ल्याव स्थापना | विद्यालय | १ | २ | २ | ३ | ३ | ४ | पालिका र संघ |
| ४ | इ लाइबेररीको व्यवस्थापन (परिचालन) | विद्यालय | २४ | २४ | २४ | २४ | २४ | २४ | पालिका |
| ५ | कम्प्यूटर प्रशिक्षक | जना | | २ | २ | २ | २ | २ | पालिका |
| ६ | इ -हाजिरीको व्यवस्था | विद्यालय | | ४ | १० | १० | | | पालिका |

## परिच्छेद ५ : अन्य अन्तरसम्बन्धित विषयहरु

५.१ उच्च शिक्षाको व्यबस्थापन

५.१.१ वर्तमान अवस्था

विद्यालय तहको शिक्षा प्राप्ति पछि नेपालको संविधान, २०७२ ले जनशक्तिका हिसाबले न्यून, मध्यम, दक्ष र उच्च दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । स्नातक तहको उत्तीर्ण पछि मध्यम जनशक्ति उत्पादन गर्ने । स्नातकोत्तर र सो भन्दामाथि उत्तीर्ण पछि उच्च जनशक्ति तयार गर्ने लक्ष्य लिएको छ । डोल्पा जिल्लामा हाल ठुलीभेरी नगरपालिकाको दुनैमा डोल्पो क्याम्पस १ वटा उच्च शिक्षा हाँसिल गर्ने शैक्षिक संस्था रहेको छ । माध्यमिक तह अध्ययन पश्चात विद्यार्थीहरु उच्च शिक्षा हाँसिल गर्न शिक्षा संकायको उच्च शिक्षा हाँसिल गर्ने यी शैक्षिक संस्थामा भर्ना हुने र अध्ययन गर्ने गरेका छन् । उच्च शिक्षाको लागि स्थानीय तहको अधिकार क्षेत्र नभएता पनि उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको क्षमता विकास र बिद्यार्थीहरुको पहुँच अभिबृद्धिका लागि भने स्थानीय तहले हर प्रयास गरीरहेको र आगामी दिनमा थप प्रयासहरु गर्ने छ । यस ठुलीभेरी नगरपालिका स्थित डोल्पो क्याम्पसमा विभिन्न सेमेस्टरमा गरेर २६९ जना बिद्यार्थीहरु रहेका छन् ।क्याम्पसमा हाल पुर्णकालिन शिक्षक १ जना, आंशिक शिक्षक ६ जना र प्रशासनिक कर्मचारी ३ जना रहेका छन । हाल बिद्यार्थीको लागि प्रयाप्त भौतिक संरचना रहेको छ । यद्यपी संरचना कच्चि भवन भएको र संरचना भित्रका अन्य शैक्षिक संरचनाहरु जस्तै पुस्तकालय, ल्याब, कम्प्यूटर ल्याब, खेलकुद मैदानको अवस्थामा थप र सुधार गर्नुपर्ने देखिन्छ । समग्रमा डोल्पो क्याम्पसको शैक्षिक उपलब्धीलाई नियालेर हेर्दा संख्यात्मक रुपमा रहेको छ । बिद्यार्थी भर्नादर राम्रो रहेको यस डोल्पो क्याम्पसमा नियमित पठनपाठन हुने भएता पनि पठनपाठनमा बिद्यार्थीको नियमित उपस्थित कम रहेको छ । बिद्यार्थी भर्ना बमोजिम नियमित रपमा पठनपाठनमा सरिक हुने भएमा बिद्यार्थीको सिकाइ राम्रो रहने र उत्पादित जनशक्रि सक्षम र अब्बल हुने देखिन्छ । नियमित कक्षामा विद्यार्थीहरु कम भएता पनि परीक्षामा मात्र देखिने भएकाले अपेक्षाकृत गुणस्तर नदेखिएको हुन सक्ने आधार हो । गुणस्तरको खोजी गरेर देशको अन्य क्षेत्र जाने विद्यार्थीहरुलाई यसै जिल्लामै राख्नका लागि विविध विषय र संकाय विस्तार गर्दै गुणस्तरमा विस्वास जित्नु पर्ने अवस्था यो क्याम्पसको रहेको छ । आगामी दिनमा स्नातोकत्तर तहको पढाई विस्तार गरी पालिका बाहिर जाने संख्या रोक्न क्याम्पसका लागि चुनौतीको रुपमा रहेको छ । क्याम्पसको अपुग भौतिक अवस्था, साँघुरो कक्षा कोठा, शिक्षण विधिप्रविधिमा आधुनिकिकरण हुन नसक्नु यसका समस्याका रुपमा लिन सकिन्छ । नगरपालिकाले अन्य स्थानीय तहहरुको समन्वय गरेर विषयगत क्षेत्रलाई फराकिलो बनाइ गुणस्तरीय शिक्षा प्रदान गर्ने संस्थाको रुपमा स्थापित हुन क्याम्पसको समेत ठोस गुरु योजना आवश्यक रहेको छ ।

यद्यपी क्याम्पसमा कक्षा कोठामा फर्निचर तथा आधुनिक प्रविधिको लागि आवश्यक पूर्वाधार नहुनु , नियमित आर्थिक स्रोत अभावका कारण विषयगत र पूर्णकालिन शिक्षक राख्न नसक्नु , कक्षामा नियमित पढ्न आउने विद्यार्थीहरु न्यून हुनु, क्याम्पसको नियमित आयश्रोत बढाउन नसकिनु ,शिक्षणमा सूचना तथा प्रविधिको प्रयोग कम हुनु जस्ता प्रमुख चुनौतीहरु रहेकाछन ।

### ५.१.२ उच्च शिक्षाका उद्देश्य

स्थानीय तहलाई उच्च शिक्षा अधिकार क्षेत्र नभएता पनि जिल्लामा उच्च शिक्षाका लागि सहयोग र उच्च शिक्षाको गुणस्तर सुधारमा स्थानीय तहले भुमिका निर्वाह गर्न सक्नु पर्दछ । उच्च शिक्षाका लागि निम्नानुसारको उद्देश्य रहेका छन् ।

(क) उच्च शिक्षाको पहुँचमा सहजता ल्याउनु ।

(ख) गुणस्तरीय शिक्षा प्रदान गरी उत्पादित जनशक्ति रोजगारका क्षेत्रमा सजिलै विक्न सक्ने तयार गर्नु ।

(ग) नविनतम प्रविधिको उपयोग गर्न सक्ने जनशक्ति तयार गर्नु

(घ) कम खर्चमा समावेशीपूर्वक सबै बिद्यार्थीले गुणस्तरीय जीवनोपयोगी शिक्षा शिक्षा पाउने अवसर प्रदान गर्नु ,

(ङ) सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधि प्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संशाधनको विकास गर्नु,

(च) उच्च शिक्षाका अवसरहरूलाई समयानुकूल, सान्दर्भिक, उपयोगी, प्रतिस्पर्धी र गुणस्तरीय बनाउनु,

५.१.३ रणनीतिहरू

माथि उल्लेखित उदेश्यहरु हाँसिल ग।न निम्नानुसारका रणनीतिहरु अबलम्बन गरिएको छ ।

(क) उच्च शिक्षा प्रदान गरीरहेको निकायहरुको क्षमता विकास गराउन विभिन्न तहका सरकार र सरोकारवाला संग समनवय र सहकार्य गर्ने ।

(ख) स्नातक तह सम्म सञ्चालनमा रहेको क्यामपसमा स्नातकोत्तर तहको कक्षा सञ्चालनका लागि पहलकदमी गर्ने ।

(ग) भौतिक पक्ष जग्गा तथा भवनको विस्तार र सुधार गरी विद्यार्थीहरुका लागि आवाशीय आवासको व्यवस्था गरेर पहुँच बढाउने ,

(घ) संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूको संरक्षण गर्ने कार्यक्रमहरु केन्द्रित गर्न पहल गर्ने,

(ङ) विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसर उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,

(च) स्थानीय तहमा सञ्चालित शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा समन्वय र सहकार्य गरी आवश्यक सहयोग उपलब्ध गराउने,

(छ) उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालन, नियमन र व्यवस्थापनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने,

(ज) उच्च शिक्षा विकासका लागि सार्बजनिक, सामूदायिक तथा निजीस्तरमा साझेदारी कार्यलाई प्रोत्साहन गर्ने,

(झ) स्थानीय तहको मानव संशाधन योजनाका आधारमा आवश्यक मानव स्रोत विकासका लागि सञ्चालित शिक्षा प्रदायक संस्थालाई कार्यक्रम बनाउन लगाई कार्यान्वयनमा सहयोग गर्ने,

(ञ) आर्थिक रूपमा पिछडिएका प्रतिभावान तथा सिमान्तकृत, दलित, अपाङ्गता, लोपोन्मुख जाति र जनजाति, महिला विद्यार्थीकालागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था गरी छात्रावृत्तिको व्यवस्था गर्ने,

(ट) नगरपालिकाको लागि आवश्यक विभिन्न अनुसन्धनात्मक कार्यमा सहकार्य गर्ने,

५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

उच्च शिक्षामा पहुँच अभिवृद्दि भई समयानुकुल, सान्दर्भिकता र गुणस्तरमा सुधार ।

प्रमुख नतिजाः

(क) नगरपालिका अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीहरुको क्षमता र योग्यता अनुसार उच्च शिक्षामा पहुँच हुने,

(ख) स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्दि हुने,

(ग) उच्च शिक्षा उत्पादन र आर्थिक उपार्जनसँग जोड्ने प्रयास गर्ने र उच्च शिक्षा अध्ययनका लागि जिल्ला बाहिर जाने बिद्यार्थी न्यूनिकरण भएको हुने,

(घ) उच्च शिक्षामा सार्वजनिक, नीजि तथा सामूदायिक सहभागितामा लगानी अभिवृद्दि हुने र अनुसन्धनात्मक कार्यमा स्थानीय तहलाई सहयोग पुग्ने ,

(ङ) उच्च शिक्षा हाँसिल गर्ने उमेर समूहका सवै युवाहरुलाई गुणस्तरीय उच्च शिक्षाको सुनिश्चितता हुने

(च) उच्च शिक्षा हाँसिल गर्ने उमेरका सवै युवाहरुलाई उच्च शिक्षामा पहुँच सुनिश्चित भएको हुने ।

(छ) क्याम्पसको भौतिक, आर्थिक र प्रशासनिक सुधार भएको हुने तथा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा समतामूलक पहुँच सुनिश्चित भएको हुने।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | क्याम्पसको संख्या | १ | १ | १ | १ | १ | १ | १ |
| २ | बिद्यार्थी संख्या | २६९ ( २०८१) | २६९ | २७५ | २८० | २८५ | २९० | ४०० |

५.१.५ मुख्य क्रियाकलापहरुः

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार निर्माणमा सहयेग | क्याम्पस | | १ | | १ | | १ | पालिका , प्रदेश र सघ |
| २ | शिक्षक व्यवस्थापन अनुदान | पटक | | १ | १ | १ | १ | ५ | पालिका , प्रदेश र सघ |
| ३ | सूचना तथा प्रविधिको पहुँचमा सहायता | क्याम्पस | | | १ | | १ | २ | पालिका , प्रदेश र सघ |
| ४ | विपन्न बर्गको लागि छात्रबृति | जना | ० | ५ | ५ | ५ | ५ | २५ | पालिका , प्रदेश र सघ |

### ५.२.१ वर्तमान अवस्था

समुदाय तहमा समेत पठन संस्कृतिको विकासका लागि पुस्तकालयको स्थापना र प्रयोग अति आबश्यक देखिन्छ । समुदाय तवरमा पुस्तकालयको स्थापना र प्रयोग मार्फत अभिभावकको मात्र नभएर बिद्यार्थी, शिक्षक लगायतले पनि फुर्सदको समयमा आबशयकता अनुसारका सामग्री अध्ययन गरी पठन क्षमताको विकास गर्न सक्दछन । सामुदायिक पुस्तकालय" भन्नाले स्थानीय समुदाय, समाजसेवी वा सामुदायिक संस्था, गैरसरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी निकायको सहयोगमा स्थापना र संचालन भएका समुदायमा रहेका वा समुदाय स्तरले समेत सहज रुपमा प्रयोग गर्न पाउने पुस्तकालय सम्झनु पर्छ । यसले बाल पुस्तकालय, वाचनालय, विद्युतीय पुस्तकालय समेतलाई जनाउँछ ।समुदायमा स्थापना हुने र समुदायका लागि लक्षित गिरएका पुस्तकालय स्थानीय तह वा प्रदेश सरकारको सहयोगमा समुदायका सबै वर्ग, धर्म, लिङ्ग, जातजाति, भाषाभाषी लगायतका सबै उमेर र पेसा व्यावसायमा संलग्न नागरीकलाई बिना भेदभाव सदस्यता प्राप्त गरी वा नगरी पुस्तकहरुको आदान प्रदान वा निश्चित स्थानमा बसी अध्ययन वा प्रयोग गर्न पाउने गरी संचालन भएको पुस्तकालय हुन जुन सार्वजनिक रुपमा प्रयोगमा हुन्छन ।

विभिन्न पेशा व्यवसाय, वर्ग र सबै क्षेत्रके लागि अति आबश्यक बिषयबस्तुहरु र सन्दर्भ सामग्रीहरु पुस्तकालयमा उपलब्ध गरी पठन संस्कर्तिको विकास र प्रवर्द्धन गर्न सकिन्छ । हाल ठुलीभेरी नगरपालिकामा सामुदायिक तहमा पुस्तकालय नभएकोले सामुदायिक सिकाइ केन्द्र मार्फत तथा अन्य तवरले पनि समुदाय स्तरमा सबैके सहज पहुँच पुग्ने गरी पुस्तकालय स्थापना र प्रयोग गर्न सकिन्छ ।

### ५.२.२ उदेश्यहरु

समुदाय स्तरमा समेत पठन संस्कृतको विकास गर्न तथा सबैको लागि पढ्ने सिक्ने वातावरण सिर्जना गरी पहुँच अभिबृद्धि गर्न निम्नानुसारका उदेश्यहरु किटान गरिएको छ ।

(क) समुदायस्तमा समेत पठन संस्कृतिको विकास र प्रवर्द्धन गर्न ।

(ख) पाठकलाई बिभिन्न किसिमका आबश्यक पठन सामग्रीहरुको सरल र सहज उपलब्धा गर्न ।

### ५.२.३ रणनीतिहरु

सामुदायिक पुस्तकालयको विकासका लागि निम्नानुसरका रणनीतिहरु अवलम्बन गरिएको छ ।

(क) सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास र परिचालन मार्फत पुस्तकालय व्यबस्थापन र प्रयोगमा जोड दिने ।

(ख) पठन संस्कृतिको विकासका लागि समुदाय स्तरमा सचेतनामुलक कार्यक्रमहरु गर्ने तथा समुदायको आबश्यकतामा आधारित पुस्तक तथा सामग्रीहरु व्यबस्थापन गर्ने ।

५.२.४ उपलब्धि तथा नतिजा

(क) सामुदायिक तवरमा पुस्तकालय स्थापना भएको हुनेछ ।

(ख) समुदाय स्तरमा रहेका आम नागरीकको पठन संस्कृतको विकास भएको हुनेछ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुस्तकालयको स्थापना | ० | | १ | | २ | | ३ |

५.२.५ मुख्य क्रियाकलापहरुः

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुस्तकालयको स्थापना | वटा | | १ | | १ | | ३ | पालिका, सामुदायिक सिकाइ केन्द्र |
| २ | समुदाय तहमा पठन संस्कृतिको लागि सचेतनामुलक कार्यक्रम | पटक | | १ | १ | १ | १ | ५ | पालिका, सामुदायिक सिकाइ केन्द्र |

## ५.३ युवा तथा खेलकुद विकास

### ५.३.१ वर्तमान अवस्था

नेपालको संविधानको अनुशुचि ९ मा उल्लेखित संघ प्रदेश र स्थानीय तहके साझा अधिकार सम्बन्धमा संघ तथा प्रदेश कानुनको अधिनमा रहि स्थानीय तहले यूवा तथा खेलकुदका लागि आबश्यक संरचना पूर्वाधार निर्माण संचालन तथा विकासका कार्यक्रमहरु गर्ने प्रावधान रहेकोछ । सेही अनुरुप स्थानीय सरकार संचालन ऐन २०७४ के दफा ११ उपदफा ४ (क) मा स्थानीय तहमा गाँउ तथा नगरपालिकाको खेलकुद तथा पत्रपत्रिका सम्बन्धि अधिकार सुनिश्चित गरेकोछ । नगरपालिका अन्तरगत कार्यपालिका सचिवालयमा रहने विभिन्न विषयगत शाखा मध्य शिक्षा यूवा तथा खेलकुद शाखालेनै यूवा तथा खेलकुद सम्बन्धि प्रचलित ऐन नियम एंव स्थानिय तहबाट निर्माण भई कार्यान्वयनमा आएका कार्यविधीहरु अनुरुप यूवा तथ खेलुकदका निम्न कार्यहरु गर्ने व्यबस्था रहेको छ ।

- स्थानीय स्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण संचालन तथा विकास
- स्थानिय स्तरमा खेलकुद प्रशासन तथा संघसंस्थाको नियमन र समन्वय
- खेलकुदको विकास र प्रवर्द्धन
- खेलकुद प्रतियेगित आयोजना र सहभागिता
- खेलकुद सम्बन्धि पूर्वाधार विकास
- सघिय यूवा तथा खेलकुद मन्त्रालयको यूवा स्वरोजगार कार्यक्रम कार्यान्वयनका लागि आबश्यक व्यबस्थापन गर्न पहल गरिने ।

यस नगरपालिकाको विद्यालय तथा यूवाहरुले खेलकुद कार्यक्रमहरुलाई शिक्षा यूवा तथा खेलकुद शाखा मार्फत नगरपालिक स्तरीय शिक्षा समितिले संयोजन गर्दै आएको छ जहाँ विधालयस्तरका अन्तरविधालय खेलकुद संचालन राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको तयारी छनोट र जिल्लास्तरको कार्यक्रममा सहभागिता समुदायस्तरमा यूवा तथा खेलकुद संचरना एंव पूर्वाधार विकास र सहभागिता गराउदै आएकोछ । जसअनुसार नगरपालिकाले खेलकुद मैदान निर्माण र व्यबस्थापनका कार्यहरु गरीरहेको छ । जिल्ला र प्रदेशस्तरमा हुने खेलकुद प्रतियोगिताको लागि निर्धारित खेलहरुमा खेलाडी छनोट र सहभागिता जनाउदै आएको छ । प्रतियोगिताको लागि आवश्यक अन्तर्विधालय खेलकुद प्रतियोगिता कार्यक्रम तथा यूवा खेलकुदका लागि खेलकुद सामग्री र आबश्यक स्रोत व्यबस्थापन गर्दै आएकोछ । यूवा स्वरोजगारसंग सम्बन्धित संघिय कार्यक्रम कार्यान्वयन गर्न आबश्यक कार्ययोजना निर्माण भई कार्यसंचालन गरिनेछ । विधालय तहमा खेलकुद विकासका लागि विभिन्न खेल सामग्रीहरुको वितरण र सहयोग भएता पनि खेल प्रशिक्षकको व्यबस्थापन तथा खेलकुदका गतिविधीहरु प्रभावकारी रुपमा बढाउन अति आबश्यक देखिन्छ । विद्यालय तहमा नै विभिन्न खेलमा बालबालिकालाई अभ्यस्त बनाइ उनीहरुलाई खेलकुदमा सक्षम र प्रतिस्पर्धि बनाउन आबश्यक छ ।

नगरपालिकाको भौगोलिक विषमता र शैक्षिक सुझबुझको विस्तार गर्न समन्यायीक रुपमा सहभागिता बृद्धि र क्षमता विकास एंव खेलकुद प्रतियोगिता संचालनमा चुनौती रहेको छ ।विद्यालयमा नै खेलकुदको सुरुवाती वातावरण तयार गर्न पर्ने अवस्थामा नगरपालिकाले खाशै विद्यालय खेलकुदमा ध्यान पुर्याउन पर्ने आबश्यक देखिन्छ । विधालयस्तरमा हुने खेलकुद प्रतियोगिता तथा राष्ट्रपति रनिङ सिल्ड कार्यक्रममा समुचित सहभागितामा चुनौती रहेको छ ।

५.३.२ उद्देश्य

विद्यालय तहमा खेलकुदको प्रवर्द्धन गर्नका लागि निम्नानुसारका उद्देश्यहरु तय गरिएको छ ।

(क) स्थानीय स्तरका खेलकुद संरचनाके पूर्वाधार निर्माण संचालन तथा विकास गर्नु
(ख) स्थानिय स्तरमा खेलकुद प्रशासन तथा संघसंस्थाको नियमन र समन्वय गर्नु
(ग)खेलकुदको विकास र प्रवर्द्धन गर्नु तथा खेलकुद प्रतियोगित आयोजना र सहभागिता सुनिश्चित गर्नु
(घ)विधालयस्तरमा विविध प्रकारका खेलकुद प्रतियोगिता संचालन व्यबस्थापन एंव राष्ट्रपति रिनङ सिल्ड प्रतियोगिताका लागि तयारी गर्नु
(ङ)यूवा स्वरोजगार सम्बन्धि तालिम तथा रोजगार व्यबस्थापन गर्नु

५.३.३ रणनीतिहरु

विद्यालय खेलकुदका उद्देश्य पुरा गर्न निम्नानुसारका रणनीतिहरु अवलम्वन गरिएको छ ।

(क) नगरपालिका क्षेत्रमा खेलकुद समिति गठन र परचालन गर्ने ।
(ख) खेलकुद संरचनाका लागि पूर्वाधार निर्माण गर्ने
(ग)खेलकुलको संचालन र विकास गर्ने र खेलकुदका क्लवहरुसंगको समन्वय र सहकार्य गर्ने ।
(घ)स्थानीयस्तरमा खेलकुल सम्बन्धि संघ प्रदेश र गैससहरुको समन्वय र सहकार्य गर्ने ।
(ङ)संघ र प्रदेशबाट जारी खेलकुद सम्बन्धि कानुनको अधिनमा रही कार्यविधी निर्माण र कार्यान्वयन गर्ने ।
(च)विधालय तथा यूवा स्तरका खेलकुद प्रतियोगिता आयोजना र सहभागिता सुनिश्चित गर्ने ।
(छ) पालिकामार्फत आयोजना तथा सहभागिता हुने खेलकुद कार्यक्रममा आबश्यक सामग्री तथा स्रोतको व्यबस्थापन गर्ने ।
(ज)यूवा स्वरोजगार कार्यक्रम कार्यान्वयनमा साझेदारी विकास हुने ।

**५.३.४ मुख्य उपलब्धि र नतिजा**

**उपलब्धि**

विधालयस्तरका विधार्थी तथा समुदायस्तरका यूवाहरुलाई खेलकुद प्रति उत्प्रेरित गर्दै सक्रिय सहभागित र प्रतिस्पर्धाको विकास भएको हुने ।

नतिजा

(क) नगरपालिकास्तरमा विभिन्न खेलसम्बन्धि सहजकर्ता तथा सहभागि तयार हुने ।
(ख) खेलकुलका लागि पूर्वाधारके निर्माण र व्यबस्थापन भएको हुने ।
(ग)खेलकुद सम्बन्धि स्थानीय निति तथा कार्यविधीहरु तयारी र कार्यान्वयन भएको हुने ।
(घ)खेलकुद सम्बन्धमा जिल्ला तथा प्रदेश स्तरका निकायसंग समन्वय र सहकार्य भएको हुने ।
(ङ)खेलकुदको विकास र प्रवर्द्धन सम्बन्धमा विद्यार्थी र यूवाहरुलाई अभिमुखीकरण भएको हुने ।
(च)विभिन्न खेलहरुमा उत्कृष्ठ खेलाडी तथा प्रशिक्षकहरुलाई सम्मान भएको हुने ।
(छ) यूवा स्वरोजगार कार्यक्रम कार्यान्वयन भएको हुने ।
(ज)नगरपालिकामा रहेका विद्यालय र समुदायस्तरमा समेत खेल गतिविधीहरु बढेको हुने ।

## ५.३.५ मुख्य क्रियाकलापहरुः

| क.स | मुख्य क्रियाकलाप हरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय स्तरको खेलकुदको संरचना विकास पालिका तहमा | पटक | | १ | | २ | | ३ | पालिका , संघ र प्रदेश |
| २ | विभिन्न खेलकुद सम्बन्धि निकायहरु संग सहकार्य र समन्वय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका , |
| ३ | अन्तर विद्यालय खेलकुद प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र विधालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | समुदायस्तरमा यूवा खेलकुद प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र वडा |
| ५ | विधालय तथा यूवा स्तरका खेलकुदका लागि आबश्यक कार्यविधी र निर्देशिका तयारी | विद्यालय | | १ | | | | परिमार्जन | पालिका |
| ६ | खेलकुद सामग्री व्यबस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ७ | उत्कृष्ठ खेलाडी तथा प्रशिक्षकहरुलाई सम्मान | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ८ | बिद्यालमा खेलकुद प्रशिक्षकको व्यवस्थापन | जना | | २ | २ | २ | २ | ४ | पालिका |
| ९ | मेअर कप तथा रनिङ शिल्ड | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

## ५.४ समुदायको संलग्नता तथा परिचालन

### ५.४.१ वर्तमान अवस्था

सामाजिक संरचना, प्रविधिको प्रयोगले समाजलाई छिट्टै परिवर्तन गरेसँगै अभिभावकको परिभाषा र जिम्मेवारी पनि बृहत् हुँदै गएको छ । बालबालिका हुर्काउने सिप परम्परागत रूपमा परिवारले सिकाएता पनि पारिवारिक संरचना टुक्रदै जाँदा परम्परागत सिप पनि आउँदो पुस्ताले नजान्ने भएका छन् । आजको वैज्ञानिक युगमा अभिभावकहरूलाई बालबालिका हुर्काउने वैज्ञानिक सिप अत्यावश्यक भएको छ । विभिन्न अनुसन्धानले देखाए अनुरुप बालबालिकाको विकास गर्भ रहनु अगावै देखिको वातावरणमा निर्भर गर्छ । बालबालिकाको उमेर जति सानो भयो, त्यति नै विकास र सिकाइको दृष्टिले महत्वपूर्ण हुन्छ तर अभिभावकले उपयुक्त सिप नजानेर बालबालिकालाई नकारात्मक व्यवहारहरू गर्दा उनीहरूको जीवन नै सङ्कटमा पर्ने जस्तैः व्यवहारमा समस्या आउने, बौद्धिक क्षमता ह्रास हुने, कुपोषणले शारीरिक तथा बौद्धिक क्षमता न्यून हुने, लागुपदार्थ दुव्र्यसन, तथा अन्य अपराधमा संलग्न हुने जस्ता जटिल समस्याहरू देखापर्छन् । यसले बालबालिकाको जीवन त व्यर्थ हुने नै भयो, साथै परिवार, समाज र राष्ट्रकै लागि पनि उनीहरू बोझको रूपमा स्थापित हुन्छन् । उपयुक्त अभिभावकत्वले बालबालिकालाई सर्वगुण सम्पन्न मानव बन्न सहयोग गर्दछ भने गलत अभिभावकत्वले समस्यामूलक व्यक्तित्व निर्माण गर्न सहयोग गर्दछ । त्यसैले अभिभावक शिक्षाले बालबालिकाको उमेरअनुसार उचित स्याहारको ढाँचा (स्वास्थ, पोषण, सुरक्षा, सिकाइ तथा संवेदनशील स्याहार) भित्र रहेर सर्वाङ्गीण विकासको सुनौलो अवसर प्रदान गर्ने उपयुक्त सिप दिन्छ । त्यसैले बालबालिकाको शारीरिक वृद्धि, व्यवहार, मनोभावना, बौद्धिक विकासलगायत उमेर तथा क्षमताअनुसार सिकाइ गर्न उचित स्याहार गर्ने ज्ञान, सिप र दक्षता अभिवृद्धि गराउन अभिभावक शिक्षा महत्वपूर्ण छ ।

अभिभावक शिक्षा पाएका अभिभावकले आफ्ना बालबालिकालाई आत्मविश्वासका साथ लालनपालन गर्न सक्षम हुन्छन् । बालबालिकालाई स्नेहपूर्ण व्यवहार गर्ने, कुराकानी गर्ने, सरसफाइ गर्ने, पोषिलो खाना खुवाउने, भेदभाव/सजाय/दुव्र्यवहार नगरेको पाइएको छ । यस्ता अभिभावकले सबै बालबालिकालाई विशेष गरी छोरा छोरीमा, विना भेदभाव माया, उत्प्रेरणा, स्वास्थ्य उपचार, पोषिलो खाना, सकारात्मक अनुशासन र सहयोग तथा प्रारम्भिक सिकाइमा उल्लेखनीय अवसर दिएको पाइएको छ ।अर्कोतर्फ अभिभावक शिक्षा नपाएका अभिभावकहरूमा तुलनात्मक रूपमा चिन्ता, डर, अन्यौलको सामना गर्नुपरेको देखियो । यस्ता अभिभावकबाट हुर्केका बालबालिका सानै उमेरदेखि घोकेर पढ्ने लेख्ने, दण्ड सजाय, दुव्र्यवहार, असुरक्षाको कारणले दुर्घटनामा परेको, भेदभावमा समेत हुर्कनु परेको देखिएको छ । यस कारण सबै आमाबुबा, स्याहारकर्ता, किशोरकिशोरीले अनिवार्य रूपमा अभिभावक शिक्षा लिएको हुनुपर्ने सुझाव दिइएको छ ।

बालबालिकाको विद्यालय समय थोरै हुने र घरमा विताउने समय घरमा बिताउने गर्दछन । विद्यालयको पढाईपछि बालबालिकाहरु घरमै फर्कने र विद्यालयमा दिएको गृहकार्य गर्ने तथा थप अध्ययन गर्नुपर्दछ । विद्यालयको पढाईले मात्र बालबालिकालाई पुग्दैन यस्तो अवस्थामा घरमा बालबालिकालाई थप अध्ययन गर्नुपर्दछ। यसकारण बालबालिकाको पढाईको गुणात्मक विकास प्रबद्र्धन गर्नका लागि घरमा पढाई गर्न वातावरण तयार गरी दिनु पर्दछ । समुदाय स्तरमा पनि दौतरी पढाईलाई प्रोत्साहन गरी समुदाय बालबालिकालाई पढ्ने निश्चित ठाउँको व्यवस्था गरी आवश्यक सामग्रीको प्रबद्र्धन गरीदिनु पर्दछ अनि मात्र

बालबालिकाको पठन सीप संगै समग्र शैक्षिक उपलब्धि हाँसिल गर्न सक्दछन । धेरै समय घरमा हुने भएकाले अभिभावकहरु बालवालिकाको पढाइ प्रतिको चासो बढाउन तथा उनीहरुलाइ साथ सहयोग दिन आबश्यक रहेको छ । विद्यालय, बालबालिका र उनीहरुको सकरात्मक व्यबहारकि ज्ञान अभिभावकले दिन सकेमा मात्र शिक्षा पुरा हुन्छ ।

यस नगरपालिकामा पनि वर्तमान परिवेक्षमा विद्यालयमा समुदायको भ्रमण तथा संलग्नता कम हुदै गएको देखिन्छ । अभिभावकहरु आफ्ना बालबालिकाको शैक्षिक उपलब्धी तथा विद्यालयमा निरन्तरता कस्तो रहेको छ भनेर विद्यालय सम्म गई शिक्षकसंग आफ्ना बालवालिकाको प्रगतिका बारेमा छलफल गर्ने अभ्यास नै छैन भने अर्को तिर विद्यालय स्तरमा पनि शैक्षिक सुधार, बालबालिकाको प्रगतिको अवस्था तथा समग्र विद्यालयको सुधारका लागि अन्तरक्रिया, छलफलको अभ्यास गरेको पाईदैन । त्यसै गरी समुदाय स्तरमा बालवालिकालाई पढाईका लागि आवश्यक अवसर तथा वातावरण सिर्जना प्रभावकारी रुपमा गरिएको छैन । यस्तो अवस्थामा बालबालिकाको शैक्षिक सुधारका लागि समुदायको संलग्नता जरुरी देखिन्छ । ठुलीभेरी नगरपालिकामा विभिन्न समुदायहरु विशेष गरी दलित समुदायहरुको शिक्षामा सहभागिता कमजोर रहेको छ । धेरैजसो समय बालबालिकाले घरमा बिताउने गर्दछन । विद्यालयको पढाईपछि बालबालिकाहरु घरमै फर्कने र विद्यालयमा दिएको गृहकार्य गर्ने तथा थप अध्ययन गर्नुपर्दछ । विद्यालयको पढाईले मात्र बालबालिकालाई पुग्दैन यस्तो अवस्थामा घरमा बालबालिकालाई थप अध्ययन गर्नुपर्दछ। यसकारण बालबालिकाको पढाईको गुणात्मक विकास प्रबद्र्धन गर्नका लागि घरमा पढाई गर्न वातावरण तयार गरी दिनु पर्दछ । पालिकामा रहेका विधालयहरुको प्रभावकारी सुधार ल्याउन तथा बिद्यार्थीहरुको सिकाइ उपलब्धिमा उल्लेख्य सुधार ल्याइ बालबालिकाको व्यबहारिक ज्ञान सहितको गुणस्तरीय शिक्षामा प्रगती हाँसिल गर्न अभिभावक तथा समुदायको संलग्नता अभिबृद्धि गर्न आबश्यक रहेको छ र यसका लागि अभिभावकहरुलाई प्रभावकारी रुपमा परिचालन गर्नु आबश्यक रहेको छ । नगरपालिका भित्र पनि समुदायको संलग्नता बढाउने किसिमका क्रियाकलाप विद्यालय र नगरपालिका तहबाट पनि कमजोर रहेको छ र सहभागिता अभिबृद्धि गर्न विभिन्न किसिमका कार्यक्रमहरु बढाउन आबश्यक देखिन्छ ।

५.४.२ उदेश्यहरु

शिक्षामा परिवार तथा समुदायको संलग्नता बढाउनका लागि निम्नानुसारको उद्देश्य तय गरिएको छ ।

(क) बालबालिकाको पढाई सीप तथा शैक्षिक उपलब्धि वृद्धिका लागि समुदायको संलग्नता अभिवृद्दि गर्नु ।

(ख) समुदाय स्तरमा बालबालिकाको पढाई वातावरण सिर्जना गर्नका लागि अभिभावकको परिचालन गर्नु ।

(ग) समुदायमा पढाईको महत्व बुझाउन शैक्षिक मेला, महोत्सव, घुम्ती पढाई शिविर संचालन गर्नु ।

(घ) समुदायमा पढाईमैत्री वातावरण सिर्जना गर्नु ।

(ङ) अभिभावक, परिवार तथा समुदायको विधालय प्रतिको सहयोग र सहकार्य अभिबृद्धि गर्नु ।

५.४.३ रणनीतिहरु

माथि उल्लेखित उद्देश्य पुरा गर्न निम्नानुसारका रणनीतिहरु तय गरिएको छ ।

(क) समुदाय स्तरमा पठनसीप वृद्धि तथा शैक्षिक गतिबिधिका बारेमा जनचेतना अभिवृद्दि गरिने छ ।

(ख) समुदाय स्तरमा बालबालिकाको पढाई वातावरण सिर्जना गर्नका लागि घरमा पढाई कुना स्थापना अभियान संचालन गर्ने ।

(ग)बालबालिकाको शिक्षामा योगदान गर्ने अभिभावकलाई उत्कृट अभिभावक तथा दौतरी समुहका व्यक्तिलाई विद्यालय तथा नगरपालिकाद्वारा सम्मान गर्ने ।

(घ)विद्यालय र समुदाय वीच सहकार्यका लागि शिक्षक अभिभावकसंघको संयोजकत्वमा समिति निर्माण गरी बालबालिकाको शैक्षिक उपलब्धीका बारेमा अन्तरक्रिया संचालन गरिने ।

(ङ)शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा बिद्यार्थी वीच बालबालिकाको समग्र सिकाई उपलब्धीको बारेमा कार्यक्रम आयोजना गरिने।

(च)कम्तिमा त्रैमासिक रुपमा बि.व्य.स., शि.अ.सं.द्धारा बालबालिकाको शैक्षिक अवस्था बुझ्न घरदैलो अभियान संचालन गरिने छ ।

(छ) समुदायमा पठनसीप, लेखन सीप तथा शैक्षिक जागरणका लागि पढाई मेला, शैक्षिक महोत्सव, शैक्षिक प्रतिस्पर्धा जस्ता क्रियाकलाप संचालन गरिने छ ।

(ज)अभिभावकहरुलाई नियमित रुपमा विदालय आउने वातावरण सृजना गरिनेछ ।

५.४.४ मुख्य क्रियाकलापहरु र लक्ष्य तथा जिम्मेबारी

| क.स | मुख्य क्रियाकलाप हरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन (विद्यालय मार्फत पालिकाको उपस्थितिमा) | विद्यालय | | २४ | २४ | २४ | २४ | २४ | पालिका , विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यालय मार्फत समुदायमा घरदैलो अभियान (बर्षमा २ पटक) | विद्यालय | | २४ | २४ | २४ | २४ | २४ | पालिका , विद्यालय |
| ३ | अभिभावक भेला विद्यालयमा | विद्यालय | | २४ | २४ | २४ | २४ | २४ | पालिका , विद्यालय |
| ४ | पढाइ उत्सब र महोत्सब (पठन सीप र विभिन्न विधाका सीप प्रदर्शनी गर्ने र अभिभावक सहभागी हुने) | विद्यालय | | २४ | २४ | २४ | २४ | २४ | पालिका , विद्यालय |
| ५ | एफ एम रेडियो मार्फत अभिभावक सचेतना फैलाउने | पटक | | १ | १ | १ | १ | ५ | पालिका , विद्यालय |
| ६ | अभिभावक सम्मान | जना | | २४ | २४ | २४ | २४ | २४ | पालिका विद्यालय |

## परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

### ६.१ शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास

#### ६.१.१ वर्तमान अवस्था

स्थानीय तहलाई प्रदान गरेको शिक्षा सम्बन्धिका अधिकार बमोजिम स्थानीय तहले शैक्षिक क्षेत्रको सुशासन र व्यवस्थापनलाई व्यबस्थित र प्रभावकारी बनाउन आबश्यक छ । विद्यालय क्षेत्रमा सुशासन तथा व्यवस्थापन प्रभावकारी राख्ने उदेश्यले सबै विद्यालयलाई समुदायमा हस्तान्तरण गरिएको छ । उचित शुसासन र प्रभावकारी व्यवस्थापनले शिक्षा क्षेत्रमा सुधार ल्याउनका साथै बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना निर्माण, योजना तर्जुमा र कार्यन्वयनमा महत्वपुर्ण भूमिका खेल्दछ । शुसासन र प्रभावकारी व्यवस्थापन गर्न स्थानिय सरकार र स्वयम विद्यालयमा अधिकार विकेन्द्रीकृत गरेको छ । शैक्षिक शुसासन स्थापना गर्न स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहनका साथै स्रोत साधनको उचित व्यवस्थापन सस्थागत क्षमता विकासमा पनि योगदान रहन्छ । शुसासनले आर्थिक पारदर्सीता निति तथा योजना निर्माण प्रकृया विद्यालय सञ्चालन पद्दति निर्णायक निकाय आदिलाई समेट्दछ । शुसासन हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ ।नेपालमा आर्थिक सुशासन तथा व्यवस्थापन गर्न आर्थिक ऐन २०७७ आर्थिक कार्यबिधि तथा बितिय उत्तरदायित्व ऐन २०७६ र लेखा परीक्षण ऐन तथा कार्यबिधि समेत जारी भएको छ । बिधालयको हकमा अर्थिक सुशासन कायम गर्न शिक्षा ऐन २०२८ मा अनिवार्य सामाजिक लेखापरीक्षण गर्नुपर्ने ब्यवस्था छ ।विद्यालय सञ्चालन पद्दति र निर्णय प्रकृयामा विद्यालय ब्यवस्थापन समिति समेत रहने व्यवस्था छ । स्थानीय सरकारका अधिकार तथा दायित्व बमोजिम स्थानीय सरकार सञ्चाल ऐन २०७४, नेपालको सविधान , शिक्षा निति लगायतको आधारमा स्थानीय तहले पनि नीति निर्माण गर्ने, शैक्षिक कार्यविधीहरु तयार गर्ने तथा शिक्षासंग सम्बन्धित विभन्न कार्यक्रमहरु र बजेट तय गरी कार्यान्वयन गर्नु पर्दछ । संस्थागत क्षमता विकास, नियमित रुपमा लेखा परीक्षण, सामाजिक परीक्षण, अनुगमन तथा मुल्याङ्कन जस्ता कार्य गर्नुपर्दछ ।

यस ठुलीभेरी नगरपालिका अन्तरगत रहेको शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत हाल ३ जना कर्मचारीहरु रहेका छन । नगरपालिकामा नगर शिक्षा समिति तथा वडा तहमा वडा शिक्षा समितिहरु रहेका छन । नगरपालिकाले शिक्षा ऐन र नियमावली, २०७४, दरबन्दी मिलान कार्यविधी २०८०, शिक्षा नित २०८०, बाल संरक्षण नीति २०८०, विद्यालय बाहिर रहेका बालबालिकाहरुको लागि शैक्षिक कार्यक्रम निर्देशिका २०८१, विपद शिक्षा योजना २०८० लगायतका नीति तथा कार्यविधीहरु तयार गरी कार्यान्वयन गरेको छ । नगरपालिकाले हरेक बर्ष शिक्षा क्षेत्रको बजेट तथा कार्यक्रम र नीति निर्माण गर्ने तथा कार्यान्वयन गर्ने गरेको छ । विद्यालय तहले लेखा परीक्षण, सामाजिक परीक्षण तथा अन्य वय्वस्थापनका कार्यहरु पनि गरीरहेको र निनरन्तर तथा नियमित गर्न आबश्यक देखिन्छ । ११ वटा विद्यालयमा गुनासो सुनुवाई सयन्त्रको व्यबस्था गरिएको भएता पनि प्रभावकारी हुन सकेको छैन । हाल औषतमा बार्षिक रुपमा वि.ब्य.स.को बैठक ६ पटक, शि.अ.सको बैठक २ पटक, शिक्षक कर्मचारीको बैठक ५ पटक भएको देखिन्छ । यसै गरी शैक्षिक सत्र २०८०।८१ मा विद्यालयको विद्यालय सुधार योजना जम्मा १५ वटा,

सामाजिक परीक्षण कुनैपनि विद्यालयमा भएको छैन भने लेखा परीक्षण जम्मा २४ वटा विद्यालयको भएका छन र विगतका शैक्षिक सत्रहरुमा भन्दा निरन्तर सुधारउन्मुख भएको अवस्था छ । नगरपालिकाले शिक्षामा बजेट विनियोजनमा भने सुधार गर्नु पर्ने देखिन्छ ।

### ६.१.२ उदेश्य

विद्यालयमा सुशासन स्थापना र प्रभावकारी शैक्षिक ब्यवस्थापन सम्बन्धी निम्न उद्देश्यहरू रहेका छन् ।

(क) सुशासन तथा प्रभावकारी व्यवस्थापन गर्न शैक्षिक नीति, कार्यविधी, कार्यक्रम, संस्थागत क्षमता विकास तथा गुरुयोजना गर्नु ।

(ख) शैक्षिक क्षेत्रमा असल शासन कायम गर्न निरन्तर रुपमा सामाजिक परीक्षण, लेखा परीक्षण, गुनासो सुनुवाइ सयन्त्रको विकास जस्ता कार्य प्रभावकारी रुपमा गर्नु ।

(ग)विद्यालयको कार्यसम्पादन प्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहि र विद्यालयको निर्णय प्रकृयामा समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्नु ।

(घ)विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्दि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्नु ।

(ङ)विद्यालयमा सुशासन स्थापना गर्न सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत रुपमा समन्वय गर्दै प्रबिधिलाई समेत प्रयोगमा ल्याउनु ।

### ६.१.३ रणनीतिहरु

(क)संस्थागत क्षमता विकासको लागि नीति तथा निर्देशिका तयार गर्ने ।

(ख)विद्यालयको निर्णय प्रकृयामा समता तथा समावेशितालाई प्रोत्साहन गरिने ।

(ग)विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्दि गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने

(घ)स्रोत व्यबस्थापन र विद्यालय व्यबस्थापन समिति , शि.अ.स, प्रधानाध्यापकको क्षमता विकास र जिम्मेबारी बनाउने तथा अपनत्वको भावना विकास गराउने ।

(ङ)विद्यालय व्यवस्थापन समितिमा सेवा निवृत शिक्षक तथा शिक्षा क्षेत्रमा कार्य गरेको अनुभवि व्यक्तिलाई राख्न प्रयास गर्ने ।

(च) विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि संस्थागत क्षमता विका गर्नुका साथै भौतिक तथा सांगठनिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्दि गर्नमा जोड दिने।

### ६.१.४ प्रमुख उपलब्धि र नतिजा

उपलब्धि : शिक्षामा सस्थागत बिकास सुशासन प्रवर्द्धनले शैक्षिक निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई संस्थागत क्षमता अभिबृद्धि भई परिचालित भएको हुने ।

प्रमुख नतिजाहरु

*(क)* नगरपालिका तथा विद्यालय स्तरीय गुरुयोजना तथा कार्यबिधि निर्माण भएको हुने ।

(ख) संस्थागत क्षमता विकास भई संस्थागत माग बमोजिमको जनशक्ति व्यबस्थापन भएको हुनेछ ।

(ग)विद्यालय तथा वि.व्य.स, शि.अ.स, बाल क्लवहरुको क्षमता विकास भै सुशासन तथा जवाफदेहिताको विकास भएको हुनेछ ।

(घ)जिम्मेबारीबोध तथा उतरदायीतामा बृद्धि भएको हुनेछ ।

(ङ)स्रोत व्यबस्थापन र परिचालन तथा प्रभावकारी कार्य सम्पादन भएको हुनेछ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा ऐन नीति निर्माण | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | परिमार्जन |
| २ | सामाजिक परीक्षण | ० | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ३ | लेखा परीक्षण | २४ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | विद्यालय सुधार योजना | १५ | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ५ | वि.व्य.सको बैठक शि.अ.सको बैठक | अनियमित | नियमित गराउने | नियमित गराउने | नियमित गराउने | नियमित गराउने | नियमित गराउने | नियमित गराउने |

६.१.५ मुख्य क्रियाकलापहरुः

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विभिन्न कानुन, मापदण्ड कार्यविधी निर्माण | पटक | | १ | | १ | | परिमार्जन गर्ने | पालिका |
| २ | संस्थागत क्षमता विकास तालिम | पटक | | १ | १ | १ | १ | ५ | पालिका , |
| ३ | कार्यसम्पादन करार सम्झौता र स्वमुल्याङ्कन | विद्यालय | ४ | २४ | २४ | २४ | २४ | २४ | पालिका र विद्यालय |
| ४ | विद्यालय व्यबस्थापन समिति र शि.अ.सको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |
| ५ | लेखा परीक्षण तथा सामाजिक परीक्षण तथा विद्यालय सुधार योजना निर्माण क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ६ | गुनाशो सुनुवाइ सयन्त्र तथा लैङ्गिक तथा | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | समावेशी फोकल व्यक्ति र संरचनाको क्षमता विकास | | | | | | | | |
| ७ | शैक्षिक वहस | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| ८ | नगर प्रमुख शैक्षिक कार्यक्रम | पटक | | १ | १ | १ | १ | ५ | पालिका |

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

६.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भै तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने देखिन्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरु को व्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको १० बर्ष योजनाले तय गरेका लक्ष्यहरु पुरा गर्नका लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेको छ । त्यसको साथै यस नगरपालिकाले पनि समग्र पालिकाको विकास र परिवर्तनका लागि केहि सोच, लक्ष्य, उदेश्य सहित शिक्षा क्षेत्रको नीति तय गरेको छ । उल्लेखित सन्दर्भमा पालिकाको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उदेश्य पुरा गर्न नगरपालिकाले आफ्नो परिवेश अनुसारको शिक्षा योजना तयार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष रहेको छ । ।

यस नगरपालिकाले नगरपालिकाको शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि नगर शिक्षा समितिको नेतृत्वदायी भुमिकामा शिक्षा युवा तथा खेलकुद शाखाको अगुवाइमा नगरपालिकाका सम्पुर्ण शैक्षिक गतिबिधिहरु कार्यान्वयनमा रहेका छन । शिक्षा समितिले निति नियमहरु निर्माण गर्ने तथा शिक्षा शाखाले नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने गरीरहेको छ । नगरपालिकाको शिक्षा समितिले तयार गरेको नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिका तहबाट शिक्षा युवा तथा

खेलकूद शाखा तथा वडा तहमा वडा शिक्षा समिति र विद्यालय, वि.व्य. , शि.अ.स लगायतका संस्थाहरु मार्फत कार्यान्वयन भैरहेको छ ।विभिन्न साझेदार संघ संस्थाहरु पनि शैक्षिक गतिविधीमा संलग्न भएका छन । यसका अलवा प्रदेश तथा संघको निर्देशन तथा सल्लाह सुझाव र समन्वय भएर शैक्षिक गतिविधिहरु अगाडी बढेका छन ।

६.२.२ उद्देश्यहरू

योजनाको प्रभावकारी कमार्यान्वयनका लागि निम्नानुसारका उदेश्यहरु अबलम्बन गरिएको छ ।

